# रचनाविधानका आधारमा 'चल्दैछ जिन्दगी' गजलसङ्ग्रहको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही
नेपाली विभाग स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**


शोधार्थी
सीता भट्टराई
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही

२०६९

शोधनिर्देशक
डा.घनश्याम न्यौपाने
सहप्राध्यापक

# रचनाविधानका आधारमा 'चल्दैछ जिन्दगी' गजलसङ्ग्रहको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही
नेपाली विभाग, स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**सीता भट्टराई**
(परीक्षा रोल नं. ५२००१३, त्रि.वि. दर्ता नं. ९-१-५०-९७२-२००१)
शैक्षिक सत्र २०६४-२०६६
नेपाली विभाग भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही
२०६९

**त्रिभुवन विश्वविद्यालय**

# भैरहवा बहुमुखी क्याम्पस

**सिद्धार्थनगर, रूपन्देही**

## शोधनिर्देशकको सिफारिसपत्र

"रचनाविधानका आधारमा "**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देहीकी नेपाली स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा सीता भट्टराईले मेरा निर्देशनमा तयार पार्नुभएको हो । शोधपत्र तयार गर्नमा शोधार्थीको प्रशस्त लगन र परिश्रम परेको छ । उहाँले अत्यन्त मिहिनेतपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पससमक्ष सिफारिस गर्दछु ।

..............................................

मितिः २०६९/०३/१७

डा.घनश्याम न्यौपाने 'परिश्रमी'
सहप्राध्यापक
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस,
सिद्धार्थनगर, रूपन्देही ।

**त्रिभुवन विश्वविद्यालय**

# भैरहवा बहुमुखी क्याम्पस

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली विभाग**

**सिद्धार्थनगर, रूपन्देही**

मितिः २०६९/०४/०६

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पसकी छात्रा सीता भट्टराईले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको “रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको अध्ययन” शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| विभागीय प्रमुख<br>उपप्राध्यापक डा. कपिलदेव लामिछाने | ................................ |
| शोधनिर्देशक<br>सहप्राध्यापक डा.घनश्याम न्यौपाने | ................................ |
| बाह्यपरीक्षक<br>सहप्राध्यापक चूडामणि रेग्मी | ................................ |

# कृतज्ञताज्ञापन

"रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि भैरहवा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख आदरणीय गुरु सहप्राध्यापक डा. घनश्याम न्यौपानेज्यूको निर्देशनमा तयार गरेकी हुँ । यस शोधपत्रको मार्गनिर्देशनका लागि अनवरत रूपमा आफ्नो अमूल्य समय दिनुहुने आदरणीय शोध निर्देशकज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै शोधपत्र तयारीका क्रममा आवश्यक पर्ने सम्पूर्ण भावनात्मक सहयोग एवम् विषयगत जानकारी फोन मार्फत् उपलब्ध गराउनु हुने कृतिकार बूँद रानाज्यूप्रति हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दछु ।

मेरो रुचिको विषयमा शोधकार्य गर्न अनुमति प्रदान गरी आवश्यक सल्लाह, सुझाव दिनुहुने ऐ.नेपाली तत्कालीन विभागीय प्रमुख सहप्राध्यापक श्री मदनप्रसाद दवाडीज्यूका साथै वर्तमान विभागीय प्रमुख आदरणीय गुरु डा.कपिलदेव लामिछानेज्यूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । सहप्राध्यापक डा.दामोदर ढकाल, सहप्राध्यापक श्री बालकृष्ण भट्टराई, सहप्राध्यापक श्री डिल्लीराज भट्टराई, उपप्राध्यापक श्री वनमालीराज शर्मा, शिक्षण सहायक श्री कृष्णप्रसाद बस्याल र श्री कविता रिजालप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गर्न सहयोग पुऱ्याइदिनु हुने आदरणीय दिदी श्री सरस्वती भट्टराईप्रति हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु । साथै शोधपत्र तयारीका क्रममा आवश्यक पर्ने सामग्री एवम् सल्लाह सुझाव प्रदान गर्नुहनु मित्र श्री पुनराम भट्टराई एवम् श्री रुपक अधिकारीप्रति पनि हार्दिक धन्यवादज्ञापन गर्दछु । मलाई सधैँ हौसला र प्रेरणा प्रदान गरी मेरो पढाइलाई यस स्थानसम्म ल्याउन उचित वातावरण प्रदान गर्नुहुने आदरणीय बुवा श्री ईश्वरी प्रसाद भट्टराई र आमा श्रीमती चिन्ताकुमारी भट्टराईका साथ साथै दाजु श्री तुल्सी भट्टराई, श्री रघु भट्टराई, भाउजु श्री कमला भट्टराईलाई कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने रीम कम्युनिकेसन परिवारलाई पनि धन्यवाद नदिई रहन सक्दिन ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि.भैरहवा बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

सीता भट्टराई
स्नातकोत्तर नेपाली विभाग
त्रि.वि.भैरहवा बहुमुखी क्याम्पस

मितिः २०६९/०३/१०

## विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| शोधनिर्देशकको सिफारिसपत्र | |
| स्वीकृतिपत्र | |
| कृतज्ञता-ज्ञापन | क |
| विषयसूची | ख |
| सङ्क्षेपीकृत सूची | ज |

**अध्याय एक**

| **शोधपत्रको परिचय** | **१–५** |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | १ |
| १.५ शोधकार्यको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २ |
| १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता | ४ |
| १.८ शोधको सीमाङ्कन | ४ |
| १.९ सामग्री सङ्कलन विधि | ४ |
| १.१० शोधविधि र सैद्धान्तिक आधार | ४ |
| १.११ शोधपत्रको रूपरेखा | ५ |

**अध्याय दुई**

| **गजलको सैद्धान्तिक परिचय** | **६–३८** |
|---|---|
| २.१ विषयप्रवेश | ६ |
| २.२ गजलको परिचय | ६ |
| २.३ गजलको परिभाषा | ७ |
| २.४ गजलको स्वरूप | १० |
| २.५ गजलको रचनाविधान | ११ |
| २.५.१ सेर | १२ |

२.५.१.१ गजल मुसलसल १२
२.५.१.२ गजल गैरमुसलसल १३
२.५.२ काफिया १४
२.५.२.१ पूर्णशब्द काफिया १५
२.५.२.२ शब्दाशं काफिया १६
२.५.२.३ एकाक्षरी काफिया १७
२.५.२.४ मिलित काफिया १७
२.५.२.५ मिश्रित काफिया १८
२.५.३ रदिफ १९
२.५.३.१ मुरद्दफ गजल १९
२.५.३.२ गैरमुरद्दफ गजल २०
२.५.४ मतला २१
२.५.५ मकता २२
२.५.६ तखल्लुस २३
२.५.७ बहर २४
२.५.७.१ मुफरद बहर २४
२.५.७.२ मुरक्कब बहर २४
२.५.८ रूक्न २५
२.६ गजलका विशेषताहरू २५
२.६.१ स्पष्टता २६
२.६.२ प्रौढता २६
२.६.३ अर्थपूर्णता २७
२.६.४ गेयात्मकता २७
२.६.५ अन्योन्याश्रितता २८
२.६.६ आलङ्कारिता २८
२.६.७ कोमलता २९
२.६.८ नवीनता २९
२.६.९ सहजता एवम् सरलता २९
२.६.१० यर्थाथता ३०
२.६.११ व्याख्यात्मकता ३०
२.६.१२ उक्तिवैचित्र्य ३१

२.६.१३ भाषिक विशिष्टता ३१
२.७ गजलको अन्य विधासँग सम्बन्ध ३२
२.७.१ गजलको गीतसँगको सम्बन्ध ३२
२.७.२ गजलको मुक्तकसँगको सम्बन्ध ३३
२.७.३ गजलको कवितासँगको सम्बन्ध ३४
२.७.४ गजलको लघुकथासँगको सम्बन्ध ३४
२.८ गजलको वर्गीकरण ३५
२.८.१ विषयवस्तुको आधारमा गजलको वर्गीकरण ३५
२.८.१.१ मुसलसल गजल ३६
२.८.१.२ गैरमुसलसल गजल ३६
२.८.२ रदिफ प्रयोगको आधारमा गजलको वर्गीकरण ३६
२.८.२.१ मुरद्दफ गजल ३६
२.८.२.२ गैरमुरद्दफ गजल ३६
२.९ निष्कर्ष ३७

## अध्याय तीन

**चल्दैछ जिन्दगीका गजलमा काफियाको प्रयोग** **३८–६९**
३.१ विषय प्रवेश ३८
३.२ 'चल्दैछ जिन्दगी'का गजलमा काफियाको प्रयोग ३८
३.२.१ 'पानीमा आगो लगाऊ' गजलमा काफियाको प्रयोग ३८
३.२.२ 'सुन झैँ हजारचोटि' गजलमा काफियाको प्रयोग ३९
३.२.३ 'सेती हो जिन्दगी' गजलमा काफियाको प्रयोग ३९
३.२.४ 'बसी बुइँगलमा' गजलमा काफियाको प्रयोग ४०
३.२.५ 'अति गरे खति हुन्छ' गजलमा काफियाको प्रयोग ४०
३.२.६ 'म बैह्रो र लाटो' गजलमा काफियाको प्रयोग ४१
३.२.७ 'काँडामा टेकी' गजलमा काफियाको प्रयोग ४१
३.२.८ 'सहरमा छ चर्चा' गजलमा काफियाको प्रयोग ४२
३.२.९ 'अझै सर्प ज्यूँदै' गजलमा काफियाको प्रयोग ४२
३.२.१० 'उनी पनि सल्लाहमा' गजलमा काफियाको प्रयोग ४३
३.२.११ 'न छ बन्दुक, न तरबार' गजलमा काफियाको प्रयोग ४३
३.२.१२ 'पारा चढेको जो' गजलमा काफियाको प्रयोग ४४

३.२.१३ 'तीता-मीठा बातहरू' गजलमा काफियाको प्रयोग ४४
३.२.१४ 'फेर्नलाई सधैं लुगा' गजलमा काफियाको प्रयोग ४५
३.२.१५ 'फैसला मुल्तवी मुद्दाको गजलमा काफियाको प्रयोग ४५
३.२.१६ 'नसोध मान्छे कि म' गजलमा काफियाको प्रयोग ४६
३.२.१७ 'जैले पनि खुकुरीको' गजलमा काफियाको प्रयोग ४६
३.२.१८ 'मुक्तिको तिथिमिति' गजलमा काफियाको प्रयोग ४७
३.२.१९ 'के भनूँ म गजल यो' गजलमा काफियाको प्रयोग ४७
३.२.२० 'मानिसले आफूलाई' गजलमा काफियाको प्रयोग ४८
३.२.२१ 'माला उन्ने निहुँ' गजलमा काफियाको प्रयोग ४८
३.२.२२ 'कुन्नि कस्तो तुनामुना' गजलमा काफियाको प्रयोग ४९
३.२.२३ 'चिराचिरा परेको' गजलमा काफियाको प्रयोग ४९
३.२.२४ 'घमण्डमा थपीथपी' गजलमा काफियाको प्रयोग ५०
३.२.२५ 'नौलो हाँक हालिदिने ' गजलमा काफियाको प्रयोग ५०
३.२.२६ 'जिऊँ शानसँग' गजलमा काफियाको प्रयोग ५१
३.२.२७ 'यसै खुन यहाँ' गजलमा काफियाको प्रयोग ५१
३.२.२८ 'ढोका ढाकी बसेका' गजलमा काफियाको प्रयोग ५२
३.२.२९ 'कसरी जाला चटक्कै' गजलमा काफियाको प्रयोग ५२
३.२.३० 'रोकिन्न, राकिदैन' गजलमा काफियाको प्रयोग ५३
३.२.३१ 'सखत हुन्छ मान्छे' गजलमा काफियाको प्रयोग ५३
३.२.३२ 'घाम लाग्ने आशैआसमा' गजलमा काफियाको प्रयोग ५३
३.२.३३ 'उही रात थियो' गजलमा काफियाको प्रयोग ५४
३.२.३४ 'मै हुँ भन्नेको' गजलमा काफियाको प्रयोग ५४
३.२.३५ 'यस्तो लाग्छ गजलले' गजलमा काफियाको प्रयोग ५५
३.२.३६ 'बिखालु रातको चिहान' गजलमा काफियाको प्रयोग ५५
३.२.३७ 'तिमी मेरो विश्वासको' गजलमा काफियाको प्रयोग ५६
३.२.३८ 'सिएको मन फाटेको' गजलमा काफियाको प्रयोग ५६
३.२.३९ 'घामजस्तो घाम हुन्न' गजलमा काफियाको प्रयोग ५७
३.२.४० 'राम्रैराम्रो हुनुपर्ने' गजलमा काफियाको प्रयोग ५७
३.२.४१ 'दुनियाँ हेर्न फराकिलो' गजलमा काफियाको प्रयोग ५८
३.२.४२ 'न कुनै मेनका' गजलमा काफियाको प्रयोग ५८
३.२.४३ 'मरूभूमिमा परेँ' गजलमा काफियाको प्रयोग ५९
३.२.४४ 'सीताको नाम' गजलमा काफियाको प्रयोग ६०

३.२.४५ 'झीर काँडा भए' गजलमा काफियाको प्रयोग ६०
३.२.४६ 'जुठो चाट्न उनी' गजलमा काफियाको प्रयोग ६०
३.२.४७ 'छचल्कियो गजलमा' गजलमा काफियाको प्रयोग ६१
३.२.४८ 'प्यालाको धित नमर्दा' गजलमा काफियाको प्रयोग ६१
३.२.४९ 'बेली चमेली फूलझैँ' गजलमा काफियाको प्रयोग ६२
३.२.५० 'के छ र बाँकी' गजलमा काफियाको प्रयोग ६२
३.२.५१ 'पत्थरको ओठबाट' गजलमा काफियाको प्रयोग ६३
३.२.५२ 'ठुस्किन्छ कैलेकाहीँ ' गजलमा काफियाको प्रयोग ६३
३.२.५३ 'म सुखा बादल' गजलमा काफियाको प्रयोग ६४
३.२.५४ 'पूर्णिमाको जून' गजलमा काफियाको प्रयोग ६४
३.२.५५ 'अहिले बिसौनी' गजलमा काफियाको प्रयोग ६५
३.२.५६ 'निधारमा मेची-काली' गजलमा काफियाको प्रयोग . ६५
३.२.५७ 'बाचा थियो घरघरै' गजलमा काफियाको प्रयोग ६५
३.२.५८ 'ऊ पन्छिन्छ नाउँ' गजलमा काफियाको प्रयोग ६६
३.२.५९ 'तुफानी रातमा' गजलमा काफियाको प्रयोग
६६
३.३ निष्कर्ष ६७

## अध्याय चार

## चल्दैछ जिन्दगीका गजलमा रदिफको प्रयोग ७०–८३

४.१ विषय प्रवेश ७०
४.२ 'चल्दैछ जिन्दगी'का गजलमा रदिफको प्रयोग ७०
४.२.१ 'पानीमा आगो लगाऊ' गजलमा रदिफको प्रयोग ७२
४.२.२ 'सुन झैँ हजारचोटि' गजलमा रदिफको प्रयोग ७३
४.२.३ 'सेती हो जिन्दगी' गजलमा रदिफको प्रयोग ७३
४.२.४ 'बसी बुइँगलमा' गजलमा रदिफको प्रयोग ७३
४.२.५ 'अति गरे खति हुन्छ' गजलमा रदिफको प्रयोग ७३
४.२.६ 'म बैह्रो र लाटो' गजलमा रदिफको प्रयोग ७३
४.२.७ 'काँडामा टेकी' गजलमा रदिफको प्रयोग ७४
४.२.८ 'सहरमा छ चर्चा' गजलमा रदिफको प्रयोग ७४
४.२.९ 'अझै सर्प ज्यूँदै' गजलमा रदिफको प्रयोग ७४

४.२.१० ‘उनी पनि सल्लाहमा’ गजलमा रदिफको प्रयोग ७४
४.२.११ ‘न छ बन्दुक, न तरबार’ गजलमा रदिफको प्रयोग ७४
४.२.१२ ‘पारा चढेको जो’ गजलमा रदिफको प्रयोग ७४
४.२.१३ ‘तीता-मीठा बातहरू’ गजलमा रदिफको प्रयोग ७५
४.२.१४ ‘फेर्नलाई सधैँ लुगा’ गजलमा रदिफको प्रयोग ७५
४.२.१५ ‘फैसला मुल्तवी मुद्दाको’ गजलमा रदिफको प्रयोग ७५
४.२.१६ ‘नसोध मान्छे कि म गजलमा रदिफको प्रयोग ७५
४.२.१७ ‘जैले पनि खुकरीको’ गजलमा रदिफको प्रयोग ७५
४.२.१८ ‘मुक्तिको तिथिमिति’ गजलमा रदिफको प्रयोग ७६
४.२.१९ ‘के भनूँ म गजल यो’ गजलमा रदिफको प्रयोग ७६
४.२.२० ‘मानिसले आफूलाई’ गजलमा रदिफको प्रयोग ७६
४.२.२१ ‘माला उन्ने निहुँ’ गजलमा रदिफको प्रयोग ७६
४.२.२२ ‘कुन्नि कस्तो टुनामुना’ गजलमा रदिफको प्रयोग ७६
४.२.२३ ‘चिराचिरा परेको’ गजलमा रदिफको प्रयोग ७६
४.२.२४ ‘घमण्डमा थपीथपी’ गजलमा रदिफको प्रयोग ७७
४.२.२५ ‘नौलो हाँक हालिदिने’ गजलमा रदिफको प्रयोग ७७
४.२.२६ ‘जिऊँ शानसँग’ गजलमा रदिफको प्रयोग ७७
४.२.२७ ‘यसै खुन यहाँ’ गजलमा रदिफको प्रयोग ७७
४.२.२८ ‘ढोका ढाकी बसेका’ गजलमा रदिफको प्रयोग ७७
४.२.२९ ‘कसरी जाला चटक्कै’ गजलमा रदिफको प्रयोग ७८
४.२.३० ‘रोकिन्न, रोकिदैँन’ गजलमा रदिफको प्रयोग ७८
४.२.३१ ‘सखत हुन्छ मान्छे’ गजलमा रदिफको प्रयोग ७८
४.२.३२ ‘घाम लाग्ने आशैआसमा’ गजलमा रदिफको प्रयोग ७८
४.२.३३ ‘उही रात थियो’ गजलमा रदिफको प्रयोग ७८
४.२.३४ ‘मै हुँ भन्नेको’ गजलमा रदिफको प्रयोग ७८
४.२.३५ ‘यस्तो लाग्छ गजलले’ गजलमा रदिफको प्रयोग ७९
४.२.३६ ‘बिखालु रातको चिहान’ गजलमा रदिफको प्रयोग ७९
४.२.३७ ‘तिमी मेरो विश्वासको’ गजलमा रदिफको प्रयोग ७९
४.२.३८ ‘सिएको मन फाटेको’ गजलमा रदिफको प्रयोग ७९
४.२.३९ ‘घाम जस्तो घाम हुन्न’ गजलमा रदिफको प्रयोग ७९
४.२.४० ‘राम्रैराम्रो हुनुपर्ने’ गजलमा रदिफको प्रयोग ८०
४.२.४१ ‘दुनियाँ हेर्न फराकिलो’ गजलमा रदिफको प्रयोग ८०

४.२.४२ 'न कुनै मेनका' गजलमा रदिफको प्रयोग ८०
४.२.४३ 'मरूभूमिमा परेँ' गजलमा रदिफको प्रयोग ८०
४.२.४४ 'सीताको नाम' गजलमा रदिफको प्रयोग ८०
४.२.४५ 'झीर काँडा भए' गजलमा रदिफको प्रयोग ८०
४.२.४६ 'जुठो चाट्न उनी' गजलमा रदिफको प्रयोग ८१
४.२.४७ 'छचल्कियो गजलमा' गजलमा रदिफको प्रयोग ८१
४.२.४८ 'प्यालाले धित नमर्दा' गजलमा रदिफको प्रयोग ८१
४.२.४९ 'बेली चमेली फूल झैँ' गजलमा रदिफको प्रयोग ८१
४.२.५० 'के छ र बाँकी' गजलमा रदिफको प्रयोग ८१
४.२.५१ 'पत्थरको ओठबाट' गजलमा रदिफको प्रयोग ८१
४.२.५२ 'ठुस्किन्छ कैलैकाँही' गजलमा रदिफको प्रयोग ८२
४.२.५३ 'म सुखा बादल' गजलमा रदिफको प्रयोग ८२
४.२.५४ 'पूर्णिमाको जून' गजलमा रदिफको प्रयोग ८२
४.२.५५ 'अहिले बिसौनी' गजलमा रदिफको प्रयोग ८२
४.२.५६ 'निधारमा मेची-काली' गजलमा रदिफको प्रयोग ८२
४.२.५७ 'बाचा थियो घरघरै' गजलमा रदिफको प्रयोग ८२
४.२.५८ 'ऊ पन्छिन्छ नाउँ' गजलमा रदिफको प्रयोग ८२
४.२.५९ 'तुफानी रातमा' गजलमा रदिफको प्रयोग ८३
४.३ निष्कर्ष ८३

## अध्याय पाँच

**चल्दैछ जिन्दगीका गजलहरूको संरचना र कथ्यवस्तु ८४-१२६**

**५.१ विषय प्रवेश** ८४
५.२ चल्दैछ जिन्दगी गलहरूको संरचना र कथ्यवस्तु
५.२.१ 'पानीमा आगो लगाऊ' गजलको संरचना र कथ्यवस्तु ८४
५.२.२ 'सुनझैँ हजारचोटि' गजलको संरचना र कथ्यवस्तु ८५
५.२.३ 'सेती हो जिन्दगी' गजलको संरचना र कथ्यवस्तु ८६
५.२.४ 'बसी बुइँगलमा' गजलको संरचना र कथ्यवस्तु ८७
५.२.५ 'अति गरे खति हुन्छ' गजलको संरचना र कथ्यवस्तु ८८
५.२.६ 'म बैह्रो र लाटो' गजलको संरचना र कथ्यवस्तु ८९
५.२.७ 'काँडामा टेकी' गजलको संरचना र कथ्यवस्तु ८९
५.२.८ 'सहरमा छ चर्चा' गजलको संरचना र कथ्यवस्तु ९०

५.२.९ 'अझैं सर्प ज्यूँदै' गजलको संरचना र कथ्यवस्तु ९१
५.२.१० 'उनी पनि सल्लाहमा' गजलको संरचना र कथ्यवस्तु ९१
५.२.११ 'न छ बन्दुक, न तरबार' गजलको संरचना र कथ्यवस्तु ९२
५.२.१२ 'पारा चढेको जो' गजलको संरचना र कथ्यवस्तु ९३
५.२.१३ 'तीता-मीठा बातहरू' गजलको संरचना र कथ्यवस्तु ९३
५.२.१४ 'फेर्नलाई सधैं लुगा' गजलको संरचना र कथ्यवस्तु ९४
५.२.१५ 'फैसला मुल्तवी मुद्दाको' गजलको संरचना र कथ्यवस्तु ९५
५.२.१६ 'नसोध मान्छे कि म' गजलको संरचना र कथ्यवस्तु ९५
५.२.१७ 'जैले पनि खुकुरीको' गजलको संरचना र कथ्यवस्तु ९६
५.२.१८ 'मुक्तिको तिथिमिति' गजलको संरचना र कथ्यवस्तु ९७
५.२.१९ 'के भनूँ म गजल यो' गजलको संरचना र कथ्यवस्तु ९७
५.२.२० 'मानिसले आफूलाई' गजलको संरचना र कथ्यवस्तु ९८
५.२.२१ 'माला उन्ने निहुँ' गजलको संरचना र कथ्यवस्तु ९९
५.२.२२ 'कुन्नि कस्तो टुनामुना' गजलको संरचना र कथ्यवस्तु ९९
५.२.२३ 'चिराचिरा परेको' गजलको संरचना र कथ्यवस्तु १००
५.२.२४ 'घमण्डमा थपीथपी' गजलको संरचना र कथ्यवस्तु १०१
५.२.२५ 'नौलो हाँक हालिदिने' गजलको संरचना र कथ्यवस्तु १०२
५.२.२६ 'जिऊँ शानसँग' गजलको संरचना र कथ्यवस्तु १०२
५.२.२७ 'यसै खुन यहाँ' गजलको संरचना र कथ्यवस्तु १०३
५.२.२८ 'ढोका ढाकी बसेको' गजलको संरचना र कथ्यवस्तु १०४
५.२.२९ 'कसरी जाला चटक्कै' गजलको संरचना र कथ्यवस्तु १०४
५.२.३० 'रोकिन्न, राकिँदैन' गजलको संरचना र कथ्यवस्तु १०५
५.२.३१ 'सखत हुन्छ मान्छे' गजलको संरचना र कथ्यवस्तु १०६
५.२.३२ 'घाम लाग्ने आशैआसमा' गजलको संरचना र कथ्यवस्तु १०६
५.२.३३ 'उही रात थियो' गजलको संरचना र कथ्यवस्तु १०७
५.२.३४ 'मै हुँ' भन्नेको' गजलको संरचना र कथ्यवस्तु १०८
५.२.३५ 'यस्तो लाग्छ गजलले' गजलको संरचना र कथ्यवस्तु १०८
५.२.३६ 'बिखालु रातको चिहान' गजलको संरचना र कथ्यवस्तु १०९
५.२.३७ 'तिमी मेरो विश्वासको' गजलको संरचना र कथ्यवस्तु १०९
५.२.३८ 'सिएको मन फाटेको' गजलको संरचना र कथ्यवस्तु ११०
५.२.३९ 'घामजस्तो घाम हुन्न' गजलको संरचना र कथ्यवस्तु १११

५.२.४० 'राम्रै राम्रो हेनुपर्ने' गजलको संरचना र कथ्यवस्तु ११२
५.२.४१ 'दुनियाँ हेर्न फराकिलो' गजलको संरचना र कथ्यवस्तु ११३
५.२.४२ 'न कुनै मेनका' गजलको संरचना र कथ्यवस्तु ११३
५.२.४३ 'मरूभूमिमा परेँ' गजलको संरचना र कथ्यवस्तु ११४
५.२.४४ 'सीताको नाम' गजलको संरचना र कथ्यवस्तु ११५
५.२.४५ 'भीर, काँढा भए' गजलको संरचना र कथ्यवस्तु ११६
५.२.४६ 'जुठो चाट्न उनी' गजलको संरचना र कथ्यवस्तु ११७
५.२.४७ 'छचल्कियो गजलमा' गजलको संरचना र कथ्यवस्तु ११७
५.२.४८ 'प्यालाले घित नमर्दा' गजलको संरचना र कथ्यवस्तु ११८
५.२.४९ 'बेली चमेली फूलझैँ' गजलको संरचना र कथ्यवस्तु ११८
५.२.५० 'के छ र बाँकी' गजलको संरचना र कथ्यवस्तु ११९
५.२.५१ 'पत्थरको ओठबाट' गजलको संरचना र कथ्यवस्तु १२०
५.२.५२ 'ठुस्किन्छ कैलैकाहीँ' गजलको संरचना र कथ्यवस्तु १२०
५.२.५३ 'म सुखा बादल' गजलको संरचना र कथ्यवस्तु १२१
५.२.५४ 'पूर्णिमाको जून' गजलको संरचना र कथ्यवस्तु १२१
५.२.५५ 'अहिले बिसौनी' गजलको संरचना र कथ्यवस्तु १२२
५.२.५६ 'निधारमा मेची काली' गजलको संरचना र कथ्यवस्तु १२३
५.२.५७ 'बाचा थियो घरघरै' गजलको संरचना र कथ्यवस्तु १२३
५.२.५८ 'ऊ पन्छिन्छ नाउँ' गजलको संरचना र कथ्यवस्तु १२४
५.२.५९ 'तुफानी रातमा' गजलको संरचना र कथ्यवस्तु १२५
५.३ निष्कर्ष १२५

**अध्याय छ**

**चल्दैछ जिन्दगीका गजलमा बहरको प्रयोग १२७–१४१**
६.१ विषयप्रवेश १२७
६.२ चल्दैछ जिन्दगी गजलसङग्रहमा नेपाली बहरको प्रयोग १२७
६.२.१ चौथो र चौथो (४+४) अक्षरमा यति हुने ८ अक्षरका गजल १२७
६.२.२ चार चार र दुई (४×२+२) अक्षरमा यति हुने १० अक्षरको गजल १२७
६.२.३ पाँच पाँच (५+५) अक्षरमा यति हुने १० अक्षरका गजलहरू १२८
६.२.४ पाँच र छ (५+६) अक्षरमा यति हुने ११ अक्षरको गजल
१२८

६.२.५ तीन तीन अक्षरमा (३×४) यति हुने १२ अक्षरका गजल १२८
६.२.६ चार, चार अक्षरमा (४×३) यति हुने १२ अक्षरका गजलहरू १२८
६.२.७ चार, चार र पाँच (४×२+५) अक्षरमा यति हुने १३ अक्षरका गजलहरू १२९
६.२.८ चार, तीन र तीन (४+३×३) अक्षरमा यति हुने १३ अक्षरको गजल १२९
६.२.९ चार, चार र छ (४×२+६) अक्षरमा यति हुने १४ अक्षरका गजलहरू १२९
६.२.१० पाँच, चार र पाँच (५+४+५) अक्षरमा यति हुने १४ अक्षरको गजल १३०
६.२.११ चार, चार र दुई (४×३+२) अक्षरमा यति हुने १४ अक्षरका गजलहरू १३०
६.२.१२ पाँच चार र छ (५+४+६) अक्षरमा यति हुने १५ अक्षरका गजल १३१
६.२.१३ सात, चार र चार (७+४×२) अक्षरमा यति हुने १५ अक्षरका गजलहरू १३१
६.२.१४ छ, पाँच र चार (६+५+४) अक्षरमा यति हुने १५ अक्षरका गजल १३२
६.२.१५ पाँच, पाँच र छ (५×२+६) अक्षरमा यति हुने १६ अक्षरका गजलहरू १३२
६.२.१६ चार चार (४×४) अक्षरमा यति हुने १६ अक्षरका गजलहरू १३२
६.३ चल्दैछ जिन्दगी गजलसङ्ग्रहमा शास्त्रीय बहरको प्रयोग १३४
६.३.१ मुस्तफ्इलुन् फऊलुन् ×२(ऽऽ।ऽ+।ऽऽ×२) सूत्त प्रयोग भएका गजलहरू । १३४
६.३.२ फऊलुन् ×२ (।ऽऽ) सूत्र प्रयोग भएको गजल १३५
६.३.३ मफाइलातुन् ×२ (।ऽ।ऽऽ) सूत्रको प्रयोग भएका गजल १३५
६.३.४ मफाईलुन् ×४ (।ऽऽऽ) सूत्रको बहर प्रयोग भएका गजल १३६
६.३.५ फऊलुन् ×४ (।ऽऽ) सूत्रको प्रयोग भएका गजल १३६
६.३.६ मुस्तफ्इलुन् फऊलुन्+मुस्तफ्इलुन् मफा (ऽऽ।ऽ+।ऽऽ+ऽऽ।ऽ+।ऽ) सूत्रको प्रयोग भएका गजल १३८
६.४ निष्कर्ष १३९

## अध्याय सात

## शोध निष्कर्ष **१४२–१४७**

७.१ विषयप्रवेश १४२
७.२ सारसङ्क्षेप १४२
७.३ शोधनिष्कर्ष १४५

सन्दर्भसूची १४८-१५१

# सङ्क्षेपीकृत शब्दहरू

| | |
|---|---|
| अनु. | : अनुवादक |
| अप्र | : अप्रकाशित |
| एम.ए. | : मास्टर अफ आर्टस |
| चौ.सं. | : चौथो संस्करण |
| डा. | : डाक्टर |
| ते.सं. | : तेस्रो संस्करण |
| दो.सं. | : दोस्रो संस्करण |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| नि.मा.वि. | : निम्न माध्यमिक विद्यालय |
| प्र.सं. | : प्रथम संस्करण |
| प्र.सा.प्र. | : पल्लव साहित्य प्रतिष्ठान |
| प्रा. | : प्राध्यापक |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| पृ.सं. | : पृष्ठ संख्या |
| वि.सि.प्र. | : विवेक सिर्जनशील प्रकाशन |
| सम्पा. | : सम्पादक |
| सा.प्र. | : साझा प्रकाशन |

# अध्याय एक
# शोधपरिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको अध्ययन" रहेको छ ।

## २. शोधको प्रयोजना

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## ३. विषयपरिचय

समाजमा घटेका घटनालाई रोचक ढङ्गमा प्रस्तुत गर्न सक्ने माध्यमका रूपमा गजल अहिलेको परिप्रेक्षमा निकै चर्चित भएको छ । नेपाली गजलमा महत्त्वपूर्ण योगदन दिने गजलकारहरू मध्ये बूँद राना पनि एक सिद्वहस्त गजलकार हुन् । उनका दुईवटा गजलसङ्ग्रह प्रकाशित भईसकेका छन् । जस अन्तर्गत **रातो मलाई प्यारो** (२०५६) र **चल्दैछ जिन्दगी** (२०६४) पर्दछन् । यी गजलहरू मध्ये चल्दैछ जिन्दगी गजलसङ्ग्रह एक सफल कृतिका रूपमा रहेको छ । चल्दै छ जिन्दगी गजलसङ्ग्रहको गजलहरूका सतही अध्ययन भएको पाइए तापनि रचना विधानका आधारमा यस गजलसङ्ग्रहको अध्ययन भएको पाइदैन । चार दशक भन्दा बढी समयदेखि गजलमा समर्मित बूँद रानाको गजलसङ्ग्रहको रचना विधानका आधारमा अध्ययन विश्लेषण गर्नु आवश्यक छ ।

## ४. समस्याकथन

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको गजलहरूको रचनाविधानका आधारमा अध्ययन विश्लेषण नभएकाले यो नै यस शोधको प्रमुख समस्या हो । यस प्रमुख समस्याका केन्द्रमा निम्नअनुसारका प्रमुख प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) **चल्दैछ जिन्दगी**का गजलमा काफियाको प्रयोग के कस्तो छ ?

(ख) **चल्दैछ जिन्दगी**का गजलमा रदिफको प्रयोग के कस्तो छ ?

(ग) **चल्दैछ जिन्दगी**का गजलहरूको संरचना र कथ्यवस्तु के कस्तो छ ?

(घ) **चल्दैछ जिन्दगी**का गजलमा बहरहरूको प्रयोग के कस्तो छ ?

## ५. शोधकार्यको उद्देश्य

प्रस्तुत शोध समस्याकथनमा उल्लिखित प्रमुख प्राज्ञिक प्रश्नहरूको समाधान वा उत्तर प्राप्तिमा केन्द्रित रहनेछ । बूँद रानाको **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा प्रयुक्त रचनाविधानका बारेमा अध्ययन गर्न लागिएको प्रस्तावित शोधका निम्नानुसारका उद्देश्य रहेका छन् ।

(क) **चल्दैछ जिन्दगी**का गजलमा प्रयुक्त काफियाको प्रयोगको अध्ययन गर्ने ।

(ख) **चल्दैछ जिन्दगी**का गजलमा प्रयुक्त रदिफको प्रयोगको अध्ययन गर्ने ।

(ग) **चल्दैछ जिन्दगी**का गजलहरूको संरचना र कथ्यवस्तुको अध्ययन गर्ने ।

(घ) **चल्दैछ जिन्दगी**का गजलमा प्रयुक्त बहरहरूको अध्ययन गर्ने ।

## ६. पूर्वकार्यको समीक्षा

नेपाली गजलको विकासमा गजलकार बूँद रानाले महत्त्वपूर्ण योगदान गरेका छन् । तर उनका कुनै पनि गजलसङ्ग्रहको अझसम्म रचनाविधानका दृष्टिकोणबाट अध्ययन विश्लेषण भएको पाइँदैन । उनको गजलकारिता र **चल्दैछ जिन्दगी** गजलका बारेमा भएका अध्ययन विश्लेषणलाई यहाँ क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

विजय सुब्बाले 'बूँद रानाको गजलप्रवृत्ति' शीर्षकको समीक्षा (२०६२, **जनमत साहित्यिक मासिक**, वर्ष २२ अङ्क ११ पृ.१४-१५) मा गजलकार बूँद रानालाई एक प्रगतिशील गजलकारका रूपमा चिनाएका छन् तर **चल्दैछ जिन्दगी** (गजलसङ्ग्रह यस समीक्षा पश्चात् मात्र प्रकाशित भएकाले यसमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहका) गजलमा प्रयुक्त रचनाविधानको अध्ययन गरिएको छैन ।

मोहन दुवालले 'बूँद राना एक समसामयिक गजलकार' शीर्षकमा समीक्षा (**२०६२, जनमत साहित्यिक मासिक,** वर्ष २२ अङ्क ११ पृ.२८) मा गजलकार बूँद रानालाई नेपाली गजलविधामा नौलो विषयप्रस्तुत गर्ने सफल गजलकारका रूपमा चिनाउदै समसामयिक नेपाली गजलमा महत्त्वपूर्ण योगदान दिने सफल हस्तीका रूपमा चिनाएका छन् । तर यस समीक्षा **चल्दैछ जिन्दगी**का गजलमा प्रयुक्त रचनाविधानको अध्ययन गरिएको छैन ।

देवी नेपालले 'बूँद राना एक सामाजिक गजलकार' शीर्षक समीक्षा (**२०६४, साहित्य सन्ध्या र पुरस्कृत प्रतिभाहरू,** पृ.२७) मा गजलकार बूँद रानालाई गजलका प्रचलित विषयवस्तु भन्दा पृथक् रहेर सामाजिक असमानताका बारेमा व्यङ्ग्य गर्दै समाज

सुधारको शङ्खघोष गर्ने एक सामाजिक गजलकारका रूपमा चिनाएका छन् तर यसमा चल्दै छ जिन्दगी गजलमा प्रयुक्त रचनाविधानको अध्ययन गरिएको छैन ।

घनश्याम न्यौपाने 'परिश्रमी'ले 'बूँद रानाका गजलहरूको सङ्क्षिप्त अध्ययन' शीर्षक समालोचना (२०६२, यथार्थवादी नेपाली समालोचना पृष्ठ २८०-२९२)मा रानाका गजलहरूको सङ्क्षिप्त रूपमा अध्ययन विश्लेषण गरी गजलकार रानालाई एक प्रगतिवादी गजलकारका रूपमा चिनाउँदै समसाकयिक युगका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, सामाजिक यथार्थता, यथास्थितिको विरोध र परिवर्तको आकांक्षा राख्ने र अन्याय, अत्याचार, दुराचार र व्यभिचार जस्ता अमानवीय व्यवहारप्रति आक्रोशा अभिव्यक्त गर्ने क्रान्तिधर्मी गजलकारका रूपमा चिनाएका छन् ।

प्रभाती किरणले 'बूँद रानाका लयात्मक गजल' शीर्षकको समालोचना (**२०६४ नेपाली गजल : विगत र वर्तमान,** पृ.९६) मा गजकार बुँद रानालाई गजलको लय पक्षसँग निकट सम्बन्ध राखी गेयात्मक गजल लेख्ने र नेपाली लोक जीवनसँग परिचित गजलकारका रूपमा उभ्याएका छन् । यसमा **चल्दैछ जिन्दगी**का गजलमा प्रयुक्त रचनाविधानको अध्ययन भएको छैन ।

भागवत आचार्यको 'बूँद रानाको गजलकारिताका शिल्प पक्ष' समालोचना (**२०६४, नेपाली गजल विगत र वर्तमान,** पृ.३३७) मा गजलकार बूँद रानाको शिल्पपक्षको चर्चा गर्दै उनको गजल गेयताको खुबी समेत चर्चा गरेका छन् । यसमा **चल्दैछ जिन्दगी**का गजलमा प्रयुक्त रचनाविधानको अध्ययन भएको छैन ।

रूपक अधिकारीले 'बूँद रानाको **चल्दैछ जीन्दगी** गजलसङ्ग्रहको अध्ययन' शीर्षकको नेपाल संस्कृत विश्वाविद्यालय, वाल्मीकि विद्यापीठ, काठमाडौं, संस्कृत विभागमा प्रस्तुत शास्त्री शोधपत्र (२०६५) मा गजलकार बूँद रानाका व्यक्तित्व गजल सङ्ग्रहको संरचनागत स्वरूप र भावगत विश्लेषणका सम्बन्धमा सतही अध्ययन गरेका छन् तर यसमा **चल्दैछ जीन्दगी** गजलसङ्ग्रहमा प्रयुक्त रचना विधानको अध्ययनको अभाव रहेको छ ।

यसरी **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहका सम्बन्धमा सतही रूपमा पत्रपत्रिका, केही कृति र शोधपत्रमा केही अध्ययन गरिएको पाइन्छ । **चल्दैछ जिन्दगी** २०६४ सालमा प्रकाशित भएकाले यस अघि यसका सम्बन्धमा अध्ययन नहुनु स्वाभाविकै हो । **चल्दैछ**

**जिन्दगी** प्रकाशित भएको यति समय भइसक्दा पनि यसका सम्बन्धमा खासै अध्ययन विश्वेषण भएको पाइदैन । अहिलेसम्म भएका अध्ययनमा पनि विस्तृत रूपमा **चल्दैछ जिन्दगीका** गजलमा प्रयोग गरिएका रचना विधानको अध्ययन गरिएको छैन । उक्त पूर्वकार्यमा बूँद रानाका गजलमा पाइने विषयगत विविधता शिल्पगत विविधतका सम्बन्धमा सतही अध्ययन भएको छ । यसै गरी **चल्दैछ जिन्दगी**का गजलमा प्रयोग गरिएका काफिया, रदिफ र लयका सम्बन्धमा सङ्क्षिप्त रूपमा अध्ययन गरिएको छ । यति भईकन पनि रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी**का गजलको अध्ययन हुन सकेको छैन ।

## ७. शोधको औचित्य, महत्त्व र उपयोगिता

नेपाली गजलको विकासमा बूँद रानाले दिएको योगदान महत्त्वपूर्ण छ । उनको **चल्दैछ जिन्दगी**मा गजलका आवश्यक तत्त्वहरू काफिया सेर रदिफ र बहरको उचित तवरले परिपालन गरिएको छ । यस अघि **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा प्रयुक्त रचनाविधानको अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधमा **चल्दैछ जिन्दगी**का गजलमा प्रयोग गरिएको रचनाविधानको अध्ययन गरिने हुँदा यो शोधपत्र शोधको एक मार्गदर्शनका रूपमा स्थापित हुन सक्ने छ । यस शोधबाट गजलका शोधार्थीहरू लाभान्वित हुन सक्ने छन् । यस शोधबाट ज्ञानको वृद्धि हुनुका साथै गजलकार बूँद रानाप्रति उचित सम्मान पनि भएको छ ।

## ८. शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य गजलकार बूँद रानाको **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहका गजलको रचनाविधानका आधारमा अध्ययन र विश्लेषण गर्नमा मात्र सीमित रहेको छ ।

## ९. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न आवश्यक सामग्री, सूचना र तथ्यहरू पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको छ ।

## १०. शोधविधि र सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यमा विश्लेषणात्मक विधि अपनाइने छ । **चल्दैछ जिन्दगी**का गजलहरूको विश्लेषण गजलको रचनाविधानका आधारमा गरिएको छ ।

## ११. शोत्रपत्रको रूपरेखा

"रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित र सुसङ्गठित गर्नका निम्ति निम्न अनुसारका अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ -

अध्याय एक : शोध परिचय
अध्याय दुई : गजलको सैद्धान्तिक परिचय
अध्याय तीन : **चल्दैछ जिन्दगी**का गजलमा काफियाको प्रयोग
अध्याय चार : **चल्दैछ जिन्दगी**का गजलमा रदिफको प्रयोग
अध्याय पाँच : **चल्दैछ जिन्दगी**का गजलहरूको संरचना र कथ्यवस्तु
अध्याय छ : **चल्दैछ जिन्दगी**का गजलमा बहरको प्रयोग
अध्याय सात : शोध-निष्कर्ष
सन्दर्भसूची

# अध्याय दुई
# गजलको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

यस अध्यायमा गजलको परिचय, परिभाषा, स्वरूप, गजलको रचनाविधान, विशेषता, अन्य विधासँग गजलको सम्बन्ध र गजलको वर्गीकरण जस्ता गजलका सैद्धान्तिक पक्षहरू प्रस्तुत गरिएको छ ।

## २.२ गजलको परिचय

गजल वर्तमान समयमा अत्यन्त लोकप्रिय र ख्यातिप्राप्त काव्य विधाको रूपमा स्थापित हुन पुगेको पाइन्छ । जीवन र जगत्‌को मानवीय हर्ष वा विस्मात्‌लाई सरल पारामा गेयात्मकताका रोचक ढंगमा व्यक्त गरिने हुँदा गजलले सबैलाई आकर्षित गरेको पाइन्छ । अरबी भाषामा स्त्रीलिङ्गी शब्दका रूपमा प्रयुक्त हुने गजल शब्द अरबी भए तापनि फारसी र उर्दू भाषाबाट नै यसले आफ्नो साहित्यिक यात्रा तय गरेको देखिन्छ । ग + ज + अलको संयोजनबाट बनेको अरबी शब्द गजलमा 'ग' को अर्थ वाणी, 'ज' को अर्थ स्त्री र 'अल' को अर्थ को भन्ने हुँदा शाब्दिक अर्थ स्त्रीको वाणी भन्ने हुन्छ (ब्राजाकी, २०५०:४९) । प्रारम्भमा शृङ्गारिक तथा प्रेमविषय तस्विरबाट गजलको विकास भएकाले गजलको स्थायी भाव प्रेम मानिए तापनि समयानुकूल आफूलाई परिवर्तन गर्दै वर्तमानसम्म आइपुग्दा युगानुकूल समसामयिक समस्या एवम् मानवीय अर्न्तमनका पीडा तथा उमङ्गलाई विषयवस्तुका रूपमा प्रस्तुत गर्न गजल सफल बनेको पाईन्छ ।

गजलले आधुनिक नेपाली साहित्यिक जगत्‌मा अत्यन्त प्रभावकारी भूमिका निर्वाह गरेको हुँदा वर्तमान समयमा यसप्रति आकर्षण बढेको देखिन्छ । वास्तवमा अचेल हरेक तह र तप्काका पाठक तथा स्रोताहरूले गजल औधि मन पराउँछन् । आजभोलि प्रायः सबैजसो साहित्यिक पत्रपत्रिकाहरूमा गजलको समाविष्टि भएको पाइन्छ । एउटा जमाना थियो, जुन बेला गजल राजा महाराजाहरूका दरबार, निवासमा र नवाबहरूका कोठीमा सुनाइन्थ्यो, तर आजको गजल आम जनसमुदायको विषय बनेर सडकमा उत्रेको छ र समाजका हरेक तहमा पुगेको छ (न्यौपाने, २०६४:१) । गजलमा गेयता, सङ्गीतसँग अन्योन्याश्रितता, कोमलता, सुकुमारता, उक्तिवैचित्य, सूक्तिमयता, कोमलता, गहनता, सुक्ष्मता, भावसघनता, विम्बमयता, प्रतीकात्मकता, स्वतन्त्रता, भाषिक शिष्टता जस्ता विशेषता पाइन्छन् । यिनै विशेषताहरूको विद्यमानताले गर्दा नै गजल आकर्षक एवम् मनमोहक बन्न पुगेको छ । शृङ्गारिक प्रणयजन्य विषयवस्तुमा गजलको जन्म भएको

पाइन्छ तर वर्तमानमा गजलले समसामयिक युगका मानवीय पीडा र वेदना एवम् हर्ष र उमङ्गलाई व्यक्त गर्ने माध्यमका रूपमा आफ्नो स्थान सुरक्षित गरेको छ । गजलमा प्रयोग गरिने भाषा स्पष्ट हुनुपर्ने र त्यसलाई सरल, सहज एवम् सुबोध्य पार्नुपर्ने मान्यता छ । एउटै गजलमा पनि धेरै विष्यवस्तुको पृथक-पृथक् प्रयोग हुन सक्ने हुँदा विभिन्न विषयमा केन्द्रित रहेर गजल रचना गर्न सकिने देखिन्छ ।

मूलत : गजलमा सुकोमल र हृदयस्पर्शी भावहरूको अभिव्यक्ति कोमलकान्त पद र पदावलीहरूका माध्यमबाट रोचक ढङ्गले गरिन्छ । थोरै शब्दमा मनका कुरा व्यक्त गर्ने कला गजलमा भएकाले अधिकतर आन्तरिक भावनाको उद्घाटन हुन्छ । गजलमा सरल र शिष्ट भाषाको अपेक्षा गरिन्छ । श्रुतिकटु, अश्लील, दुरूह, क्लिष्ट, अभद्र तथा अशोभनीय, अपशब्द र अपमानहेतु अनारवाची शब्दहरू गजलका लागि स्वीकार्य हुँदैनन् (न्यौपाने, २०६४:२) । उर्दू र फारसी भाषाबाट साहित्यमा औपचारिक यात्रा तय गरेको गजल शब्दको व्युत्पत्ति फारसीको ‘गजला’ शब्दबाट भएको हो, जसको अर्थ मृगनयनी भन्ने हुन्छ । यस कारणले गर्दा गजलको क्षेत्र नारी विषयक भावहरूसँग सम्बन्धित छ । नारीप्रेम र शृङ्गार प्रधान विषयबाट साहित्यमा प्रवेश पाएको गजलले समयको मागसँगै नारी-प्रेम र शृङ्गारिकताको घेरालाई तोडेर जीवन र जगत्का सम्पूर्ण यथार्थ भोगाइहरूको अभिव्यक्ति दिन थाल्यो । आजको समयमा गजल दरबार र कोठीको दायरालाई तोडेर सडक र गल्ली हुँदै आम मानिसका सुख, दुःख एवम् हर्ष विस्मात्सँग समेटिएको छ ।

गजल अभिव्यक्तिको सुन्दर माध्यम हो । गजलमा हार्दिकता, कोमलता, रोचकता, विचित्रता, सूक्ष्मता, सङ्क्षिप्तता जस्ता कुरा निहित हुन्छन् । एउटै गजलमा पनि मनमा उठेका फरक-फरक भावहरू व्यक्त गर्न सकिन्छ । यस्ता गजललाई गैरमुसलसल ‘गजल’ भनिन्छ । एउटै विषयमा केन्द्रित छ भने त्यस्तो गजललाई मुसलसल गजल भनिन्छ । गजल बन्नका लागि सेर, मिसरा, काफिया, मतला, मकता, रदिफ र लयको अवश्यकता पर्दछ ।

## २.३ गजलको परिभाषा

साहित्यका पद्य विधाअन्तर्गत पर्ने गजल गेयात्मक विधा हो । साहित्यको कुनै पनि विधाको उत्पत्ति भाषिक बनोट र क्षेत्र त्यसको परम्परागत मान्यतामा आधारित हुन्छ । गजलको उद्भव र विकास पूर्वीय देन भएकाले गजलसम्बन्धी परिभाषा र मान्यता पनि पूर्वीय हुनु स्वाभाविक छ । यहाँ गजलसम्बन्धी पूर्वीय विद्वान्हरूका खास-खास परिभाषाहरू मात्र उल्लेख गरिएको छ ।

गजलको परिभाषा दिने क्रममा नगेन्द्रले गजललाई उर्दूको सर्वाधिक प्रसिद्धि र सरस भेद हाम्रो हो, जसमा स्थायीभाव प्रेम हुन्छ र रहस्यानुभूति, मस्ती, मदिरापानको मजा, धार्मिक विद्रोह, सञ्चारीभावका रूपमा हुन्छ भन्दै मतला मकता, रदिफ, काफिया आदिमा परिबद्ध काव्यविधाका रूपमा स्विकारेका छन् (न्यौपाने, २०६०:९) । हिन्दीका अर्का समालोचक नरेशका अनुसार गजल, काफिया, रदिफको बन्धनमा रहेर एक लयखण्डनमा रचिएको विभिन्न सेरहरूको माला हो, जसको पहिलो सेर मतला र अन्तिम सेर मकता हुन्छ (न्यौपाने, २०६०:९) ।

रोहिताश्य अस्थानाका अनुसार शिक्ष्पका दृष्टिले पाँच, सात वा तीनभन्दा बढी सेरहरूको समूहको नाम गजल हो (न्यौपाने, २०६४:९) ।

नेपाली समालोचक वासुदेव त्रिपाठीका अनुसार गजल भनेको वास्तवमा कविताको सानो लघु रूप, प्रेमालापको गीतिकविता हो (त्रिपाठी, २०५९:२०) ।

ज्ञानुवाकर पौडेलका अनुसार गजल अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो । यसमा सुक्ष्म र तिख्खर अभिव्यक्ति रहेको हुन्छ (पन्थी, २०५६:२) ।

कृष्णहरि बरालका अनुसार भाव, कल्पना, बिम्ब तथा प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा प्रयोग गरिने यस्तो काव्य रूपलाई गजल भनिन्छ जसमा एउटै छन्दका तीन वा तीनभन्दा बढी स्वतन्त्र सेरहरू हुन्छन् (न्यौपाने, २०६४:११) ।

गजलकार मनु ब्राजाकीका विचारमा गजल भनेको प्रणय, कामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सन्तुलित अभिव्यक्ति हो (ब्राजाकी, २०५०:४९) ।

समालोचक घटराज भट्टराईका अनुसार महाकाव्य-खण्डकाव्यमा जस्तो शृङ्खलाबद्ध विचारको प्रस्फुटन नदखिए पनि मुक्तक रूपमा छोटा मीठा विचारको कलात्मक अभिव्यक्ति नै गजल हो (भट्टराई २०४२:६४) ।

साहित्यकार जगदीश शमशेर राणाका अनुसार अलिकति भित्र आँखामा पऱ्यो भने पोल्न थाल्ने, डिलदेखि बाहिर परे लत्पतिएर रूप नै बिगार्ने, औचित्यको यस्तो सुक्ष्म सङ्कलन, गजलमा जस्तै गजलमा परिरहनुपर्ने कविताको गाजल नै गजल हो (पौडेल, २०४९:ख) ।

समालोचक तथा गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'का विचारमा गजल एउटा प्राविधिक र शास्त्रीय काव्यविधा हो । यसको सिर्जना काफिया मिलेका स्वायत्त सेरहरूको समायोजनबाट हुन्छ (न्यौपाने २०६४:१०) ।

गजल समीक्षक देवी पन्थीका विचारमा प्रारम्भमा गजल शब्दको परिभाषा वा अर्थ जे जस्तो भएपनि वर्तमानमा यो साँगुरो घेराबाट मुक्त भएर देश, समाज र समय कालको प्रतिबिम्ब बोक्ने एउटा लयालु, लोकप्रिय, मितव्ययी, सूक्ष्म, कलात्मक पद्यविधा बनेको छ (न्यौपाने, २०६४:१२) ।

गजल समीक्षक टीकाराम उदासीका विचारमा विलक्षण शैलीमा तीब्र भावको विन्यास वा विषयको केन्द्रीयतामा भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङक्तिपुञ्जहरूद्वारा निर्मित एक किसिमको गेयतात्मक, लयात्मक पद्य संरचना हो ( उदासी, २०५९:७) ।

गजलकार ललिजन रावलका अनुसार गजल भनेको कोमल र हार्दिक भावको सशक्त र सङ्क्षिप्त अभिव्यक्ति हो । यसमा काफिया र लय अनिवार्य तत्त्वका रूपमा रहन्छन् । आधुनिकताका नाममा यी दुई तत्त्वलाई बिर्सन मिल्दैन (रावल, २०६४:१४) ।

गजलकार रवि प्राञ्जलका अनुसार गजल निश्चित संरचनामा रचित, मूलतः लय र सङ्गीतको जगमा ठडिएको एउटा यस्तो काव्यविधा हो, जसका प्रत्येक सेरमा भावको पूर्णता, कोमलता, हार्दिकता, सङ्क्षिप्त, अभिव्यक्ति कुशलता जस्ता तत्त्वहरू निहित रहन्छन् (न्यौपाने, २०६४:११) ।

गजलकार क्षेष्ठ प्रिया पत्थरका अनुसार गजल मानवहृदयको कोमल, काव्यात्मक तथा सङ्गीतात्मक अभिव्यक्ति हो, जसका शाब्दिक अलङ्कार भन्दा बढी मनका भावुकता सङ्लो पानी झैँ प्रवाहित हुने गर्छन् (न्यौपाने, २०६४:११) ।

गजल समीक्षक केशव आमोदीका अर्थमा शालीन, सुन्दर र सुकुमार शैलीमा काफिया-रदिफको अनुशासनमा रहेर बहरबद्ध गरी संरचना गरिने स्वतन्त्र काव्यविधा नै गजल हो (न्यौपाने, २०६४:१२) ।

उपर्युक्त परिभाषाहरूको अध्ययनबाट गजलको अर्थ गर्नु पर्दा बुद्धिभन्दा बढी हृदय पोखिएको, भावको तीव्रता, गेयता, शब्दको मितव्ययिता, सुक्तिमयता, शैलीको चमत्कारपूर्णता, सामान्य शब्दको प्रतीकात्मक अर्थ बोध, कुनै न कुनै एउटा बहरमा आद्यन्त आबद्ध, शुद्ध एवम् सन्तुलित काफिया, रदिफ आदिले सुसज्जित, वजन भङ्ग नभएका र स्वतन्त्र अस्तित्व भएका प्रभावकारी सेरहरूको समष्टि रूप नै गजल हो, जसले जीवन-जगत्का यावत् दुःख, कष्ट, पीडा, वेदना तथा सुख, आनन्द, उमङ्ग र हर्षलाई समेत विषयवस्तु बनाउँछ ।

## २.४ गजलको स्वरूप

गजलको अति व्यापकता र प्रभावकारिताले गर्दा साहित्य र सङ्गीतसँत सम्बन्धित तथा यस विषयमा अभिरुचि राख्ने पाठकहरू यस विधासँग सामान्य परिचित भए पनि गजलको संरचना एवम् स्वरूपका बारेमा प्रायः धेरैजसो अनभिज्ञ नै रहेको पाइन्छ । गजलको संरचना स्वरूपका बारेमा प्रायः धेरैजसो अनभिज्ञ नै रहेको पाइन्छ । गजलको संरचना कक, खक, गक, धक, ङक, चक सूत्रमा आबद्ध हुन्छ । (कक) ले मतलाका दुवै मिसरामा काफिया र रदिफ हुनुपर्दछ अर्थात् अन्त्यानुप्रास मिल्नुपर्दछ भन्ने सङ्केत गर्दछ भने (खक), (गक), (धक), (ङक), (चक)ले अन्य सेरहरूमा काफिया रदिफको प्रयोग मिसरा ए सानीमा मात्र हुन्छ भन्ने सङ्केत गर्दछ । यहाँ रूपगत परिचयका लागि एउटा गजल प्रस्तुत गरिएको छ । यहाँ गजलका माध्यमबाट गजलका संरचक तत्त्वहरूको सङ्केत समेत गरिएको छ ।

१. मतला-

हीराजुहारभन्दा माटो मलाई प्यारो रदिफ
रङ्गीन दुनियाँमा रातो मलाई प्यारो ! रदिफ

सेर-

हुन त दुनियाँमा बन्धन हजारौं हुन्छन् - मिसरा उला
दुईटा दिल जोर्ने गाँठो मलाई प्यारो ! -मिसरा सानी

सेर-

म हुँ नेपाली मेरो आफ्नै छ भोकतिर्खा रदिफ
होचो त्यो झुपडीको बाटो मलाई प्यारो ! रदिफ

मकता-

इतिहास लेखिएको पढ्नु कति पो ठेली
नेपाल' लेखिएको पातो मलाई प्यारो ! रदिफ

(रातो मलाई प्यारो, २०५६:७५)

साहित्यका अन्य विधा झैँ गजल पनि एक स्वतन्त्र अस्तित्व भएको गेय विधा भएकाले यसमा काफियाले अनुप्रासको काम गर्दछ । मतलाबाट सुरु भएर गजल मकतामा गई अन्त्य हुन्छ । थोरै शब्दहरूको प्रयोगले बढी भन्दा बढी विषयवस्तुको प्रस्तुति दिन सक्ने क्षमता गजलमा हुन्छ । गजलको स्वरूप निर्माणका लागि काफिया, सेर, मतला र बहर अनिवार्य तत्त्वहरू हुन् भने रदिफ र तखल्लुस ऐच्छिक तत्त्व अन्तर्गत पर्दछन् ।

गजलको परिचय, अर्थ तथा परिभाषाको अध्ययनबाट यसको स्वरूपलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

(क) गजल एक स्वतन्त्र र सशक्त काव्य विधा हो ।

(ख) यो कुनै न कुनै बहरमा आबद्ध हुन्छ ।

(ग) यसमा शब्दको मितव्ययिता अपनाएको हुन्छ ।

(घ) यसको आरम्भ मतलाबाट र अन्त्य मकताबाट हुन्छ ।

(ङ) यो सेरहरूको मेलबाट बन्दछ । यसर्थ यसलाई सेरहरूको माला अर्थात् सेरहरूको समष्टि रूप भनिएको छ ।

(च) यसमा मतला, मक्ता, काफिया, रदिफ, सेर, मिसरा, बहर, बजन आदि संरचक तत्त्वका रूपमा रहेका हुन्छन् ।

(छ) कम्तीमा चार सेर हुनैपर्ने भए पनि पाँचदेखि सात सेरका गजल उत्कृष्ट मानिन्छन् ।

## २.५ गजलको रचनाविधान

गजलको रचना शास्त्रीय संरचनाका आधारमा गरिन्छ । सेरहरूको समष्टि रूपबाट नै गजल निर्माण हुन्छ र कम्तीमा चार सेर हुनुपर्ने भए तापनि पाँचदेखि सात सेरसम्मका गजल उत्कष्ट मानिन्छन् । एक सेरमा दुई पङ्क्ति हुन्छन् । साहित्यका कुनै पनि विधाको स्वतन्त्र पहिचानका लागि निश्चित केही तत्त्वहरू हुन्छन् । गजलका पनि आफ्नै बाह्य र आन्तरिक तत्त्वहरू छन् र यिनै तत्त्वहरूले गजलको स्वरूपलाई कविता र गीत भन्दा भिन्न तुल्याएका हुन्छन् (न्यौपाने, २०६४:२८) । गजल भाषाका माध्यमद्वारा सङ्गीतको सहयोगमा अभिव्यक्त हुने कला भएकाले सर्वसाधारणदेखि विशिष्ट व्यक्तिहरूका माझमा समेत लोकप्रिय हुन पुगेको छ । गजलको पूर्णताका लागि संरचनागत तत्त्वहरू नै रचनाविधानका लागि आवश्यक अङ्गहरू हुन् । यहाँ गजलका यस्ता तत्त्वहरूको चर्चा गरिएको छ ।

### २.५.१ सेर

सेर गजलको आधारस्तम्भ हो । गजल भनेकै सेरहरूको समष्टि रूप हो । अरबी भाषाबाट आएको सेर शब्दले अरबी भाषामा केश अर्थात् कपाललाई बुझाउँछ । स्वास्नी मानिसको सुन्दरताका लागि केश अनिवार्य भएजस्तै गजलमा भाव सौन्दर्यका लागि सेर अनिवार्य हुन्छ । सेर गजलको आधारभूत एकाइ भएकाले गजल निर्माणमा सेर आवश्यक र अनिवार्य तत्त्वका रूपमा रहन्छ । गजल माला हो भने सेरहरू त्यसमा उनिएका विविध रङ्गी फूल हुन् (न्यौपाने, २०६४:२९) । गजलमा सेरको भूमिका अनिवार्य हुन्छ बिना सेर गजल सम्भव देखिँदैन । तसर्थ सेरहरू जति जति विशिष्ट सरल, सुललित भयो त्यो गजल त्यति नै उत्कृष्ट हुन्छ ।

एउटा गजलमा कति सेरहरू हुनुपर्छ भन्ने विषयमा विद्वान्हरूमा एउटा मत नभएपनि सामान्यतया गजलमा पाँचदेखि सात, नौ, अथवा तेह्रओटा सेरहरूसम्म रहन सक्ने कुरा धेरै जनाले व्यक्त गरेका छन् । यद्यपि गजल गेय विधा भएकाले गायनमा भने तीन देखि पाँच सेरसम्मका गजल प्रभावकारी मानिएका छन् । गजलका हरेक सेरहरू एउटै बहरमा आबद्ध हुन्छन् तर विषयवस्तुका दृष्टिले तिनको अस्तित्व स्वतन्त्र रहेको हुन्छ । एउटै गजलमा पनि पृथक्-पृथक् विषयवस्तु, भाव र विचार रहेका हुन सक्दछन् । प्रत्येक सेरका कथ्य विषयमा विविधता हुनु गजलको मौलिक विशेषता एवम् मान्यता समेत रहेको छ । एउटै गजलभित्रका अलग अलग सेरमा प्रेम, विरह, वेदना, प्रकृतिचित्रण, व्यङ्ग्य, विद्रोह, दमन, शोषण, अन्याय र अत्याचार देखाउने अवसर रहन्छ  यसर्थ कविता तथा गीतहरूमा जस्तै एउटै कथ्य भए पनि गजलका प्रत्येक सेर स्वायत्त हुन्छन् । एउटा सेरमा एउटा अनुभव वा अनुभूतिको अभिव्यक्ति हुन्छ ।

सामान्यतः भाव अथवा विचारका आधारमा गजल मुसलसल गजल र गैरमुसलसल गजल गरी दुई प्रकारका हुन्छन् ।

#### २.५.१.१ गजल मुसलसल

जुन गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुति हुन्छ, त्यस गजललाई गजल मुसलसल भनिन्छ । गजल मुसलसललाई शृङ्खलित गजल पनि भनिन्छ । प्रत्येक सेरहरू आर्थी दृष्टिले स्वतन्त्र र अनुभूतिको अभिव्यक्तिका दृष्टिले पूर्ण भईकन पनि एउटा गजलका सबै सेरमा एउटै कथ्य वा विषय भएमा त्यस्तो गजल मुसलसल गजल कहलाउँछ । एउटा सेर आफैँमा पूर्ण हुनु जरुरी हुन्छ । आफैमा पूर्ण तर विषयवस्तु भने एउटै भएका सेरहरूद्वारा निर्मित गजललाई गजल मुसलसल भनिन्छ । जस्तैः- केही उदाहरण हेरौँ

(१) म बैह्रो र लाटो बनी चूप लागेँ
म ढुङ्गा र माटो बनी चूप लागेँ ।

कतै भोकले ज्यान लेला नि भन्दै
म पीठो र आँटो बनी चूप लागे
म थाकेर यात्रा नहुने हुनाले
सधै व्यस्त बाटो बनी चूप लागे ।

सबै यामले नै सिकाएर आज
म चीसो र तातो बनी चूप लागेँ ।
(**चल्दैछ जिन्दगी**, २०६४:१३)

उपर्युक्त गजलमा निराशावादी विषयवस्तु प्रयोग भएको छ । एउटै विषयवस्तु प्रयोग भएकाले यो गजल मुसलसल हो ।

### २.५.१.२ गजल गैरमुसलसल

गजल गैरमुसलसल गजल मुसलसलको ठीक विपरीत हुन्छ । एउटा गजलका प्रत्येक सेरहरू भावगत स्वतन्त्र हुन्छन् र तिनले फरक फरक विषयलाई सङ्केत गर्छन् भने त्यस्तो गजल गैरमुसलसल भनिन्छ । एउटै कथ्यको शृङ्खला नहुने भएकाले यस्तो गजललाई विशृङ्खलित गजल पनि भन्न सकिन्छ (न्यौपाने, २०६४:३२) । गजल गैरमुसलसल केही उदाहरण हेरौं :

(२) सेती हो जिन्दगी, काली हो जिन्दगी
बग्न नजान्ने गन्दा नाली हो जिन्दगी,

खल्ती जुवाडेको या खहरे भने हुने
छिन्मा भरिलो, छिन्मा खाली हो जिन्दगी ।
मीठो, नमीठो दाना, पक्वान पस्किने
टपरी कहाँ त सुनको थाली हो जिन्दगी ।

दुर्गन्ध या अरूले लिने सुगन्ध हो
आफैं बगैंचा, आफैं माली हो जिन्दगी ।
(**चल्दैछ जिन्दगी**, २०६४:९)

उपर्युक्त गजलमा सेर (१) मा प्रगति, सेर (२) र (३) मा नियति र सेर (४) मा वातावरणसम्बन्धी विषयवस्तु रहेको छ । विविध विषयवस्तु प्रयोग गरिएकाले यो गैरमुसलसल गजल हो ।

### २.५.२ काफिया

काफिया अरबी भाषाको शब्द हो । यसले बारम्बार आउने भन्ने अर्थ दिन्छ । गजलमा काफियाको सर्वाधिक महत्त्व रहन्छ । काफियाविना गजल बन्नै सक्तैन । गजलमा प्रयोग हुने अनुप्रासात्मक पद नै काफिया हो । काफियालाई गजलरूपी शरीरको मुटुको रूपमा  लिइन्छ । (न्यौपाने, २०६४:३३) । पहिलो दृश्यमा नै गजललाई गजल हो भनेर चिन्ने माध्यम काफिया हो यसर्थ गजलमा काफियाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

काफिया मिल्दैमा सबै रचना गजल बन्दैनन् । जबर्जस्ती खोजेर प्रयोग गरिएका काफियाले सेरहरको सौन्दर्य नै नष्ट गर्दछन् । काफियामा शब्द परिवर्तन गर्दै स्वर यथावत् राखिन्छ । काफियाको दर्शनबाट नै गजल वा फजल गजल हुन नसकेको पहिचान हुने हुँदा यसको प्रयोगमा ज्यादै ध्यान पुऱ्याउनु पर्दछ । काफियामा स्वरमात्राको समता हुनै पर्दछ । स्वरमात्रामा अलिकति पनि गडबडी वा असन्तुलन नभएको अनुप्रासयुक्त अर्थात् तुक मिलेको शब्द, शब्दांश वा अक्षर नै काफिया हो (न्यौपाने, २०६४:३३) । यो रदिफाभन्दा पूर्व प्रयोग हुन्छ । सेरहरूमा भरसक काफियाको पुनरावृत्ति नहुनु राम्रो मानिन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाउँछ । काफियाको प्रयोग मतलाका दुव मिसरामा र अन्य सेरहरूका मिसरा ए सानीमा मात्र हुन्छ । काफियामा चल ध्वनि र अचल ध्वनि हुन्छन् । चल ध्वनिले नै काफियालाई रदिफभन्दा पृथक् बनाउँछ । काफियामा जुन ध्वनि, वर्ण वा अक्षर अपरिवर्तित अवस्थाको हुन्छ त्यसलाई नै अचल ध्वनि भनिन्छ । अचल ध्वनि हरेक काफियाको अन्त र मध्यमा स्थिर अवस्थामा रहन्छ । मतलाको मिसरा ए उलामा प्रयोग हुने काफिया मतलाकै मिसरा ए सानी र अन्य सेरहरूका मिसरा ए सानीमा प्रयोग हुने काफियाका आरम्भ र मध्यम समस्वरध्वन्यात्मक व्यञ्जनध्वनि परिवर्तित अवस्थाको हुन्छ । यसरी परिवर्तित भएर प्रत्येक काफियालाई अनुप्रासयुक्तता र पृथकताको पहिचान दिने अर्थात् एउटै परिवेशमा आएर भिन्न अर्थ बुझाउने व्यतिरेकी ध्वनिहरू नै चल ध्वनि हुन् । काफियाका चल ध्वनि र अचल ध्वनिलाई प्रष्ट पार्नका लागि यहाँ केही उदाहरणहरू पेश गरिएको छ ।

उदाहरण १

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| दिन | दिन् | अ |

| | | |
|---|---|---|
| रिन | रिन् | अ |
| किन | किन् | अ |
| छिन | छिन् | अ |
| लिन | लिन् | अ |
| हिन | हिन् | अ |

उदाहरण २

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| रहर | रह् | अर |
| सफर | सफ् | अर |
| कदर | कद् | अर |
| नजर | नज् | अर |
| खबर | अब् | अर |
| बदर | बद् | अर |

माथिका उदाहरण (१) र (२) मा काफियाका चल ध्वनि र अचलध्वनि आएका छन् । काफियाको निर्माण चलध्वनि र अचलध्वनिको मेलबाट हुन्छ । काफिया बन्नका लागि परिवर्तित भएर प्रत्येक काफियालाई अनप्रासयुक्तता र पृथकताको चिनारी दिने र एउटै परिवेशमा आएर भिन्न अर्थ बुझाउने व्यतिरेकी ध्वनि दिन्, रिन्, किन्, छिन्, लिन्, हिन् चल ध्वनि हुन् भने काफिया बन्नका लागि आउने अपरिवर्तित अवस्थाका ध्वनि वर्ण वा अक्षर अन्तर्गत पर्ने उदाहरण (१) को अ र उदाहरण (२) को अर अचल ध्वनि अन्तर्गत पर्दछन् ।

संरचनाका आधारमा काफिया पूर्णशब्द काफिया, शब्दांश काफिया, एकाक्षरी काफिया, मिश्रित काफिया र मिलित काफिया गरी पाँच प्रकारका हुन्छन् ।

### २.५.२.१ पूर्णशब्द काफिया

स्वर र व्यञ्जनको एकरूपता हुने काफियालाई पूर्ण शब्द काफिया भनिन्छ । अरु काफियाभन्दा पूर्ण काफियाको भूमिका जलमा विशेष मानिन्छ । यस काफियाले आदिदेखि अन्त्यसम्म कतै पनि स्वर र मात्रामा विचलन आउन दिँदैन । गर्न, मर्न, सर्न, झर्न, भर्न । बल्दा, ढल्दा, गल्दा, जल्दा, छल्दा, फल्दा जस्ता स्वरमा समता भएका शब्दहरू नै पूर्णशब्द काफिया हुन् । पूर्णशब्द काफियाका केही उदाहरण हेरौँ :

उनी पनि सल्लाहमा आए राम्रो हुन्थ्यो
मालसिरी भाखासँगै गाए राम्रो हुन्थ्यो

सुनचाँदीले छाएर घर दामी हुन्न
घरको छानो इज्जतले छाए राम्रो हुन्थ्यो

बातै पिच्छे झुठो कसम खाने ढटुवाले
कैले कसो हण्डर, ठक्कर खाए राम्रो हुन्थ्यो ।

चूप लागी नियतिको चोट सहनेले
'खबर्दार' भनी मुख बाए राम्रो हुन्थ्यो ।

(**चल्दैछ जिन्दगी**, २०६४:१७)

उपर्युक्त गजलमा आएका आए, गाए, छाए, खाए, बाए जस्ता शब्दहरूमा एकरूपता आएकाले यसमा पूर्णशब्द काफियाको प्रयोग भएको छ ।

### २.५.२.२ शब्दांश काफिया

शब्दांश काफियालाई आंशिक शब्द काफिया पनि भनिन्छ । शब्दांश काफियामा स्वर र व्यञ्जनमध्ये एउटालाई मात्र ख्याल गरिन्छ । शब्दभित्रको एक अंश मात्र काफियाको रूपमा प्रयोग भएका छन् भने त्यस्ता काफियालाई शब्दाशं काफिया भनिन्छ । शब्दांश काफियामा शब्दहरूको अंशले मात्र अनुप्रासको काम गरेका हुन्छन् । पाएर, राखेर, पोखेर, लुकाई, फसाई, भुलाई, गाउँ, दाउ, भाउ, घाउ, रहर, शिखर, अमर जस्ता शब्दहरू शब्दांश काफियाका रूपमा प्रयोग हुन्छन् । शब्दांश काफिया प्रयोग भएको उदाहरण  हेरौं -

बिर्सिएको कहानी याद आयो
प्रीतिको जिन्दगानी याद आयो
फक्रिएको बसन्त देखेर
फेरि उसको जवानी याद आयो
छातीको घाउफेरि चस्केर
प्रेयसीको निसानी याद आयो
आज उसलाई फेरि भेटेर
झुल्किएको बिहानी याद आयो
जिन्दगीदेखि आज थाकेर
काख उसको सिरानी याद आयो

सनतकुमार (बहरमाला)

उपर्युक्त गजलका कहानी, जिन्दगानी, जवानी, निसानी, बिहानी र सिरानीका रेखाङ्कित अंश हानी, गानी, बानी, सानी, हानी, रानी शब्दाशं काफिया हुन् ।

### २.५.२.३ एकाक्षरी काफिया

शब्दको अन्तिम अक्षरलाई मात्र प्रयोग गरिएको वा एउटा मात्र अक्षरलाई काफियाका रूपमा प्रयोग गरिएको छ भने त्यस्ता काफियाहरूलाई एकाक्षरी काफिया भनिन्छ । एकाक्षरी काफिया एउटै शब्दको मात्र नभएर आंशिक शब्दको पनि हुन्छ (न्यौपाने, २०६४:३५) । खुसी, नदी, चरी, जेठो, कान्छो, लाटो, पिरो । छडी, मुरी, जिन्दगी, सस्तो ओखती जस्ता शब्दहरूमा खुसीको 'सी' नदीको 'दी' चरीको 'री' जेठोको 'ठो' कान्छोको 'छो' लाटोको 'टो' पिरोको 'रो' छडीको 'डी' मुरीको 'री' जिन्दगीको 'गी' सस्तोको 'तो' ओखतीको 'ती' जस्ता अक्षर एकाक्षरी काफियाका रूपमा प्रयोग हुन सक्छन् । एकाक्षरी काफियाका केही उदाहरण हेरौं-

अझै सर्प ज्यँदै छ हो बूँद राना
मऱ्यो ठानी ढुक्कै न हो बूँद राना

कता हो कताभ्कैं छ त्यो राजधानी
नजिकै पुगेको त हो बूँद राना ।

मुसादैंमा मख्खै परे मर्नु पर्ला
ऊ खुङ्खार ब्वाँसो जहो बूँद राना ।

मलाई त लाग्यो म संसार जित्छु
तिमी साथ आए अहो बूँद राना ।

(**चल्दैछ जिन्दगी**, २०६४:१६)

उपर्युक्त गजलमा आएका 'छ' 'न' 'त' जहो को 'ज' अहो को 'अ' एकाक्षरी काफिया अन्तर्गत पर्दछन् ।

### २.५.२.४ मिलित काफिया

मिलित काफिया एउटा गजलको सम्पूर्ण सेरहरूमा प्रयोग हुन सक्तैन । यस काफियाको प्रयोग अत्यन्त न्यून रूपमा भएको पाइन्छ । कुनै कुनै सेरमा मात्र काफियाहेतु उपयुक्त समस्वरात्मक दुईवटा फरक शब्द वा तिनका अंश मिलेर बन्ने

काफियालाई मिलित काफिया भनिन्छ । बन्छ, भन्छ, खन्छ जस्ता काफियाका हमकाफियाका रूपमा आउने श्रत्यनुप्रास भएका मन छ, पन छ, आँगन छ जस्ता पदहरू मिलित काफिया हुन् । मिलित काफियाको उदाहरण हेरौँ -

'मै हुँ' भन्नेको रमिता देखियो
मुटु छाम्दा हेर ढुङ्गा भेटियो ।
माथि पुग्ने चाहना राम्रै थियो
माथि पुग्नु शिरमाथि टेकियो ।
मात्र बाटो भिन्नथ्यो बस हो यही
नत्र हाम्रो दुश्मनी नै के थियो ?

(**चल्दैछ जिन्दगी**, २०६४:४१)

उपर्युक्त गजलमा 'के थियो' भन्ने मिलित काफिया हो ।

### २.५.२.५ मिश्रित काफिया

दुई वा दुई भन्दा बढी काफियाको मिश्रणलाई नै मिश्रित काफिया भनिन्छ । कुनै-कुनै गजलमा एकै प्रकारका काफियाको प्रयोग नभई पूर्णशब्द, शब्दाशं र मिश्रित काफियाको प्रयोग हुन सक्छ र यसरी प्रयोग भएका काफियालाई मिश्रित काफिया भनिन्छ । जस्तैः बनी, दन्दनी, पनि, अनि, हुन्छ नि, हनी, शनि, खनी । उपर्युक्त काफियाहरूमा बनी, पनि, अनि, हनी, शनि, खनी पूर्ण शब्द काफिया, दन्दनी शब्दाशं काफिया अन्तर्गत पर्दछन् भने हुन्छ नि मिलित काफिया अन्तर्गत पर्दछ । मिश्रित काफियाको एउटा उदाहरण हेरौँ -

पूर्णिमाको जून देख्छु आँखाभरि सपनामा
उम्लिएको खुन देख्छु आँखाभरि सपनामा
घर सम्झी फर्किनेको स्वागतमा, सम्झनामा
ओच्छ्याएको तुन देख्छु आँखाभरि सपनामा ।
खण्डहर नयाँ-नयाँ पहिराको धूनमाफ
सिर्जना सगुन देख्छु आँखाभरि सपनामा ।
स्वाद बिर्सी साध्य छैन आँसु अनि पसिनाको
गालाभरि नुन देख्छु आँखाभरि सपनामा ।
मान्छेमाझ हराएको मान्छे भेट्न पाए हुन्थ्यो
यही मजबुन देख्छु आँखाभरि सपनामा ।

(**चल्दैछ जिन्दगी**, २०६४:६२)

उपर्युक्त गजलमा जून, खुन, तुन, जस्ता काफिया पूर्णशब्द र सगुन, मजबुन जस्ता काफिया शब्दाशं काफिया अन्तर्गत पर्दछन् । यसरी यस गजलमा पूर्णशब्द र शब्दाशं काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

### २.५.३ रदिफ

काफियाको अनुगामी शब्दलाई रदिफ भनिन्छ । यो सदैव काफिया भन्दा पछाडि नै प्रयोग हुन्छ । रदिफ काफिया जस्तो गजलको अनिवार्य तत्त्व भने होइन तर पनि रदिफले गजलमा सौन्दर्यता र श्रुतिमाधुर्यता थपिदिनाले गजल सुन्दर बन्दछ । मतलाको दुवै मिसरा र अन्य सेरहरूमा मिसरा ए सानीमा मात्र रदिफको प्रयोग हुन्छ । रदिफको अर्थ अनुगामी हुन्छ (न्यौपाने, २०६४:४७) । रदिफ प्रयोग भएको गजललाई 'मुरद्दफ' भनिन्छ । यसमा अनिवार्य रूपले रदिफ प्रयोग गर्नै पर्ने हुन्छ । यदि गजलमा रदिफको प्रयोग भएको छैन भने त्यस गजललाई गैरमुरद्दफ गजल भनिन्छ । रदिफ कम्तीमा एक शब्ददेखि तीन शब्दसम्मको हुनु शास्त्रीय दृष्टिले उचित मानिन्छ, तर तीन भन्दा बढी शब्दहरू रदिफका रूपमा प्रयोग भएका गजल पनि प्रशस्तै पाइन्छन् ।

रदिफ गजलका लागि अनिवार्य तत्त्व नमानिए तापनि अधिकांश गजलकारहरू यसलाई समावेश गरी गजल लेख्छन् । वस्तुतः बुझ्नै पर्ने कुरा के हो भने काफिया विनाको गजल बन्नै सक्दैन, तर रदिफविना गजल बन्न कुनै व्यवधान उत्पन्न हुँदैन (न्यौपाने, २०६४:४८) । काफिया र रदिफ दुवैको समन्वितिले गजललाई आकर्षक, रोचक र सुमधुर तुल्याएको हुन्छ । रदिफको प्रयोगको आधारमा गजल मुरद्दफ गजल र गैरमुरद्दफ गजल गरी दुई प्रकारका हुन्छन् ।

#### २.५.३.१ मुरद्दफ गजल

जुन गजलमा रदिफको प्रयोग भएको हुन्छ त्यसलाई मुरद्दफ गजल भनिन्छ । यसमा मतलाका दुवै मिसरामा र अन्य सेरका मिसरा ए सानीमा काफियाका पछाडि रदिफको प्रयोग गरिएको हुन्छ । शब्द प्रयोगका आधारमा मुरद्दफ गजल पनि एकल रदिफ र बहुल रदिफ गरी दुई प्रकारका हुन्छन् ।

**(क) एकल रदिफ**

एकल रदिफलाई पदमूलक रदिफ पनि भन्ने गरेको पाइन्छ । प्रत्येक सेरमा एउटामात्र पद रदिफको रूपमा प्रयोग भएको छ भने त्यस्तो रदिफलाई एकल रदिफ भनिन्छ । एकल रदिफलाई स्वतन्त्र रदिफ पनि भन्न सकिन्छ । एकल रदिफको उदाहरण हेरौं -

छचल्कियो गजलमा फेरि जिन्दगी
म त दङ्ग परेको छु हेरी जिन्दगी ।
मनै सफा, झनै सुन्दर हुन्छ कि भनी
लेखेको छु सयौँचोटी केरी जिन्दगी ।
कोही भन्छन् चिराइतो हो, कोही करेला
मैले भने भन्छु 'स्वारी - जेरी' जिन्दगी ।
तपाइँको बेग्लै भिन्नै छ भने सुनौँ
यस्तै-यस्तै छद्म हो साथी मेरी जिन्दगी ।
आगो लाग्दा मार्न हुन्छ, तिर्खा मेट्न हुन्छ
बनाऔँ म साथी सेवी-मेरी जिन्दगी ।

(**चल्दैछ जिन्दगी**, २०६४:५५)

उपर्युक्त गजलमा मतलाका दुवै मिसरा र अन्य सेरहरूमा मिसरा ए सानीमा प्रयुक्त 'जन्दगी' शब्द रदिफ हो । यो काफियाको पछाडि एकल रूपमा आएको छ ।

**(ख) बहुल रदिफ**

दुई वा दुई भन्दा बढी पदहरूको समूहलाई बहुल रदिफ भनिन्छ । बहुल रदिफलाई संयुक्त रदिफ पनि भन्न सकिन्छ । बहुल रदिफमा बढीमा तीन शब्द मात्र उपयुक्त मानिनछ (न्यौपाने, २०६४:५०) । बहुल रदिफ प्रयोग भएको एउटा गजल हेरौँ

चिराचिरा परेको छ मान्छे
'बाँचे' भन्दै मरेको छ मान्छे ।

नाम झर्ला कि झैँ स्वास फेर्दा
सड्नु कस्तो सडेको छ मान्छे

(**चल्दैछ जिन्दगी** २०६४:३०)

उपर्युक्त गजलमा मतलाका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीमा प्रयुक्त 'छ मान्छे' शब्द बहुल रदिफ हो । यस गजलमा रदिफको रूपमा 'छ' र 'मान्छे' प्रत्येक सेरका मिसरा ए सानीमा र मतलाका दुवै मिसरामा निरन्तर आएका छन् ।

### २.५.३.२ गैरमुरद्दफ गजल

जुन गजलमा रदिफको प्रयोग भएको हुँदैन त्यस गजललाई गैरमुरद्दफ गजल भनिन्छ । यस्ता गजलका मतलाका दुवै मिसरामा र अन्य सेरका मिसरा ए सानीमा अन्त्यमा काफियाको निरन्तर प्रयोग भएको हुन्छ । यस गजलको एउटा उदाहरण हेरौँ -

जिऊँ शानसँग मरौँ शानसँग
नितान्त सुनौलो पहिचानसँग

मभित्र मबाट कमी खोजिँदैछ
नतान मलाई गुणगानसँग ।

लडी कालसँग बरू मर्नु जाती
तर ज्यून गाह्रो अपमानसँग ।

(**चल्दैछ जिन्दगी**, २०६४:३३)

प्रस्तुत गजलमा शानसँग, चानसँग, गानसँग मानसँग, काफियाका रूपमा प्रयोग भएका छन् र काफियाको पछाडि कुनै शब्दको प्रयोग भएको छैन । त्यसैले यसमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ अन्तर्गत पर्दछ ।

### २.५.४ मतला

गजलको प्रारम्भको सेरलाई मतला भनिन्छ । मतलाको दुवै मिसरामा काफियाको प्रयोग हुनु अनिवार्य हुन्छ (रावल २०६५:७) । मतला गजलको महत्त्वपूर्ण अङ्ग हो । मतला अरबी पुलिङ्गी शब्द हो । यसको अर्थ प्रारम्भ भन्ने बुझिन्छ (न्यौपाने, २०६४:५५) । एउटै गजलमा दुई सेरका मतला हुन सक्छन् । यदि गजलको दोस्रो सेर हमकाफियाको छ भने त्यसलाई मतला ए सानी भनिन्छ । दुईवटा मतला भएक ागजल अत्यन्त न्यून सङ्ख्यामा भेटिन्छन् ।

वस्तुत : मतलाको व्यवस्थापनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्त्वपूर्ण भूीमका खेलेको हुनछ । मसुलसल गजलमा कथ्य र रूपको नेतृत्त्व मतलाले गर्दछ र गैरमुसलसल गजलका रूपमा मतलाले नेतृत्त्व गर्दछ । त्यसकारण मतला सम्पूर्ण गजलको प्रारम्भ र निर्देशक पनि बन्न जान्छ (भट्टराई, २०६६:२२) । मतला प्रारम्भकै तत्त्व हुनाले समग्र गजलको भावभूमिको सङ्केत गर्दछ । प्रत्येक सेरसँग मतलाको सम्बन्ध रहनु सुन्दर गजलको वेशिष्ट्र्य पनि हो । मतलाले गजललाई श्रुतिमधुर बनाउँछ र प्रत्येक सेरको भावगत एवम् प्रसङ्गगत सम्बन्ध मतलासँग हुने भएकाले पाठक एवम् श्रोतलाई केन्द्रीत कथ्यसँग सम्बन्धित बनाएर रसास्वादनमा मद्दत पुऱ्याउँछ । मतलाका केही उदाहरण हेरौं

'मै हुँ, भन्नेको रमिता देखियो
मुटु छाम्दा हेर ढुङ्गा भेटियो ।'

(**चल्दैछ जिन्दगी**, २०६४:४१)

सेती हो जिन्दगी काली हो जिन्दगी
बग्न नजाने गन्दा नाली हो जिन्दगी
(**चल्दैछ जिन्दगी**, २०६४:९)

म बैह्रो र लाटो बनी चूप लागें
म ढुङ्गा र माटो बनी चूप लागेँ
(**चल्दैछ जिन्दगी**, २०६४:१३)

माथिका गजलमा आएका दुई-दुई हरफ मिसरा हुन् । मिसरा ए उला र मिसरा ए-सानी मिलेर एउटा सेर बनेको हुन्छ । गजलको पहिलो सेर नै मतला हो ।

### २.५.५ मकता

गजलको अन्तिम सेरलाई मकता भनिन्छ । अरबी भाषाको 'मुक्तुअ' शब्दबाट मकता शब्द बनेको हो जसको अर्थ 'समाप्ति' वा 'काटिएको' भन्ने हुन्छ । यसलाई नेपालीमा अनितम सेर भन्ने चलन छ । गजलको सम्पूर्ण सेरहरूमा वर्णित भावलाई निष्कर्षका रूपमा यसमा राखिन्छ र गजल अन्त्य भएको सङ्केत गरिन्छ । मकताले गजलमा रचना सकिएको सङ्केत गर्छ (अस्थाता, इ १९८७:६६) । मकतासँगै गजल आरम्भ हुन्छ भने मकतासँगै गजल समाप्त हुन्छ । मतला र मकताले पाठक तथा श्रोतासामु बढी प्रभाव छाडी गजललाई अझ सशक्त र जीवन्त बनाउँछन् । वास्तवमा मकता भनेको गजललाई टुङ्ग्याउने अन्तिम सेर हो (न्यौपाने, २०६४:५७) ।

गजलको अन्तिम सेर मकता अत्यन्त महत्त्वपूर्ण हुन्छ । मकता गजलकारको व्यक्तिगत विवरणमा आधारित हुन्छ । मकतामा गजलकारले आफ्नो व्यक्तिगत कुरो गर्छ र यसमा गजलका अन्य सेरहरूको भन्दा भिन्न स्वर प्रस्तुत हुन्छ (बराल, २०६४:२५) । अन्तिम गजलको सम्पूर्णको निष्कर्षको रूपमा कमता रहने हुनाले यसले श्रोता वा पाठकलाई गजलको उत्कर्षमा पुऱ्याएर आनन्द दिन्छ । मकता प्रयोग गरिएको गजलको उदाहरण हेरौं -

के छ र बाँकी भन्न कस्तो छ जिन्दगी ?
अनुहार हेरे ऐनाजस्तो छ जिन्दगी ।
अनुरागमा खरानी घस्दो छ जिन्दगी ।
देखिन्छ सप्रिएको काहीँ त ख्याउटे
जस्तो स्याहार पुग्छ त्यस्तो छ जिन्दगी ।
जसले मुसाऱ्यो यस्सो उसकै भइगयो

यसको यो अर्थ होइन 'सस्तो छ जिन्दगी' ।
नियति बनेर मृत्यु तर्साउलास् कति ?
हेर त, तेरो रगतमा पस्दो छ जिन्दगी ।

(**चल्दैछ जिन्दगी,** २०६४:५८)

यस गजलमा आएका अन्तिम दुई हरफ मकता हुन् । मिसरा ए-उला र मिसरा ए-सानीको संयोजनबामट एक सेर बन्दछ । त्यसैगरी यस गजलको अन्तिम सेर नै मकता हो । यसले गजलको अन्त गरेको छ ।

### २.५.६ तखल्लुस

खास गरी गजलकारको छोटो वा उपनामलाई नै तखल्लुस भनिन्छ । तखल्लुसले गजलको अर्थमा चमत्कार भर्ने र गजलकारको परिचय दिने गर्दछ । गजलमा तखल्लुसको प्रयोग प्रभावकारी र ओजपूर्ण हुनुपर्दछ । तखल्लुस गजलको अनिवार्य तत्त्व भने होइन । कविता वा गजलमा तखल्लुस प्रयोग गर्नुको कारण कविले आफ्नो परिचय दिनु पनि हो भने आफ्नो कौशलताको प्रयोग देखाउनु पनि हो । गजल सिद्धान्तका केही व्याख्याताहरूले तखल्लुस प्रयोग नभएको सेरलाई मकता भन्न मिल्दैन पनि भनेका छन् वस्तुतः यो भनाइ युक्तिसङ्गत छैन (न्यौपाने, २०६४:५७) । तखल्लुसको प्रयोग भएका मकताका केही उदाहरण हेरौं -

(१) जसले निचोरी फाल्ने कसरत गरे यहाँ
उनकै निधारमाथि टल्केर बूँद आयो ।
बूँद राना

(२) किन रह्यो नाम विकल बुझिदिनू साथी
छैन उसको कुनै अर्को घरको ठेगाना
गोविन्द विकल

(३) सडकमा फ्याँकिएको कागजको टुक्रा भेटे
उठाएर हेर्दा घनश्यामको तस्विर रहेछ
घनश्याम 'परिश्रमी'

(४) बालुवामा बूँद सरि खेर जाने हो कि
यति कुरा सम्झी-सम्झी रुन सकिएन
बूँद राना

माथिका गजल (१) मा आएको बूँद (२) मा आएको 'विकल' (३) मा आएको 'घनश्याम' र (४) मा आएको बूँद गजलकारका नाम वा उपनाम हुन् । त्यसैले यी गजलका तखल्लुस हुन् ।

### २.५.७ बहर

बहर गजलको अनिवार्य तत्त्व हो । अरबी स्त्रीलिङ्गी 'बह' शब्दबाट बहर शब्द बनेको हो जसको अर्थ छन्द भन्ने हुन्छ (खाँ, इ.१९९२:४२९) । शास्त्रीय काव्यपरम्परामा 'छन्द' भनेजस्तै गजल परम्परामा लयव्यवस्थाभित्रको अनशासित रूपलाई बहर भनिन्छ ( नेपाल, २०६२:५७) । नेपाली गजल प्रारम्भमा शास्त्रीय बहरमा नै बढी लेखिएको पाइन्छ । त्यसपछिका समयमा बहरले आफ्नो सत्ता जमाउन सकेन र फलस्वरूप गजल अव्यवस्थित ढङ्गबाट लेखिएको पाइन्छ । विशेषतः पुनर्जागरण कालतिरका गजलहरू लयका आधारमा अत्यन्त कमजोर देखिन्छन् । त्यसपछि मनु ब्राजाकी, बूँद राना, घनश्याम न्यौपाने 'परिश्रमी', ललिजन रावल आदि हुँदै अहिलेसम्म आइपुग्दा गजल फेरि लयात्मक रूपमा परिष्कृत एवम् सुव्यवस्थित भएर देखा परेको छ । वर्तमानमा बहर शब्दले सम्पूर्ण लयव्यवस्थालाई जनाए पनि प्रारम्भमा वार्णिक लय 'छन्द' लाई मात्र 'बहर' भनिएको पाइन्छ । यस्ता बहरहरूको अरबीमा १५ ओटाको मात्रै व्यवस्था भए पनि फारसीमा भन्दा पनि बढी र हिन्दीमा आइपुग्दा त बहरले सयको सङ्ख्यामा पनि नाघेको देखिन्छ (न्यौपाने २०६४:६१) । रुक्नको योगबाट बन्ने यस्ता प्रमुख बहरहरू मुफरद बहर, मुरक्कब बहर र मुजाहिफ बहर गरी तीन प्रकारका छन् ।

#### २.५.७.१ मुफरद बहर

एउटै रुक्कननको आवृत्तिबाट बन्ने बहर नै मुफरद बहर हो । मुफरद बहर सालिम रुक्नको पुनरावृत्तिबाट निर्माण हुन्छ । मुफरद बहर अन्तर्गत सातवटा बहरहरू पर्दछन् ।

(१) मुतकारिब (२) मुतदारिक (३) हजज (४) रजज (५) रमल (६) कामिल (७) वाफिर यी बहरहरू पनि चारपटक रुक्न आवृत्ति भए मुसम्मन सालिम, तीनपटक रुक्न आवृत्ति भए मुसद्दस सालिम र दुईपटक मात्र रुक्नको आवृत्ति भए मुरब्बा बहरहरूको सङ्ख्या २१ हुन आउँछ ।

#### २.५.७.२ मुरक्कब बहर

दुई वा दुईभन्दा बढी रुक्नहरूको संयोजनबाट बन्ने बहरलाई मुरक्कब बहर भनिन्छ । यस बहरको प्रयोग मुफरद बहरहरूभन्दा कम गरिन्छ । भिन्नाभिन्नै रुक्नहरूको

संयोजनबाट निर्माण हुने भएकाले मुरक्कब बहरको सङ्ख्या पनि निश्चित छैन । रुक्नहरूको मिश्रणबाट बन्ने हुनाले यसलाई मिश्रित बहर पनि भन्ने गरिन्छ (न्यौपाने, २०६४:७९) । बहुप्रयोजनका आधारमा मुन्सरिह, मुक्तजब, मुजारअ, खफिफ, वसित, मुजतस, सरिअ, मुसाकिल, जदिद, करिब, मदिद र तबिल गरी बाह्र प्रकारका छन् ।

### २.५.८ रुक्न

रुक्न गणको पर्यायवाची शब्द हो जसको अर्थ खम्बा भन्ने हुन्छ । रुक्नको निश्चित योगविधानबाट बहर बन्छ जसरी निश्चित गणको योगविधानबाट संस्कृत छन्द बन्छ । निर्माण रुक्नको आवृत्तिबाट हुन्छ । दुई देखि चार रुक्नको आवृत्ति गरेर बहर निर्माण गरिन्छ । संस्कृत वृत्तशास्त्रमा छन्दनिर्माणका लागि पनि आठ प्रकारका गणको व्यवस्था भएझैं इस्लाम वृत्तशास्त्रमा बहर निर्माणका लागि पनि आठ किसिमका रुक्नको प्रयोग गरिएको हुन्छ । इस्लामिक वृत्तशास्त्रमा रुक्न दुई प्रकारका छन् । सालिन रुक्नको बहुवचन रूपलाई रुक्कन र रुक्नको समूहलाई अरकान भन्ने गरिन्छ (जगन्नाथ, इ.१९८४:३४) । सालिन रुक्नका आठ प्रकार र जिहाफ रुक्नका साचालीस प्रकार छन् । ( जगन्नाथ, इ १९८४:४५) । रुक्नको बहुवचन बोधक शब्द अर्कान हो । आठ प्रकारका सालिन रुक्नहरू यस प्रकार रहेका छन् -

रुक्न लघु/गुरु मात्रा सङ्केत उदाहरण

(१) फऊलुन् (ल.गु.गु) १२२ म हारेँ

(२) फाइलुन् (गु.ल.गु) २१२ कामना

(३) मफाईलुन् (ल.गु.गु.गु.) १२२२ रमाएको

(४) फाइलातुन् (गु.गु.ल.गु.) २१२२ भावनाको

(५) मुस्तफइलुन् (गु.गु.लु.गु) २२१२ माया जले

(६) मुतफाइलुन् (ल.ल.गु.ल.गु.) ११२१२ म त भीरमा

(७) मुफाइलतुन् (ल.गु.ल.ल.गु.) १२११२ कलाइदियौ

(८) मुफ्उलातु (गु.गु.गु.ल) २२२१ आशामात्र

यसरी रुक्न मिलेर बहरको निर्माण हुन्छ । रुक्नहरूको मेललाई अर्कान भनिन्छ र अर्कानहरूको संयोजनबाट बहरहरूको निर्माण हुन्छ । यसर्थ रुक्नन्हरू बहरको अनिवार्य अङ्ग अन्तर्गत पर्दछन् ।

### २.६ गजलका विशेषताहरू

गजल नेपाली साहित्यिक जगत्मा अत्यन्त लोकप्रिय र सुन्दर काव्यविधा हो । गजल विभिन्न सौन्दर्ययुक्त तत्वहरूले अलङ्कृत हुन्छ । गजल हरेक उमेर र तहका स्रोता

वा पाठकको मन पराउँछन् । गजलका प्रत्येक सेरले पाठकलाई आनन्दको अनुभीत गराउँछन् । मूलतः गजलमा सुकोमल र हृदयस्पर्शी भावहरूको अभिव्यक्ति कोमलकानत पद र पदावलीहरूका माध्यमबाट रोचक ढङ्गले गरिन्छ (न्यौपाने, २०६:२) । गजलमा पाइने कोमलता, सौन्दर्यता, गेयात्मकता जस्ता विशेषताहरूको विद्यमानताले गर्दा नै गजल आकर्षक एवम् मनमोहक बन्न पुगेको छ । गजलका विशेषताहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

### २.६.१ स्पष्टता

गजलको सेरमा जुन भाव वा विचार अभिव्यक्त गरिएको हुन्छ त्यो स्पष्ट हुन आवश्यक हुन्छ । गजलमा अर्थ वा भावलाई असर गर्ने र व्यक्त गर्न गाह्रो लाग्ने शब्दहरू प्रयोग गर्नु हुँदैन । गजलमा प्रयुक्त शब्दहरू सभ्य, सरल र समाजका लागि स्वीकार्य हुनुपर्दछे । गजलको अध्ययन गरीसकेपछि श्रोता या पाठकका मनमा विषयवस्तुको कमी र अर्थको अस्पष्टताको आभाष हुनुहुँदैन (न्यौपाने, २०६४:१०३) । यसर्थ गजलको अध्ययन पशचात स्रोता वा पाठकको सहजता रस प्रदान र आनन्दको अनुभूति गरुन् भन्ने उद्देश्य राखेर गजल रचना गर्नुपर्दछ । स्पष्टता विशेषता भएका दुईवटा उदाहरण हेरौं :

(१) सेती हो जिन्दगी, काली हो जिन्दगी
बग्न नजाने गन्दा नाली हो जिन्दगी ।

(२) पैरिन्छ माला कैले मोसो दलाउँछ
ताली कतै कसैको गाली हो जिन्दगी ।

माथिको उदाहरण (१) र (२) मा आएका सेरले व्यक्त गरेको अर्थमा स्पष्टता पाइन्छ ।

### २.६.२ प्रौढता

गजलमा प्रयुक्त भाव वा विचार प्रौढतायुक्त हुनुपर्दछ । गजलमा प्रयुक्त भाव अपरिपक्क देखिनु हुँदैन सेरहरू विषय र अभिव्यक्ति दुवै दृष्टिले परिपाक देखिनु पर्दछ । गजलकारले आफ्नो गजलमा प्रौढतालाई आत्मसात् गर्नु आवश्यक मानिन्छ (न्यौपाने, २०६४:१०३) । भाव वा विचारमा प्रौढता व्यक्त हुन नसकेको गजल महत्त्वहीन हुन पुग्दछ । प्रौढता गुणले युत्तः गजलका केही उदाहरण हेरौं :

अझै सर्प ज्यूँदै छ हो बूँद राना
मर्‍यो ठानी ढुक्कै न हो बूँद राना ।

मलाई त लाग्यो म संसार जित्छु
तिमी साथ आए अहो बूँद राना ।

(**चल्दैछ जिन्दगी**, पृ.१६)

माथिका गजलका सेरहरू विषय र अभिव्यक्ति दुवै दृष्टिले परिपक्क देखिन्छन् ।

### २.६.३ अर्थपूर्णता

गजलमा प्रतिपादित विषयवस्तु अर्थपूर्णढङ्गले वर्णित हुनु आवश्यक हुन्छ । यति गजलको सेरमा कुनै विषय शब्दमा अक्षरको अभाव अनुभव भएमा या विषयवस्तुको प्रतिपादनमा अपूर्णजस्तो लागेमा श्रोता वा पाठकहरूले गजलको अर्थ ठीकसँग ग्रहण गर्न सक्दैनन् । तसर्थ गजलका प्रत्येक सेरहरू स्वतन्त्र र अर्थपूर्ण हुनुपर्दछ ।

अर्थपूर्णताको अभावमा गजलको सेर अपाङ्ग ठहरिन्छ र सिङ्गो गजलमाथि नै यसको नकारात्मक असर पर्दछ (न्यौपाने, २०६४:१०४) । अर्थपूर्णता गुणले युक्त गजलका केही उदाहरण हेरौं -

सिएको मन फाटेको देखें
मायाको चङ्गा काटेको देखें ।

जनतालाई रुख चढाई
आराले जरा काटेको देखें ।

(**चल्दैछ जिन्दगी**, पृ.४५)

उपर्युक्त गजलका सेरमा प्रयुक्त विषयवस्तु अर्थपूर्ण ढङ्गले वर्णित छन् ।

### २.६.४ गेयात्मकता

गजल बहरबद्ध हुन्छ । बहरबद्ध हुनु भनेको नै गेयगुणले युक्त हुनु हो । गेयात्मकता गजलको अत्यन्त आवश्यक अङ्ग हो यसर्थ गजलकारले गजल लेख्नुपूर्व कुनै न कुनै लयलाई आत्मसात् गर्ने र उत्तः लयमा गुनगुनाउदै गजल रचना गर्ने आवश्यक देखिन्छ । गेयगुण विनाको गजल प्राण विनाको शरीर जस्तै हुन्छ (न्यौपाने, २०६४:१०६) । शास्त्रीय वहरको एकरूपतामा आधारित रहेका लयहरूलाई आत्मसात् गरी रचिएका गजलमा गेयात्मकता पाइन्छ । गेयात्मकताका केही उदाहरण हेरौं -

नसोध मान्छे कि म मूर्ति बनी ज्यूँदो छु
जसरी हुन्छ नि ज्यूनु छ भनी ज्यूँदो छु ।

छ मेरो बिन्ती कि बाधा नहाल गिन्तीमा
तुहेका सपनाका सन्तान गनी ज्यूँदो छु ।

(**चल्दैछ जिन्दगी**, पृ.२३)

माथिका उदाहरणमा गेयात्मकताको पुट पाइन्छ ।

### २.६.५ अन्योन्याश्रितता

गजलका प्रत्येक सेरहरूमा दुईवटा मिसरा हुन्छन् । पहिलो मिसरालाई ए उला र दोस्रो मिसरालाई ए सानी भनिन्छ । मिसरा ए उलाले उठान गरेको भाव वा विचारलाई मिसरा ए सानीले पुष्टि गर्ने काम गर्दछ । गजलमा दुवै मिसरा पृथक्-पृथक् ढङ्गले अर्थपूर्ण हुन सक्दैनन् (न्यौपाने, २०६४:१०४) । गजलमा मिसरा ए उला र मिसरा ए सानीका बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । अन्योन्याश्रितताको उदाहरण हेरौँ :

भयो घाउ सन्चो भनेरै नबोली
म टाटो र खाटो बनी चुप लागेँ ।

सबै यामले नै सिकाएर आज
म चीसो र तातो बनी चुप लागेँ ।

(**चल्दैछ जिग्दगी**, पृ.१३)

माथिका उदाहरणमा अन्योन्याश्रितताको विशेषता पाइन्छ ।

### २.६.६ आलङ्कारिकता

गजलको भाव वा विचारलाई चमत्कारपूर्ण शैलीमा अभिव्यक्त गरी कलात्मक रूप दिनु आलङ्कारिकता हो । गजलका सेरहरूमा कलाको उत्कृष्टता र भावको उच्चताको अपेक्षा गरिन्छ । इस्लामिक काव्यशास्त्रमा आलङ्कारिकतालाई बलागत भनिन्छ -जगन्नाथ, इ. १९८४:५८) । गजलमा प्रयुक्त हुने अलङ्कारपूर्ण भाषिक संयोजन गजलको अर्को विशेषता हो । आलङ्कारिकताको उदाहरण हेरौँ -

न कुनै मेनका न कुनै उर्वशी
मेरो निम्ति गजल नै मेरी प्रेयसी

एक-अर्का विना छौँ अधुरा दुवै
उनी हुन लेखनी म हुँ उनको मसी

(**चल्दैछ जिन्दगी**, पृ.४९)

माथिका सेरमा रूपक अलङ्कार पाइने हुँदा यहाँ आलङ्कारिकता रहेको छ ।

### २.६.७ कोमलता

गजलमा शिष्ट र कोमलताकान्त शब्दहरूको अपेक्षा गरिन्छ। गजलमा शब्द मात्र कोमल भएर पुग्दैन, त्यसको अर्थ पनि कोमल नै हुनुपर्दछ (न्यौपाने, २०६४:१०९) । गजलमा दुरूह, क्लिष्ट एवम् अपमानजनक शब्दको प्रयोग निषेध गरिएको हुन्छ । सुकोमल र हृदयस्पर्शी शब्द र भावहरूको सजिएको गजल नै सुन्दर र आकर्षक देखिन्छ। कोमलता विशेषता भएको उदाहरण हेरौँ -

सिताको नाम भएसरि रामको अघि
आएर बस तिमी मेरो नामको अघि।

(**चल्दैछ जिन्दगी**, पृ.५२)

यस सेरमा प्रयुक्तः शब्द र त्यसको अर्थमा कोमलता रहेको पाइन्छ।

### २.६.८ नवीनता

गजलमा नयाँ-नयाँ विषयवस्तुको प्रयोग गरिनु नवीनता हो । गजल सुन्दर, आकर्षक एवम् सफल बन्नका लागि सेरमा नवीन कुराहरूको समावेश गरिएको हुन्छ । गजलमा नवीन विषयवस्तु प्रयोग गर्नाले स्रोता वा पाठकमा नयाँ नयाँ कुराको ज्ञान दिन्छ। नवीनताका केही उदाहरण हेरौँ -

यस्तो लाग्छ गजलले आज बरर्वी बारेको छ
जीतँ भन्दो होला तर नियतिले हारेको छ।

'डेरा सरी अन्तै गयो' भन्ने गल्ती नगरौ कि
छामी हेरौँ दिलभित्र त्यहीँ जरा गाडेको छ।

(**चल्दैछ जिन्दगी**, पृ.४२)

माथिका सेरमा नवीनताको विशेषता पाइन्छ।

### २.६.९ सहजता एवम् सरसता

गजलमा प्रयोग हुने शब्दहरू सहज एवम् सरल हुनुपर्दछ। गजलमा प्रयुक्त भाव वा विचार अपूर्ण, अर्थमा अस्पष्ट र अबोधगम्य भएमा गजल दुरूह एवम् क्लिष्ट बन्न पुग्दछ। त्यसर्थ गजलमा प्रयुक्त विषयवस्तु सरल, सहज एवम् बोधगम्य हुनपर्दछ।

घाम लाग्ने आशैआसमा
पर्खी बसेँ सिस्ने बासमा ।

भोक मीठो भन्दै निलेको
ढुङ्गा पऱ्यो पैलो गाँसमा ।

(**चल्दैछ जिन्दगी**, पृ.२९)

माथिका सेरहरूमा प्रयुक्त भाव सहज एवम् सरल हुनाले यस गजलमा सहजताको विशेषता पाइन्छ ।

### २.६.१० यथार्थता

गजलमा प्रयुक्त विषयवस्तु यथार्थ हुनुपर्दछ । विषयवस्तु स्पष्ट एवम् प्रभावपूर्ण भए मात्र गजल उत्कृष्ट बन्न सक्छ । इस्लामिक काव्यशास्त्रमा यथार्थतालाई हकिकत बयानी भनिन्छ -जगन्नाथ, १९८४:५९) । गजलमा व्यक्त गरिएको विषयवस्तुलाई ढाकछोप नगरी यथाथत् रूपमा प्रस्तुत गर्नु मै यथार्थता हो ।

पक्कै हेर्नु पाइन्छ रे ढिलै भए पनि
कल्ले यहाँ कति दियो, कल्ले कति लियो ?

(**चल्दैछ जिन्दगी**, पृ.४४)

हारेको जुनी ज्यूनेहरूले
वार कि पार आँटेको देखेँ ।

(**चल्दैछ जिन्दगी**, पृ.४५)

माथिका सेरहरूमा यथार्थताको विशेषता पाइन्छ ।

### २.६.११ व्याख्यात्मकता

गजल थोरैमा धेरै भनिने विधा हो । गजलका सेरहरूमा थोरैभन्दा थोरै शब्दहरूबाट धेरैभन्दा धेरै र अति सूक्ष्म एवम् गहन विषयवस्तुको प्रस्तुतीकरण हुन्छ । गजलका कुनै एउटा मात्र सेरको व्याख्या गद्यका कैयौँ पृष्ठमा गर्न सकिन्छ (न्यौपाने, २०६४:१०७) । भावको सघनता गजलको प्रमुख विशेषता हो । यसर्थ गजलकारले आफ्ना गजल रचना गर्दा विभिन्न कोणले हेर्न र व्याख्या गर्न सकिने खालका सेरहरूको रचना गर्नुपर्दछ ।

म सुखा बादल पगारी रा'छु
खडेरीमा दिन गुजारी रा'छु ।

फिलिङ्गोमा बन्ला यो फूल पक्का
खरानीमा जून उमारी रा'छु ।
(**चल्दैछ जिन्दगी**, पृ.६१)

माथिका सेरहरूमा व्याख्यात्मकताको विशेषता पाइन्छ ।

### २.६.१२ उक्तिवैचित्र्य

गजलको स्तरमापन गर्ने मूल आधार नै उक्तिबैचित्र्य हो । गजलको सेरहरू चमत्कारिक, सूक्तिमय भएमा बढी प्रभावकारी बन्छ । प्रभावोत्पादक अभिव्यक्तिले नै गजललाई जीवन्त बनाउँछ (न्यौपाने, २०६४:११०) । गजका प्रत्येक सेरहरू शब्द र अर्थ दुवैका दृष्टिले वैचित्यपूर्ण हुनुपर्दछ । श्रोता या पाठकलाई शब्द र अर्थ दुवैका माध्यमबाट झट्का दिन सक्ने अभिव्यक्ति नै तगल्जुल हो । उक्तिवैचित्र्यलाई तगल्जुल पनि भनिन्छ ।

प्यालाले धित नमर्दा बोतल लिएर पिएँ
प्यूने अनुमति यो दिनले दिएर पिएँ ।
सुनेको स्वर्ग-नर्क यही जुनीमा हेर्न
मारेर आफूलाई फेरि जिएर पिएँ ।
(**चल्दैछ जिन्दगी**, पृ.५६)

माथिका सेरहरू शब्द र अर्थ दुवैका दृष्टिले वैचित्यपूर्ण भएकाले यस्तो विशेषता पाइन्छ ।

### २.६.१३ भाषिक विशिष्टता

गजलमा प्रयुक्त भाषा सामान्य नभई विशिष्ट हुनुपर्दछ । गजलमा प्रयोग गरिने भाषालाई विशिष्ट वा प्रभावकारी बनाउने काम उखान टुक्काले गर्दछ । जीवन जगत्का उतार-चढाव, सुख-दुःख जस्ता कुराहरूलाई बडो अर्थपूर्ण ढङ्गले व्यक्त गर्नु नै भाषिक विशिष्टता हो । त्यसैले गजलमा भाषिक विशिष्टताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । गजलकारले सावधानीपूर्वक चमतकारपूर्ण अर्थ प्रतिपादनका लागि उखान-टुक्काको प्रयोग गर्नु उचित हुन्छ (न्यौपाने, २०६४:१०६) । यदि उखानटुक्काको प्रयोगले निरर्थक हुन्छ -

आगोमा घिउ थप्थ्यो चिसो बतासले
औडाहामा पछ्यौरा हम्केर साँझ आयो ।

लालीमा तल्पतियो संसार नै मेरो
उनीलाई जब-जब सम्झेर साँझ आयो ।

(**चल्दैछ जिन्दगी**, पृ.५७)

माथिका गजलमा आएका सेरहरूमा भाषिक विशिष्टता भएको पाइन्छ ।

गजल अनुभूतिको तीव्रता एवम. सङ्गीतात्मकताले युक्त गेयकाव्यको एक लोकप्रिय विधा भएकाले यसमा स्पष्टता, प्रौढता, अर्थपूर्णता, गेयात्मकता, अन्योन्याश्रितता, आलङ्कारिकता, कोमलता, नवीनता, सहजता एवम् सरलता, यथार्थता, व्याख्यात्मकता, उक्तिवैचित्र्य, भाषिक विशिष्टता जस्ता विशेषताहरू पाइन्छन् ।

## २.७ गजलको अन्य विधासँग सम्बन्ध

नेपाली साहित्यको काव्य अन्तर्गत पर्ने गजल विधाको आफ्नै सैद्धानितक मूल्य र मान्यता रहेको छ । गजल मूलतः परिष्कार र प्रविधिसँग सम्बद्ध विधाहरूसँग निकट सम्बन्ध रहेको हुन्छ । काव्यअन्तर्गत पर्ने कविता, मुक्तक, गीत र आख्यानअन्तर्गत पर्ने लघुकथासँग गजलको नजिक, सम्बन्ध रहेको हुन्छ । गजलको अन्य विधासँगको सम्बन्धलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### २.७.१ गजलको गीतसँगको सम्बन्ध

गजलको गीतसँग अत्यन्त घनिष्ठ सम्बन्ध रहेको पाइन्छ । गजल लयबद्ध हुन्छ । लयवद्धताले नै गजलमा साङ्गीतात्मकताको पुष्टि पाइन्छ । गजल र गीतको सम्बन्धलाई यस प्रकार प्रस्तुत गरिन्छ ।

**समानता**

(क) गजल र गीत दुवैमा साङ्गीतात्मकता र लयात्मकता पाइन्छ ।
(ख) गजल र गीत दुवैमा तीक्ष्ण अनुभूति र भावको तीव्रता रहन्छ ।
(ग) गजल र गीत दुवै साहित्यको पद्यविधा अन्तर्गत पर्दछन् ।
(घ) गजल र गीत दुवैमा गेयात्मकता पाइन्छ ।
(ङ) गजल र गीत दुवैमा शिल्प-चमत्कारिता र लालित्यपूर्ण अभिव्यक्ति पाइन्छ ।
(च) गजल र गीत दुवैमा मात्रात्मक समानता रहन्मछ ।

(छ) गजल र गीत दुवैले जीवन र जगत्का यथार्थ कुराहरूलाई गेयात्मक रूपमा प्रस्तुत गर्दछन् ।

(ज) गजल र गीत दुवैमा जटिल संरचना र मार्मिक अभिव्यक्ति प्रस्तुत गरिन्छ ।

**भिन्नता**

(क) गजलमा आत्मपरक अभिव्यक्ति हुन्छ, तर गीतमा संवादात्मक अभिव्यक्ति पनि हुन्छ ।

(ख) गजलका सबै सेरमा एउटै बहरको प्रयोग हुन्छ, तर गीतमा एउटै बहरको प्रयोग नहुन सक्छ ।

(ग) गजलमा सेरहरू स्वतन्त्र हुने हुँदा फरक-फरक भाव हुन सक्छ, तर गीतमा एउटै भाव हुन्छ ।

(घ) गजलमा शास्त्रीयलय वा लोकलय हुन्छ तर गीतमा आधुनिक लय पनि हुनसक्छ ।

## २.७.२ गजलको मुक्तकसँगको सम्बन्ध

मुक्तक कविताको लघुतम रूप हो । गजल र मुक्तक बीच केही समानता र केही भिन्नताहरू रहेको पाइन्छ, जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

**समानता**

(क) गजल र मुक्तक दुवैमा भावात्मक अभिव्यक्ति पाइन्छ ।

(ख) गजल र मुक्तक दुवैमा आलङ्कारिकताको कुशल समन्वित हुन्छ ।

(ग) गजल र मुक्तक दुवैमा लयात्मकता पाइन्छ ।

(घ) गजल र मुक्तक दुवै पद्य विधा हुन् ।

(ङ) गजल र मुक्तक दुवैमा अन्तर्लयको अनिवार्यता हुन्छ ।

(च गजल र मुक्तक दुवैमा हाँस्यव्यङ्ग्यात्मक अभिव्यञ्जना पाइन्छ ।

(छ) गजल र मुक्तक दुवैमा चोटिलो अभिव्यक्ति पाइन्छ ।

**भिन्नता**

(क) गजल कविताको लघु रूप हो भने मुक्तक कविताको लघुतम रूप हो ।

(ख) गजलमा प्रायः आत्मपरक, हार्दिक र भावनात्मक अभिव्यक्ति हुन्छ, तर मुक्तकमा बौद्धिक र व्यञ्जनात्मक अभिव्यक्ति पाइन्छ ।

(ग) गजलमा बहर, वजन आदिको अन्बिति रहन्छ तर मुक्तकमा रहदैन ।

(घ) गजलमा सङ्गीतचेतना अनिवार्य हुन्छ तर मुक्तकमा हुँदैन ।

(ङ) गजलमा मिसराको सङ्ख्या कम्तीमा छ र बढीमा तीस बत्तीससम्म हुन्छ तर मुक्तकमा चारवटा मात्र पङ्क्ति हुन्छन् ।

(च) गजलका सेरमा दुई पङ्क्ति मात्र रहन्छन् भन्ने मुक्तक चार पङ्क्तिको रहन्छ ।

(छ) गजलमा विभिन्न सेरहरू हुन्छन् तर मुक्तक आफैंमा स्वतन्त्र हुन्छ ।

### २.७.३ गजलको कवितासँगको सम्बन्ध

गजल र कविता दुवै काव्य विधा हुन् । यसर्थ यी दुवै बीच नजिकको सम्बन्ध रहेको हुन्छ । गजल र कवितामा देखिने समानता र भिन्नताहरू यस प्रकार छन् ।

**समानता**

(क) गजल र कविता दुवै पद्यविधा हुन् ।

(ख) गजल र कविता दुवैमा अलङ्कार, बिम्ब एवम् प्रतीकको प्रयोग गरिएको हुन्छ ।

(ग) गजल र कविता दुवैमा शास्त्रीय छन्दको प्रयोग गरिन्छ ।

(घ) गजल र कविता दुवैमा भावगाम्भीर्यता, श्रुतिमाधुर्य एवम् शिल्पचातुर्यता पाइन्छ ।

(ङ) गजल र कविता दुवैमा लयात्मक अभिव्यक्ति हुन्छ ।

(च) गजल र कविता दुवैमा लोकलयको पनि प्रयोग गरिन्छ ।

**भिन्नता**

(क) गजलमा सङ्गीतात्मकता नभई हुँदैन भने कवितामा सङ्गीतात्मकताको आवश्यकता हुदैन ।

(ख) गजलमा मतला, मकता, काफिया हुन्छ तर कवितामा अनुप्रासमात्र हुन्छ ।

(ग) गजल आयामका आधारमा लघु रूप हो भने कविता वृहत रूप हो ।

(घ) गजल पद्यात्मक वा बद्ध लयात्मक हुन्छ भने कविता गद्यात्मक वा मुक्तलयात्मक पनि हुन्छ ।

(ङ) गजलमा आख्यान र कविको अनुभूति कम हुन्छ भने कवितामा आख्यान र कविको अनुभूति विस्तृत हुन्छ ।

(च) एउटा कविताको विषयवस्तु एउटै हुन्छ तर गजलका प्रत्यके सेरका विषयवस्तु अलग-अलग हुन सक्छ ।

### २.७.४ गजलको लघुकथासँग सम्बन्ध

गजल साहित्यको काव्यविधा अन्तर्गत पर्दछ भने लघुकथा साहित्यको आख्यान विधा अन्तर्गत पर्दछ । यी दुवै फरक फरक विधाका भएपनि आयामका दृष्टिले यी दुवै

लघु स्वरूपका देखिन्छन् तसर्थ यी दुवै बीच केही समानता र केही भिन्नताहरू पाउन सकिन्छ । यस प्रकार प्रस्तुत गरिएको छ ।

**समानता**

(क) गजल र लघुकथा दुवैको आयाम सूक्ष्म हुन्छ ।

(ख) गजल र लघुकथा दुवैमा भावगाम्भीर्य र शिल्प-चातुर्य पाइन्छ ।

(ग) गजल र लघुकथा दुवैमा तीक्ष्ण अभिव्यक्ति पाइन्छ ।

(घ) गजल र लघुकथा दुवै लघु रूप भएकाले विषयवस्तुको व्याख्या विश्लेषणमा स्वतन्त्रता रहँदैन ।

**भिन्नता**

(क) गजल काव्यविधा अन्तर्गत पर्दछ भने लघुकथा आख्यान विधा अन्तर्गत पर्दछ ।

(ख) गजल अरबी र फारसी हुँदै आएको हो भने लघुकथा अङ्ग्रेजी भाषाबाट आएको हो ।

(ग) गजल पुरातन विधा हो भने लघुकथा अधुनातन विधा हो ।

(घ) गजलमा सरल र सहज भावप्रधान हुन्छ भने लघुकथा बौद्धिक र चिनतनप्रधान हुन्छ ।

(ङ) गजलमा गेयात्मकता र सङ्गीतात्मकताको संयोजन पाइन्छ भने लघुकथामा आख्यानात्मता र पत्रात्मकताको संयोजन रहन्छ ।

यसरी गजलको पद्यविधा अन्तर्गत पर्ने गीत कविता, मुक्तकसँग र गद्यविधा अन्तर्गत पर्ने लघुविधा अन्तर्गत पर्ने लघुकथासँग सम्बन्ध रहेको पाइन्छ । यिनीहरूमा केही समानता भए तापनि केही भिन्नता रहेको पाइन्छ । माथिका विधाहरू मध्ये गजलको सबैभन्दा नजिकको सम्बन्ध गेयात्मकताका दृष्टिले गीतसँग र भावगाम्भीर्यताका दृष्टिले कवितासँग नजिकको सम्बन्ध रहेको देखिन्छ ।

## २.८ गजलको वर्गीकरण

गजलको वर्गीकरण गर्दा विषयवस्तुका आधारमा र रदिफ प्रयोगका आधारमा गर्न सकिन्छ ।

### २.८.१ विषयवस्तुका आधारमा गजलको वर्गीकरण

गजलका सेरमा प्रयुक्त विषयवस्तुका आधारमा गजलाई निम्नलिखित दुई आधारमा वर्गीकरण गरिन्छ ।

### २.८.१.१ मुसलसल गजल

एउटा गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत भएको छ भने त्यस्ता सेरहरूको गजललाई मुसलसल गजल भनिन्छ । गजलमा एउटै विषयवस्तु प्रस्तुत भए पनि प्रत्येक सेरहरू आर्थी दृष्टिले स्वतन्त्र र अनुभूतिको अभिव्यक्तिका दृष्टिले पूर्ण रहन्छन् । यसर्थ गजलका हरेक सेरहरू स्वतन्त्र एकाइका रूपमा रहनु अनिवार्य हुन्छ । एउटा सेरमा एउटा अनुभूतिको कथ्यले पूर्णता नपाएर बाँकी कुरा अर्को सेरबाट पूर्ण गर्नुपरेमा त्यस्तो गजल मुसलसल गजलको कोटिमा पर्न सक्दैन (न्यौपाने, २०६४:३०) । एउटा गजलमा प्रेम, समाज, राजनीति, प्रकृति, अस्तित्व आदि मध्ये एउटा विषयमात्र प्रस्तुत गरिन्छ ।

### २.८.१.२ गैरमुसलसल

एउटा गजलका सेरहरूमा विविध विषयवस्तुहरू आएमा त्यस्तो गजललाई गैरमुसलसल गजल भनिन्छ । एउटै कथ्यको शृङ्खला नहुने भएकाले यस्तो गजललाई विशृङ्खलित गैरमुसलसल गजल पनि भन्न सकिन्छ (न्यौपाने, २०६४:३२) । गजल सिद्धान्तले गैरमुसलसल गजललाई उत्तम गजल मान्दछ । यस गजलका प्रत्येक सेरहरूमा पृथक्-पृथक विषयवस्तुको प्रस्तुति  पाइन्छ । यस्तो गजलमा प्रेम,समाज, राष्ट्रियता, प्रगति आदि विविध विषयवस्तु रहन सक्छन् ।

### २.८.२ रदिफ प्रयोगका आधारमा गजलको वर्गीकरण

मतलाका दुवै मिसरा र सेररुका मिसरा ए सानीको अन्तमा प्रयोग हुने उही पद वा पदावलीलाई रदिफ भनिन्छ । रदिफ प्रयोगका आधारमा गजलको वर्गीकरण निम्नलिखित दुई आधारमा गरिन्छ ।

### २.८.२.१ मुरद्दफ गजल

जुन गजलमा रदिफको प्रयोग हुन्छ त्यसलाई मुरद्दफ गजल भनिन्छ । मुरद्दफ गजलमा रदिफको अनिवार्य प्रयोग हुन्छ । यस गजलमा काफियाको पछाडि रदिफको प्रयोग हुन्छ ।

### २.८.२.२ गैरमुरद्दफ गजल

जुन गजलमा रदिफको प्रयोग भएको हुँदैन । त्यस गजललाई गैरमुरद्दफ गजल भनिन्छ । यस्तो गजलको अन्तमा काफियाको मात्र प्रयोग हुन्छ तर रदिफको प्रयोग हुँदैन ।

## २.९ निष्कर्ष

गजल शब्दको उद्गम भाषिक भूमि अरबी भए तापनि काव्य विधाका रूपमा यसको वास्तविक जन्म फारसी साहित्यको जमिनमा भएको हो । गजल अधुनातन नेपाली साहित्यिक जगन्मा अत्यन्त प्रभावकारी काव्य विधाका रूपमा देखा परेको छ । वर्तमान समयमा गजलको प्रचलन निकै बढेको देखिन्छ । प्रारम्भमा गजल प्रेम विषयमा लेखिन्थ्यो र प्रेमका संयोग र वियोग दुवै पक्षलाई आत्मसात् गरेर लेखिन्थ्यो भने आजभोलि गजल विभिन्न विषयमा लेखिन्छ । आजको गजल आम जनसमुदायको विषय बनेर सडकमा उत्रेको छ र समाजका हरेक तहमा पुगेको छ ।

साहित्यको काव्यविधा अन्तर्गत पर्ने गजलका रचनाविधानका तत्त्वहरू हुन् काफिया, रदिफ, सेर, मकता, मतला, बहर, तखल्लुस पर्दछन् । गजलका यी तत्त्वहरूले गजललाई आकर्षक एवम् प्रभावकारी बनाउँछ । एउटा गजलका सेरमा एउटा मात्र विषयवस्तु प्रस्तुत गरिन्छ भने गजल मुसलसल गजल हो र एउटा गजलमा एउटा भन्दा धेरै वा विविध विषयवस्तुको प्रयोग गरिएको छ भने त्यो गजल गैरमुसलसल गजलका रूपमा चिनिन्छ । गजलको वर्गीकरण विषयवस्तुका आधारमा र रदिफ प्रयोगका आधारमा गरिन्छ । विषयवस्तुका आधारमा गजलमुसलसल र गजल गैरमुसलसल पर्दछन् भने रदिफ प्रयोगका आधारमा मुरद्दफ गजल र गैरमुरद्दफ पर्दछने् । जुन गजलमा रदिफको प्रयोग हुन्छ त्यसलाई मुरद्दफ र जुनमा रदिफको प्रयोग हुँदैन त्यसलाई गैरमुरद्दफ गजल भनिन्छ ।

गजल लघु आयामको काव्यविधा हो । यो मतलाबाट सुरु हुन्छ र मकतामा गई अन्त्य हुनछ । हरेक विधाको आ-आफ्नै स्वरूप हुन्छ । त्यसैले गजलको पनि विशेष किसिमको पृथक् रूप हुन्छ । गजलमा गेयता, वास्तविकता, यथार्थता, उक्तिवैचित्र्य, मर्मस्पर्शिता, भाषिक विशिष्टता, नवीनता, भावसघनता, अन्योन्याश्रित, कोमलता, परिपक्ता, सरलता एवम् सहजता जस्त विशेषताहरू गजलमा विद्यमान हुनु आवश्यक हुन्छ । काव्य अन्तर्गतका गीत, कविता, मुक्तक तथा आख्यानअन्तर्गत पर्ने लघुकथासँग गजलको निकट सम्बन्ध रहेको हुन्छ ।

# अध्याय तीन

# चल्दैछ जिन्दगीका गजलमा काफियाको प्रयोग

## ३.१ विषय प्रवेश

यस अध्यायमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा प्रयोग गरिएका काफियाको संरचनाको आधारमा पूर्ण शब्द काफिया, शब्दाशं काफिया, एकाक्षरी काफिया, मिश्रित काफिया र मिलित काफिया मध्ये कुन कुन काफिया हुन् भन्ने छुट्याएर अधययन गरिएको छ भने काफियामा आएको चल ध्वनि र अचल ध्वनिका दृष्टिले पनि गजलहरूको अध्ययन-विश्लेषण गरिएको छ । जम्मा ५९ वटा गजल रहेको यस गजलसङ्ग्रहमा सातदेखि सत्सट्ठी पृष्ठ सम्मका हरेक पृष्ठको एउटै गजल रहेको छ ।

## ३.२ चल्दैछ जिन्दगीका गजलमा काफियाको प्रयोग

**चल्दैछ जिन्दगी**का गजलमा प्रयोग गरिएका काफियालाई गजल पृष्ठ ७ देखि पृ.६७ सम्म क्रमैसँग अध्ययन गर्दै चल ध्वनि र अचल ध्वनि समेत छुट्याइएको छ । जम्मा उनन्साठीवटा गजलको काफिया प्रयोगको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.२.१ 'पानीमा आगो लगाऊ' गजलमा काफियाको प्रयोग

प्रस्तुत गजल गजलकार बूँद रानाको **चल्दैछ जिन्दगी** गजलसङग्रह अन्तर्गतको पहिलो गजल हो । यस गजलसङ्ग्रहमा गजलकारले प्रत्येक गजलहरूको शीर्षक दिएका छन् । दस सेरमा संरचित यस गजलमा लगाऊ, फुलाऊ, बढाऊ, चढाउ, घटाऊ, नखाऊ, नजाऊ, सताऊ, फुकाऊ, कटाऊ, गाऊ जस्ता काफियाको प्रयोग गरिएको छ । यस गजलमा आएका सेरहरूमा पूर्णशब्द र शब्दाशं काफियाको प्रयोग भएको हुनाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको पाइन्छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| गाऊ | ग् | आऊ |
| लाऊ | ल् | आऊ |
| ढाऊ | ढ् | आऊ |
| ढाऊ | ढ् | आऊ |
| खाऊ | ख् | आऊ |

| | | |
|---|---|---|
| जाऊ | ज् | आऊ |
| ताऊ | त् | आऊ |
| काऊ | क् | आऊ |
| टाऊ | ट् | आऊ |
| गाऊ | ग् | आऊ |
| टाऊ | ट् | आऊ |

### ३.२.२ 'सुन झैँ हजारचोटि' गजलमा काफियाको प्रयोग

'सुन झैँ हजारचोटि' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गत दोस्रो गजल हो । यसमा दसवटा सेरको प्रयोग भएको छ । यी दसवटा सेरमा रहेका खारे, हारे, सारे, नारे, झारे, बाँडे, छाडे, फारे, पारे, तारे, मारे काफिया हुन । यहाँ एकै प्रकारका पूर्ण शब्दहरूको प्रयोग गरिएको छ । त्यसैले यस गजलमा पूर्ण शब्द काफिया भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| खारे | खार् | ए |
| हारे | हार् | ए |
| सारे | सार् | ए |
| नारे | नार् | ए |
| झारे | झार् | ए |
| बाँडे | बाँड् | ए |
| छाडे | छाड् | ए |
| फारे | फार् | ए |
| फारे | पार् | ए |
| तारे | तार् | ए |
| मारे | मार् | ए |

### ३.२.३ 'सेती हो जिन्दगी' गजलमा काफियाको प्रयोग

'सेती हो जिन्दगी' शीर्षकको **गजल चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको तेस्रो गजल हो । यसमा तेह्रवटा सेरको प्रयोग भएको छ । यी तेह्रवटा सेरमा आएका काली, नाली, गाली, खाली, थाली, डाली, साली, माली ख्याली, प्याली, लाली, भ्याली, जाली, आली काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| काली | काल् | ई |
| नाली | नाल् | ई |
| गाली | गाल् | ई |
| खाली | खाल् | ई |
| थाली | थाल् | ई |
| डाली | डाल् | ई |
| साली | साल् | ई |
| माली | माल् | ई |
| ख्याली | ख्याल् | ई |
| प्याली | प्याल् | ई |
| भ्याली | भ्याल् | ई |
| आली | आल् | ई |
| जाली | जाल् | ई |
| लाली | लाल् | ई |

### ३.२.४ 'बसी बुइँगलमा' गजलमा काफियाको प्रयोग

'बसी बुइँगलमा' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चौथो गजल हो । यसमा पाँच वटा सेरमा आएका गर्न, चर्न, भर्न, पर्न, झर्न, मर्न काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको पाइन्छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| गर्न | गर् | न |
| चर्न | चर् | न |
| भर्न | भर् | न |
| पर्न | पर् | न |
| झर्न | झर् | न |
| मर्न | मर् | न |

### ३.२.५ 'अति गरे खति हुन्छ' गजलमा काफियाको प्रयोग

'अति गरे खति हुन्छ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पाँचौ गजल हो । यसमा आठवटा सेरका प्रयोग भएको छ । यी आठवटा सेरमा रहेका खति, कति, मति, सती, झन्झटी, जति, दुर्गति, रति, घटी काफिया हुन् । झन्झटी को 'झन' र दुर्गतिको 'दु' काफिया अन्तर्गत पर्दैनन् । त्यसर्थ यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| खति | खत् | इ |
| कति | कत् | इ |
| मति | मत् | इ |
| सती | सत | ई |
| झटी | झट् | इ |
| जति | जत् | ई |
| गति | गत् | इ |
| रति | रत् | इ |
| घटी | घट् | ई |

### ३.२.६ 'म बैह्रो र लाटो' गजलमा काफियाको प्रयोग

'म बैहो र लाटो' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको छैठौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका लाटो, माटो, खाटो, आँटो, बाटो, रातो, तातो काफाया हुन् । यस गजलमा समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| लाटो | लाट् | ओ |
| माटो | माट् | ओ |
| खाटो | खाट् | ओ |
| आँटो | आँट | ओ |
| बाटो | बाट | ओ |
| रातो | रात् | ओ |
| तातो | तात् | ओ |

### ३.२.७ 'काँडामा टेकी' गजलमा काफियाको प्रयोग

'काँडामा टेकी' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सातौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका सारे, तारे, पारे, खारे, छाडे, हारे काफिया हुन् । मन पारेको 'मन' काफिया अन्तर्गत पर्दैन । त्यसैले यस गजलमा मिश्रित काफिया प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| सारे | सार् | ए |
| तारे | तार् | ए |
| पारे | पार् | ए |
| खारे | खार् | ए |
| छाडे | छाड् | ए |
| हारे | हार् | ए |

### ३.२.८ 'सहरमा छ चर्चा' गजलमा काफियाको प्रयोग

'सहरमा छ चर्चा' शीर्षकको गजल यस गजलसङ्ग्रहको आठौँ गजल हो । यसमा आठवटा सेरको प्रयोग भएको छ । यी आठवटा सेरमा आएका उनी, गुनी, थुनी, चुनी, सुनी, बुनी, मुनि, खुनी, चुनी काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| उनी | उन् | ई |
| गुनी | गुन् | ई |
| थुनी | थुन् | ई |
| चुनी | चुन् | ई |
| सुनी | सुन् | ई |
| बुनी | बुन् | ई |
| मुनि | मुन् | इ |
| खुनी | खुन् | ई |
| चुनी | चुन् | ई |

### ३.२.९ 'अभ्कै सर्प ज्यूँदै' गजलमा काफियाको प्रयोग

'अभ्कै सर्प ज्यूँदै' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको नवौँ गजल हो । यसमा पाँचवटा सेर प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका छ, न, त, जहो, अहो, खबर्दार काफिया हुन् । छ, न, त, जहो को 'ज' अहो को 'अ' खबर्दारको 'र' 'खबर्दा' काफिया अन्तर्गत पर्दैनन् । एउटा एउटा अक्षरको शब्दको काफियाको प्रयोग भएकाले यस गजल एकाक्षरी काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| छ | छ् | अ |
| न | न् | अ |
| त | त् | अ |
| ज | ज् | अ |
| अ | अ | अ |
| र | र् | अ |

### ३.२.१० गजल 'उनी पनि सल्लाहमा' गजलमा काफियाको प्रयोग

'उनी पनि सल्लाहमा' शीर्षकको गजलमा यस सङ्ग्रह अन्तर्गतको दसौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका आए, गाए, छाए, धाए, खाए, बाए काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजल पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| आए | आ | ए |
| गाए | गा | ए |
| छाए | छा | ए |
| धाए | धा | ए |
| खाए | खा | ए |
| बाए | बा | ए |

### ३.२.११ 'न छ बन्दुक, न तरबार' गजलमा काफियाको प्रयोग

'न छ बन्दुक, न तरबार' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको एघारौँ गजल हो । यसमा पाँचवटा सेर प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका तरबार, लगातार, हार, हतियार, घरबार, सार काफिया हुन् । तरबारको 'तर' लगातारको 'लगा'

हतियारको 'हति' घरबारको 'घर' काफिया अन्तर्गत पर्दैनन । त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बार | ब् | आर |
| तार | त् | आर |
| हार | ह् | आर |
| यार | य् | आर |
| बार | ब् | आर |
| सार | स् | आर |

### ३.२.१२ गजल 'पारा चढेको जो' गजलमा काफियाको प्रयोग

'पारा चढेको जो' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको बाह्रौं गजल हो । यसमा सातवटा सेरको प्रयोग भएको छ । यी सातवटा सेरमा रहेका पारा, आहारा, खारा, दाऱ्हा, चारा, टाढा, गाढा काफिया हुन् । आहाराको 'आ' काफिया अन्तर्गत पर्दैन । फरक-फरक काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| पारा | पार् | आ |
| हारा | हार् | आ |
| सारा | सार् | आ |
| खारा | खार् | आ |
| दाऱ्हा | दाऱ्ह् | आ |
| चारा | चार् | आ |
| टाढा | टाढ् | आ |
| गाढा | गाढ् | आ |

### ३.२.१३ 'तीता-मीठा बातहरू' गजलमा काफियाको प्रयोग

'तीता-मीठा बातहरू' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको तेह्रौं गजल हो यसमा सातवटा सेरको प्रयोग भएको छ । बातहरू, साथहरू, घातहरू, खातहरू, पातहरू, हातहरू, मातहरू, रातहरू काफिया हुन् । सबै काफिया समान शब्दका छन् । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बातहरू | ब् | आतहरू |
| साथहरू | स् | आथहरू |
| घातहरू | घ् | आतहरू |
| खातहरू | ख् | आतहरू |
| पातहरू | प् | आतहरू |
| हातहरू | ह् | आतहरू |
| मातहरू | म् | आतहरू |
| रातहरू | र् | आतहरू |

### ३.२.१४ 'फेर्नलाई सधैँ लुगा' गजलमा काफियाको प्रयोग

'फेर्नलाई सधैँ लुगा' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चौधौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका फेरेको, बेरेको, हेरेको, घेरेको, केरेको काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| फेरेको | फेर् | एको |
| बेरेको | बेर् | एको |
| हेरेको | हेर् | एको |
| सेरेको | सेर् | एको |
| घेरेको | घेर् | एको |
| केरेको | केर् | एको |

### ३.२.१५ 'फैसला मुल्तवी मुद्दाको गजलमा काफियाको प्रयोग

'फैसला मुल्तवी मुद्दाको' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पन्ध्रौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी ६ वटा सेरमा आएका आज, मैदानमाझ, बाज, समाज, लाज, मिजाज, ताज काफिया हुन् । मैदानमाझको 'मैदान' समाजको 'स' मिजाजको 'मि' काफिया अन्तर्गत पर्दैनन । त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| आज | अ् | आज |
| माझ | म् | आझ |
| बाज | ब् | आज |
| माज | म् | आज |
| लाज | ल् | आज |
| जाल | ज् | आज |
| ताज | त् | आज |

### ३.२.१६ 'नसोध मान्छे कि म' गजलमा काफियाको प्रयोग

'नसोध मान्छे कि म' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सोह्रौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका बनी, भनी, गनी, धनी, नागफनी, अनि, पनि काफिया हुन् । नागफनीको 'नाग' काफिया अन्तर्गत पर्दैन । त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बनी | बन् | ई |
| भनी | भन् | ई |
| गनी | गन् | ई |
| धनी | धन् | ई |
| फनी | फन् | ई |
| अनि | अन् | इ |
| पनि | पन् | इ |

### ३.२.१७ 'जैले पनि खुकुरीको' गजलमा काफियाको प्रयोग

'जैले पनि खुकुरीको' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सत्रौँ गजल हो । यसमा आठवटा सेरको प्रयोग भएको छ । यी आठवटा सेरमा आएका धार, भार, तार, हार, हार, मार, चार, बार, खार, पार काफिया हुन् । समान शब्दको काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्दको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| धार | ध् | आर |

| | | |
|---|---|---|
| भार | भ् | आर |
| तार | त् | आर |
| हार | ह् | आर |
| मार | म् | आर |
| चार | च् | आर |
| बार | ब् | आर |
| खार | ख् | आर |
| पार | प् | आर |

### ३.२.१८ 'मुक्तिको तिथिमिति' गजलमा काफियाको प्रयोग

'मुक्तिको तिथिमिति' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको अठारौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका गन्दै, भन्दै, कन्दै, ठन्दै, खन्दै, बन्दै काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएको यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| गन्दै | गन् | दै |
| भन्दै | भन् | दै |
| कन्दै | कन् | दै |
| ठन्दै | ठन् | दै |
| खन्दै | खन् | दै |
| बन्दै | बन् | दै |

### ३.२.१९ 'के भनूँ म गजल यो' गजलमा काफियाको प्रयोग

'के भनूँ म गजल यो' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको उन्नाइसौँ गजल हो । यसमा छ वटा सेरको प्रयोग भएको छ । यी छ वटा सेरमा आएका कस्तो, जस्तो, सस्तो, पस्तो, कस्दो, बस्दो, घस्दो काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| कस्तो | कस् | तो |
| जस्तो | जस् | तो |

| | | |
|---|---|---|
| सस्तो | सस् | तो |
| पस्तो | पस् | तो |
| कस्दो | कस् | तो |
| बस्दो | बस् | तो |
| घस्दो | घस् | तो |

### ३.२.२० 'मानिसले आफूलाई' गजलमा काफियाको प्रयोग

'मानिसले आफूलाई' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको बीसौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका ढालेको, थालेको, आलेको, पालेको, चालेको, बालेको काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| ढालेको | ढाल् | एको |
| थालेको | थाल् | एको |
| हालेको | हाल् | एको |
| पालेको | पाल् | एको |
| चालेको | चाल् | एको |
| बालेको | बाल् | एको |

### ३.२.२१ 'माला उन्ने निहुँ' गजलमा काफियाको प्रयोग

'माला उन्ने निहुँ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको एक्काईसौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँच सेरमा आएका डाली, माली, ताली, गाली, आली, खालि काफिया हुन् । समान शब्दका काफियको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| डाली | डाल् | ई |
| माली | माल् | ई |
| ताली | ताल् | ई |
| गाली | गाल् | ई |
| आली | आल् | ई |
| खालि | खाल् | इ |

### ३.२.२२ 'कुन्नि कस्तो तुनामुना' गजलमा काफियाको प्रयोग

'कुन्नि कस्तो तुनामुना' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको बाइसौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका जानेको, तानेको, हानेको, धानेको, मानेको, छानेको, बानेको काफिया हुन् । समान शब्दका काफियको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| जानेको | जान् | एको |
| तानेको | तान् | एको |
| हानेको | हान् | एको |
| धानेको | धान् | एको |
| मानेको | मान् | एको |
| छानेको | छान् | एको |
| बानेको | बान् | एको |

### ३.२.२३ 'चिराचिरा परेको' गजलमा काफियाको प्रयोग

'चिराचिरा परेको' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको तेइसौँ गजल हो । यसमा आठवटा सेरको प्रयोग भएको छ । यी आठवटा सेरमा आएका परेको, मरेको, सरेको, गडेको, सडेको, झरेको, डढेको, बढेको, चढेको काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| परेको | पर् | एको |
| मरेको | मर् | एको |
| सरेको | सर् | एको |
| गडेको | गड् | एको |
| सडेको | सड् | एको |
| झरेको | झर् | एको |
| डढेको | डढ् | एको |
| बढेको | बढ् | एको |
| चढेको | चढ् | एको |

### ३.२.२४ 'घमण्डमा थपीथपी' गजलमा काफियाको प्रयोग

'घमण्डमा थपीथपी' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चौबीसौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छ वटा सेरमा आएका मात, रात, घात, साथ, लात, खात, हात, काफिया हुन् । समान शब्दको काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| मात | म् | आत |
| रात | र् | आत |
| घात | घ् | आत |
| साथ | स् | आत |
| लात | ल् | आत |
| खात | ख् | आत |
| हात | ह् | आत |

### ३.२.२५ 'नौलो हाँक हालिदिने ' गजलमा काफियाको प्रयोग

'नौलो हाँक हालिदिने' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पच्चीसौँ गजल हो । यसमा नौवटा सेरको प्रयोग भएको छ । यी नौवटा सेरमा आएका हालिदिने, फालिदिने, पगालिदिने, आलीदिने, लालीदिने, मालीदिने, थालीदिने, बालिदिने, पालिदिने, टालिदिने काफिया हुन् । पगालिदिनेको 'प' काफिया अन्तर्गत पर्दैन । त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| हालिदिने | हाल् | इदिने |
| फालिदिने | फाल् | इदिने |
| पगालिदिने | गाल् | इदिने |
| आलीदिने | आल् | इदिने |
| लालीदिने | लाल् | इदिने |
| मालीदिने | माल् | इदिने |
| थालीदिने | थाल् | इदिने |
| बालिदिने | बाल् | इदिने |

| | | |
|---|---|---|
| पालिदिने | पाल् | इदिने |
| टालिदिने | टाल् | इदिने |

### ३.२.२६ 'जिऊँ शानसँग' गजलमा काफियाको प्रयोग

'जिऊँ शानसँग' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको छब्बीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका शानसँग, पहिचानसँग, ज्ञानसँग, गुणगानसँग, अपमानसँग, भगवान्सँग काफिया हुन् । पहिचानसँगको 'पहि' गुणगानसँगको 'गुण' अपमानसँगको 'अप' भगवान्को 'भग' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक काफियाको प्रयोग भएकोले यो गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| शानसँग | श् | आनसँग |
| पहिचानसँग | च् | आनसँग |
| ज्ञानसँग | ज्ञ् | आनसँग |
| गुणगानसँग | ग् | आनसँग |
| अपमानसँग | म् | आनसँग |
| भगवान्सँग | व् | आनसँग |

### ३.२.२७ 'यसै खुन यहाँ' गजलमा काफियाको प्रयोग

'यसै खुन यहाँ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सत्ताइसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका तातो, नातो, तातो, पातो, माटो, साटो काफिया हुन् । समान शब्दको काफियाको प्रयोग भएको छ । त्यसैले यो गजल पूर्ण शब्द काफियाको प्रयोग भएको गजल हो ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| तातो | तात् | ओ |
| नातो | नात् | ओ |
| तातो | तात् | ओ |
| पातो | पात् | ओ |
| माटो | माट् | ओ |
| साटो | साट् | ओ |

### ३.२.२८ 'ढोका ढाकी बसेका' गजलमा काफियाको प्रयोग

'ढोका ढाकी बसेका' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको अठाइसौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका बोकाहरू, ढोकाहरू, लेखाजोखाहरू, डोकाहरू, धोकाहरू, चोखाहरू, भोकाहरू काफिया हुन् । लेखाजोखाहरूको 'लेखा' काफिया अन्तर्गत पर्दैन । फरक-फरक काफियाको प्रयोग भएकोले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बोकाहरू | बोक् | आहरू |
| ढोकाहरू | ढोक् | आहरू |
| लेखाजोखाहरू | जोख् | आहरू |
| डोकाहरू | डोक् | आहरू |
| धोकाहरू | धोक् | आहरू |
| चोखाहरू | चोख् | आहरू |
| भोकाहरू | भोक् | आहरू |

### ३.२.२९ 'कसरी जाला चटक्कै' गजलमा काफियाको प्रयोग

'कसरी जाला चटक्कै' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको उन्तीसौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका तोडेर, कोरेर, माडेर, ओढेर, गोडेर, जोडेर काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्दका काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| तोडेर | तोड् | एर |
| कोरेर | कोर् | एर |
| मोडेर | मोड् | एर |
| ओढेर | ओढ् | एर |
| गोडेर | गोड् | एर |
| जोडेर | जोड | एर |

### ३.२.३० 'रोकिन्न, राकिदैन' गजलमा काफियाको प्रयोग

'रोकिन्न, राकिदैन' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको तीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका चल्दै, बल्दै,

दल्दै, मल्दै, फल्दै, जल्दै काफिया हुन् । समान शब्दका काफियको प्रयोग भएको छ । त्यसैले यो गजल पूर्ण शब्द काफिया भएको गजल हो ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| चल्दै | चल् | दै |
| बल्दै | बल् | दै |
| दल्दै | दल् | दै |
| मल्दै | मल् | दै |
| फल्दै | फल् | दै |
| जल्दै | जल् | दै |

### ३.२.३१ 'सखत हुन्छ मान्छे' गजलमा काफियाको प्रयोग

'सखत हुन्छ मान्छे' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको एकतीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा रहेका तरल, अटल, कमल, सजल, गजल, असल काफिया हुन् । समान शब्दका काफियको प्रयोग भएको छ । त्यसैले यो गजल पूर्ण शब्द भएको काफियाको हो ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| तरल | तर् | अल |
| अटल | अट् | अल |
| कमल | कम् | अल |
| सजल | सज् | अल |
| गजल, | गज् | अल |
| असल | अस् | अल |

### ३.२.३२ 'घाम लाग्ने आशैआसमा' गजलमा काफियाको प्रयोग

'घाम लाग्ने आशैआसमा' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको बत्तीसौं गजल हो । यसमा छ वटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका आशैआसमा, बासमा, गाँसमा, खासमा, नाशमा, लासैलासमा, सासमा काफिया हुन् । आशैआसमाको 'आशै' लासैलासमाको 'लासै' काफियका अन्तर्गत पर्दैनन् । फरक-फरक काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| आसमा | अ | आसमा |
| बासमा | ब् | आसमा |
| गाँसमा | गँ | आसमा |
| खासमा | ख | आसमा |
| नाशमा | न | आसमा |
| लासमा | ल | आसमा |
| सासमा | स | आसमा |

### ३.२.३३ 'उही रात थियो' गजलमा काफियाको प्रयोग

'उही रात थियो' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको तेत्तीसौं गजल हो । यसमा सातवटा सेरको प्रयोग भएको छ । यी सातवटा सेरमा आएका थियो, दियो, सियो, लियो, मियो, खियो, चियो, दियो काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| थियो | थ् | इयो |
| दियो | द् | इयो |
| सियो | स् | इयो |
| लियो | ल् | इयो |
| मियो | म् | इयो |
| खियो | ख् | इयो |
| चियो | च् | इयो |
| दियो | द | इयो |

### ३.२.३४ 'मै हुँ भन्नेको' गजलमा काफियाको प्रयोग

'मै हुँ भन्नेको' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चौतीसौं गजल हो । यसमा सातवटा सेरको प्रयोग भएको छ । यी सातवटा सेरमा आएका देखियो, भेटियो, टेकियो, छेकियो, हेपियो, केथियो, रेटियो, मेटियो काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| देखियो | देख् | इयो |

| | | |
|---|---|---|
| भेटियो | भेट् | इयो |
| टेकियो | टेक् | इयो |
| छेकियो | छेक् | इयो |
| हेपियो | हेप् | इयो |
| केथियो | केथ् | इयो |
| रेटियो | रेट् | इयो |
| मेटियो | मेट् | इयो |

### ३.२.३५ 'यस्तो लाग्छ गजलले' गजलमा काफियाको प्रयोग

'यस्तो लाग्छ गजलले' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पैतीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका बारेको, हारेको, झारेको, पारेको, सारेको, गाडेको काफिया हुन् । समान काफियको प्रयोग भएकोले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बारेको | बार् | एको |
| हारेको | हार् | एको |
| झारेको | झार् | एको |
| पारेको | पार् | एको |
| सारेको | सार् | एको |
| गाडेको | गाड् | एको |

### ३.२.३६ 'बिखालु रातको चिहान' गजलमा काफियाको प्रयोग

'बिखालु रातको चिहान' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको छत्तीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँवटा सेरमा आएका चिहान, बिहान, किटान, मिलान, इमान, निदान काफिया हुन् । समान शब्दको काफिया प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| चिहान | चिह् | आन |
| बिहान | बिह् | आन |
| किटान | किट् | आन |
| मिलान | मिल् | आन |

| | | |
|---|---|---|
| इमान | इम् | आन |
| निदान | निद् | आन |

### ३.२.३७ 'तिमी मेरो विश्वासको' गजलमा काफियाको प्रयोग

'तिमी मेरो विश्वासको' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सैतीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएको मियो, दीयो, सियो, चियो, लियो, थियो काफिया हुन् । समान शब्दका काफियको प्रयोग भएको यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| मियो | म | इयो |
| दीयो | द | ईयो |
| सियो | स | इयो |
| चियो | च | इयो |
| लियो | ल | इयो |
| थियो | थ | इयो |

### ३.२.३८ 'सिएको मन फाटेको' गजलमा काफियाको प्रयोग

'सिएको मन फाटेको' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको अड्तीसौं गजल हो । यसमा नौवटा सेरको प्रयोग भएको छ । यी नौवटा सेरमा आएका फाटेको, काटेको, मातेको, छाँटेको चाटेको, काटेको, पाटेको, साटेको, तातेको, आँटेको काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएका छन् । त्यसैले यो गजल पूर्णब्द काफिया भएको गजल हो ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| फाटेको | फाट् | एको |
| काटेको | काट् | एको |
| मातेको | मात् | एको |
| छाँटेको | छाट् | एको |
| चाटेको | चाट् | एको |
| काटेको | काट् | एको |
| पाटेको | पाट् | एको |
| साटेको | साट् | एको |

| | | |
|---|---|---|
| तातेको | तात् | एको |
| आँटेको | आट् | एको |

### ३.२.३९ 'घामजस्तो घाम हुन्न' गजलमा काफियाको प्रयोग

'घामजस्तो घाम हुन्न' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको उनन्चालीसौं गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका जून, रून, नून, खुन, धून, छुन, सुन काफिया हुन् । समान शब्दका काफियको प्रयोग भएका छन् । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| जून | ज् | ऊन |
| रून | रू् | ऊन |
| नून | न् | ऊन |
| खुन | ख् | ऊन |
| धून | ध् | ऊन |
| छुन | छ् | ऊन |
| सुन | स् | ऊन |

### ३.२.४० 'राम्रैराम्रो हुनुपर्ने' गजलमा काफियाको प्रयोग

'राम्रैराम्रो हुनुपर्ने' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चालीसौं गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका जिन्दगीमा, गण्डकीमा, डालीमा, मझेरीमा, खरानीमा, सीमा, धरतीमा काफिया हुन् । जिन्दगीमाको 'जिन्द' गण्डकीमाको 'गण्ड' डालीमको 'डा' मझेरीमाको 'मझे' खरानीमाका 'खरा' धरतीमाको 'धर' काफिया अन्तर्गत पर्दैनन । फरक-फरक शब्दका काफियाको प्रयोग भएको यस गजलमा मिश्रित काफियको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| कीमा | क् | ईमा |
| लीमा | ल् | ईमा |
| रीमा | र् | ईमा |
| नीमा | न् | ईमा |
| सीमा | स् | ईमा |
| तीमा | त् | ईमा |

### ३.२.४१ 'दुनियाँ हेर्न फराकिलो' गजलमा काफियाको प्रयोग

'दुनियाँ हेर्न फराकिलो' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको एकचालीसौं गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका नजर, सफर, कहर, बगर, सहर, रहर, खबर काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| नजर | नज् | अर |
| सफर | सफ् | अर |
| कहर | जह् | अर |
| बगर | बग् | अर |
| सहर | सह् | अर |
| रहर | सह् | अर |
| खबर | खब् | अर |

### ३.२.४२ 'न कुनै मेनका' गजलमा काफियाको प्रयोग

'न कुनै मेनका' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको बयालीसौं गजल हो । यसमा सातवटा सेरको प्रयोग भएको छ । यी सातवटा सेरमा आएका उर्वशी, प्रेयसी, मसी, दसी, कसी, घसी, रसी, खसी काफिया हुन् । उर्वशीमा आएको 'उ' र प्रेयसीमा आएको 'प्रे' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| वशी | वश् | ई |
| यसी | यस् | ई |
| मसी | मस् | ई |
| दसी | दस् | ई |
| कसी | कस् | ई |
| घसी | घस् | ई |
| रसी | रस् | ई |
| खसी | खस् | ई |

### ३.२.४३ 'मरूभूमिमा परेँ' गजलमा काफियाको प्रयोग

'मरूभूमिमा परेँ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको त्रिचालिसौं गजल हो । यसमा अठारवटा सेरको प्रयोग भएको छ । यी अठारवटा सेरमा आएका परेँ, मरेँ, हरेँ, पढेँ, भरेँ, जलेँ, झरेँ, बरेँ, तरेँ, गरेँ, छरेँ, जडेँ, चढेँ, बढेँ, सरेँ, लडेँ, गलेँ, दरेँ, बलेँ काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| परेँ | पर् | एँ |
| मरेँ | मर् | एँ |
| हरेँ | हर् | एँ |
| पढेँ | पढ् | एँ |
| भरेँ | भर् | एँ |
| जलेँ | जल् | एँ |
| झरेँ | झर् | एँ |
| बरेँ | बर् | एँ |
| तरेँ | तर् | एँ |
| गरेँ | गर् | एँ |
| छरेँ | छर् | एँ |
| जडेँ | जड् | एँ |
| चढेँ | चढ् | एँ |
| बढेँ | बढ् | एँ |
| सरेँ | सर् | एँ |
| लडेँ | लड् | एँ |
| गलेँ | गल् | एँ |
| दरेँ | दर् | एँ |
| बलेँ | बल् | एँ |

### ३.२.४४ 'सीताको नाम' गजलमा काफियाको प्रयोग .

'सीताको नाम' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चौवालीसौं गजल हो । यसमा छ वटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका रामको, नामको, घामको, खामको, जामको, चारधामको काफिया हुन् । मकताको मिसरा ए सानीमा

काफियाको प्रयोग भएको छैन । चारधामको 'चार' काफिया अन्तर्गत पर्दैन । फरक-फरक काफियको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| रामको | र् | आमको |
| नामको | न् | आमको |
| घामको | घ् | आमको |
| खामको | ख् | आमको |
| जामको | ज् | आमको |
| धामको | ध् | आमको |

### ३.२.४५ 'झीर काँडा भए' गजलमा काफियाको प्रयोग

'झीर काँडा भए' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पैतालीसौं गजल हो । यसमा चारवटा सेरको प्रयोग भएको छ । यी चारवटा सेरमा आएका बस्छन्, बच्छन्, खस्छन्, डस्छन् काफिया हुन् । मतलाको मिसरा ए उलामा काफियाको प्रयोग भएको छैन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बस्छन् | बस् | छन् |
| बच्छन् | बच् | छन् |
| खस्छन् | खस् | छन् |
| डस्छन् | डस् | छन् |

### ३.२.४६ 'जुठो चाट्न उनी' गजलमा काफियाको प्रयोग

'जुठो चाट्न उनी' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको छ्यालीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका चाट्न, ढाट्न, बाट्न, मात्न, काट्न, साट्न काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएको छ । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| चाट्न | चाट् | न |

| | | |
|---|---|---|
| ढाट्न | ढाँट् | न |
| बाट्न | बाट् | न |
| मात्न | मात् | न |
| काट्न | काट् | न |
| साट्न | साट् | न |

### ३.२.४७ 'छचल्कियो गजलमा' गजलमा काफियाको प्रयोग

'छचल्कियो गजलमा' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सड्चालीसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका फेरि, हेरि, केरी, जेरी, मेरी, भेरी काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| फेरि | फेर | इ |
| हेरि | हेर् | इ |
| केरी | केर् | ई |
| जेरी | जेर् | ई |
| मेरी | मेर् | ई |
| भेरी | भेर् | ई |

### ३.२.४८ 'प्यालाको धित नमर्दा' गजलमा काफियाको प्रयोग

'प्यालाको धित नमर्दा' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको अड्चालिसौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका लिएर, दिएर, सिएर, जिएर, खिएर, थिएर काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| दिएर | लि | एर |
| सिएर | सि | एर |
| जिएर | जि | एर |
| खिएर | खि | एर |
| थिएर | थि | एर |

### ३.२.४९ 'बेली चमेली फूलझैँ' गजलमा काफियाको प्रयोग

'बेली चमेली फूलझैँ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको उनन्पचासौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका गम्केर, झम्टेर, छम्केर, चम्केर, हम्केर, लम्केर, सम्झेर काफिया हुन् । समान शब्दका काफियाको प्रयोग भएको छ । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| गम्केर | गम् | एर |
| झम्टेर | झम् | एर |
| छम्केर | छम् | एर |
| चम्केर | चम् | एर |
| हम्केर | हम् | एर |
| लम्केर | लम् | एर |
| सम्झेर | सम् | एर |

### ३.२.५० 'के छ र बाँकी' गजलमा काफियाको प्रयोग

'के छ र बाँकी' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पचासौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा आएका कस्तो, ऐनाजस्तो, घस्दो, त्यस्तो, सस्तो, पस्दो, काफिया हुन् । ऐनाजस्तोको 'ऐना' काफिया अन्तर्गत पर्दैन । गजलमा फरक-फरक काफिया छन् । त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| कस्तो | कस् | तो |
| जस्तो | जस् | तो |
| घस्दो | घस् | दो |
| त्यस्तो | त्यस् | तो |
| सस्तो | सस् | तो |
| पस्दो | पस् | दो |

### ३.२.५१ 'पत्थरको ओठबाट' गजलमा काफियाको प्रयोग

'पत्थरको ओठबाट' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको एकाउन्नौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा रहेका छल्केर,

कल्पेर, झल्केर, ढल्केर, सल्केर, पल्केर, टल्केर काफिया हुन् । सबै काफिया समान शब्दका छन् । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| छल्केर | छल् | एर |
| कल्पेर | कल् | एर |
| झल्केर | झल् | एर |
| ढल्केर | ढल् | एर |
| सल्केर | सल् | एर |
| पल्केर | पल् | एर |
| टल्केर | टल् | एर |

### ३.२.५२ 'ठुस्किन्छ कैलेकाहीँ' गजलमा काफियाको प्रयोग

'ठुस्किन्छ कैलेकाहीँ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको बाउन्नौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा रहेका मस्किन्छ, झस्किन्छ, पस्किन्छ, हच्किन्छ, खस्किन्छ, चस्किन्छ, लच्किन्छ काफिया हुन् । सबै काफिया समान शब्दका छन् । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| मस्किन्छ | मस्क | इन्छ |
| झस्किन्छ | झस्क | इन्छ |
| पस्किन्छ | पस्क | इन्छ |
| हच्किन्छ | हच्क | इन्छ |
| खस्किन्छ | खस्क | इन्छ |
| चस्किन्छ | चस्क | इन्छ |
| लच्किन्छ | लच्क | इन्छ |

### ३.२.५३ 'म सुखा बादल' गजलमा काफियाको प्रयोग

'म सुखा बादल' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको त्रिपन्नौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा रहेका पगारी, गुजारी, बारी, सकारी, हारी, उमारी काफिया हुन् । पगारीको 'प' गुजारीको 'गु' सकारीको 'स' उमारीको 'उ' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| गारी | गर् | ई |
| जारी | जर् | ई |
| बारी | बर् | ई |
| कारी | कर् | ई |
| हारी | हर् | ई |
| मारी | मर् | ई |

### ३.२.५४ 'पूर्णिमाको जून' गजलमा काफियाको प्रयोग

'पूर्णिमाको जून' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको चौवन्नौँ गजल हो । यसमा सातवटा सेरको प्रयोग भएको छ । यी सातवटा सेरमा रहेका जून, खुन, तुन, सगुन, सुन, चुन, नुन, मजबुन काफिया हुन् । सगुनको 'स' र मजबुनको 'मज' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| जून | ज् | ऊन |
| खुन | ख् | उन |
| तुन | त् | उन |
| गुन | ग् | उन |
| सुन | स् | उन |
| चुन | च् | उन |
| नुन | न् | उन |
| बुन | ब् | उन |

### ३.२.५५ 'अहिले बिसौनी' गजलमा काफियाको प्रयोग

'अहिले बिसौनी' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको पचपन्नौँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा रहेका बिसेको, रहेको, सडेको, टेको, केको, कसेको काफिया हुन् । बिसेकोको 'बि' रहेकोको 'र' सडेकोको 'स' कसेकोको 'क' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक काफियाको प्रयोग भएको छ त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको पाइन्छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| सेको | स् | एको |

| | | |
|---|---|---|
| डेको | ड् | एको |
| टेको | ट् | एको |
| केको | क् | एको |
| सेको | स् | एको |
| हेको | ह् | एको |

### ३.२.५६ 'निधारमा मेची-काली' गजलमा काफियाको प्रयोग

'निधारमा मेची-काली' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको छपन्नौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा रहेका चुरे, लुरे, खुरे, हसुरे, उडे, भारेभुरे काफिया हुन् । हसुरेको 'ह' र भारेभुरेको 'भारे' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| चुरे | चुर् | ए |
| लुरे | लुर् | ए |
| खुरे | खुर् | ए |
| सुरे | सुर् | ए |
| उडे | उड् | ए |
| भुरे | भुर् | ए |

### ३.२.५७ 'बाचा थियो घरघरै' गजलमा काफियाको प्रयोग

'बाचा थियो घरघरै' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको सन्ताउन्नौं गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा रहेका बालिदिने, टालिदिने, गाली, ताली, फालिदिने, खुसीयाली काफिया हुन् । बालिदिनेको 'दिने' टालिदिनेको 'दिने' फालिदिनेको 'दिने' खुसीयालीको 'खुसी' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक काफियाको प्रयोग भएको छ त्यसैले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको पाइन्छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बालि | बाल् | इ |
| टालि | टाल् | इ |
| गाली | गाल् | ई |

| | | |
|---|---|---|
| ताली | ताल् | ई |
| फालि | फाल् | ई |
| याली | याल् | ई |

### ३.२.५८ 'ऊ पन्छिन्छ नाउँ' गजलमा काफियाको प्रयोग

'ऊ पन्छिन्छ नाउँ' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको अन्ठाउन्नौँ गजल हो । यसमा पाँचवटा सेरको प्रयोग भएको छ । यी पाँचवटा सेरमा रहेका नियतिको, बापतीको, सतीको, क्षतिको, ओखतीको, कागतीको हुन् । नियतिको 'न' बापतीको 'बा' ओखतीको 'ओ' कागतीको 'का' काफिया अन्तर्गत पर्दैनन् । फरक-फरक शब्दका काफियाको प्रयोग भएकाले यस गजलमा मिश्रित काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| यतिको | यत् | इको |
| पतीको | पत् | इको |
| सतीको | सत् | ईको |
| क्षतिको | क्षत् | इको |
| खतीको | खत् | ईको |
| गतीको | गत् | ईको |

### ३.२.५९ 'तुफानी रातमा' गजलमा काफियाको प्रयोग

'तुफानी रातमा' शीर्षकको गजल यस गजलसङ्ग्रह अन्तर्गतको उनन्साठीऔँ गजल हो । यसमा छवटा सेरको प्रयोग भएको छ । यी छवटा सेरमा आएका बल्दा, चल्दा, जल्दा, गल्दा, दल्दा, ढल्दा, फल्दा काफिया हुन् । सबै काफिया समान शब्दका छन् । त्यसैले यस गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

| काफिया | चलध्वनि | अचलध्वनि |
|---|---|---|
| बल्दा | बल् | दा |
| चल्दा | चल् | दा |
| जल्दा | जल् | दा |
| गल्दा | गल् | दा |
| दल्दा | दल् | दा |
| ढल्दा | ढल् | दा |
| फल्दा | फल् | दा |

### ३.३ निष्कर्ष

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा जम्मा ५९ वटा गजलहरू रहेका छन् । यस गजलसङ्ग्रहमा पूर्णशब्द काफिया, मिश्रित काफिया र एकाक्षरी काफियाको प्रयोग भएको छ ।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा प्रयोग भएका पूर्णशब्द काफिया प्रयोग भएका गजलहरू निम्नानुसार छन् ।

- गजल 'सुनझैं हजारचोटि'
- गजल 'बसी बुइँगलमा'
- गजल 'क बैह्रो र लाटो'
- गजल 'सहरमा छ चर्चा'
- गजल 'उनी पनि सल्लाहमा'
- गजल 'तीता-मीठा बातहरू'
- गजल 'फेर्नलाई सधैँ लुगा'
- गजल 'जैले पनि खुकुरीको'
- गजल 'मुक्तिको तिथिमिति'
- गजल 'के भनुँ म गजल यो'
- गजल मानिसले आफूलाई'
- गजल 'माला ऊने निहुँ'
- गजल 'कुन्नि कस्तो टुनामुना'
- गजल 'चिराचिरा परेको'
- गजल 'घमण्डमा थपीथपी'
- गजल 'दौलो हाँक हालिदिने'
- गजल 'यसै खुन यहाँ'
- गजल 'कसरी जाला चटक्कै'
- गजल 'रोकिन्न, रोकिदैन'
- गजल 'सखत हुन्छ मान्छे'
- गजल 'उही रात थियो'
- गजल 'यस्तो लाग्छ गजलले'
- गजल 'बिखालु रातको चिहान'
- गजल 'तिमी मेरो विश्वासको'
- गजल 'सिएको मन फाटेको'
- गजल 'घामजस्तो घाम हुन्छ'

- गजल 'दुनियाँ हेर्न फराकिलो'
- गजल 'मरूभूमिमा परेँ'
- गजल 'भीर, काँडा भए'
- गजल 'जुठो चाट्न उनी'
- गजल 'छचल्कियो गजलमा'
- गजल 'प्यालाले धित नमर्दा'
- गजल 'बेली चमेली फूलझैँ'
- गजल 'पत्थरको ओठबाट'
- गजल 'ठुस्किन्छ कैलेकाहीँ'
- गजल 'तुफानी रातमा'

उपर्युक्त ३६ वटा गजलमा पूर्ण शब्द काफियाको प्रयोग भएको छ ।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा मिश्रित काफियाको प्रयोग भएका गजलहरू निम्नानुसार रहेका छन् ।

- गजल 'पानीमा आगो लगाऊ'
- गजल 'सेती हो जिन्दगी'
- गजल 'अति गरे खति हुन्छ'
- गजल 'काँडामा टेकी'
- गजल 'न छ बन्दुक न तरबार'
- गजल 'पारा चढेको जो'
- गजल 'फैसला मुल्तवी मुद्दाको'
- गजल 'नसोध मान्छे कि म'
- गजल 'जिऊँ शानसँग'
- गजल 'ढोका ढाकी बसेका'
- गजल 'घाम लाग्ने आशैआसमा'
- गजल 'मै हुँ भन्नेको'
- गजल 'राम्रैराम्रो हुनुपर्ने'
- गजल 'न कुनै मेनका'
- गजल 'सीताको नाम'
- गजल 'के छ र बाँकी'
- गजल 'सुखा बादल'

- गजल 'पूर्णिमाको जून'
- गजल 'अहिले बिसौनी'
- गजल 'निधारमा मेची-काली'
- गजल 'बाचा थियो घरघरै'
- गजल 'ऊ पन्छिन्छ नाउँ'

उयर्पुक्त २२ वटा गजलमा मिश्रित काफियाको प्रयोग भएको छ । त्यसैगरी एउटा गजल 'अझै सर्प ज्यूदै' मा एकाक्षरी काफियाको प्रयोग भएको छ ।

चल्दै छ जिन्दगी गजलसङ्ग्रहमा पूर्णशब्द काफिया प्रयोग भएका गजल ३६ वटा मिश्रित काफिया प्रयोग भएका गजल २२ वटा र एकाक्षरी काफिया प्रयोग भएको एकवटा गरी जम्मा ५९ वटा गजल रहेका छन् । यस गजलसङ्ग्रहमा मिलित काफिया र शब्दाशं काफियाको प्रयोग भएको पाइँदैन ।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको गजल झीर, काँडा भएमा मतलाको मिसरा-ए-उलामा काफियाको प्रयोग भएको छैन । यस गजलसङ्ग्रहमा फरक-फरक काफियाको प्रयोग भएकाले यस गजलसङ्ग्रह काफिया प्रयोगका दृष्टिले उत्कृष्ट बन्न पुगेको छ ।

# अध्याय चार

# चल्दैछ जिन्दगीका गजलमा रदिफका प्रयोग

## ४.१ विषयप्रवेश

यस अध्यायमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा प्रयोग गरिएका रदिफहरूको अध्ययन गरी एकल रदिफ र बहुल रदिफको प्रयोग भएका गजलहरू र रदिफ प्रयोग नभएका (गैरमुरद्दफ) गजलहरूको अध्ययन गरिएको छ ।

## ४.२ चल्दैछ जिन्दगीका गजलमा रदिफको प्रयोग

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा आएका एकल रदिफ प्रयोग भएका गजलहरू निम्नानुसार रहेका छन् ।

- गजल 'बसी बुइँगलमा'
- गजल 'सहरमा छ चर्चा'
- गजल 'पारा चढेको जो'
- गजल 'के भनूँ म गजल यो'
- गजल 'मानिसले आफूलाई'
- गजल 'घमण्डमा थपीथपी'
- गजल 'कसरी जाला चटक्कै'
- गजल 'यस्तो लाग्छ गजलले'
- गजल 'सिएको मन फाटेको'
- गजल 'दुनियाँ हेर्न फराकिलो'
- गजल 'सीताको नाम'
- गजल 'भीर काँडा भए'
- गजल 'छचल्कियो गजलमा'
- गजल 'प्यालाले धित नमर्दा'
- गजल 'ठुस्किन्छ कैलैकाहीँ'
- गजल 'म सुखा बादल'
- गजल 'बाचा थियो घरघरै'

उपर्युक्त १७ वटा गजलमा एकल रदिफको प्रयोग भएको छ ।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा बहुल रदिफ प्रयोग भएका गजलहरू निम्नानुसार छन् ।

- गजल 'पानीमा आगो लगाऊ'
- गजल 'सुनझैँ हजारचोटि'
- गजल 'सेती हो जिन्दगी'
- गजल 'सेती हो जिन्दगी'
- गजल 'अति गरे खति हुन्छ'
- गजल 'म बैह्रो र लाटो'
- गजल 'काँडामा टेकी'
- गजल 'अझै सर्प ज्यूँदै'
- गजल 'उनी पनि सल्लाहमा'
- गजल 'न छ बन्दुक, न तरबार'
- गजल 'तीता-मीठा बातहरू'
- गजल 'फेर्नलाई सधैँ लुगा'
- गजल 'फैसला मुल्तवी मुद्दाको'
- गजल 'नसोध मान्छे कि म'
- गजल 'जैले पनि खुकुरीको'
- गजल 'मुक्तिको तिथिमिति'
- गजल 'कुन्नि कस्तो टुनामुना'
- गजल 'चिराचिरा परेको'
- गजल 'नौलो हाँक हालिदिने'
- गजल 'रोकिन्न, रोकिँदैन'
- गजल 'सखत हुन्छ मान्छे'
- गजल 'बिखालु रातको विहान'
- गजल 'मरूभूमिमा परेँ'
- गजल 'जुठो चाट्न उनी'
- गजल 'बेली चमेली फूलझैँ'
- गजल 'के छ र बाँकी'
- गजल 'पत्थरको ओठबाट'
- गजल 'पूर्णिमाको जून'
- गजल 'तुफानी रातमा'

उपर्युक्त २८ वटा गजलमा बहुल रदिफको प्रयोग भएको छ । १७ वटा एकल रदिफ र २८ वटा बहुल रदिफ प्रयोग ४५ वटा गजलहरू मुरद्दफ गजल अन्तर्गत पर्दछन् ।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रदिफ प्रयोग नभएका (गैरमुरद्दफ) गजलहरू निम्नानुसार रहेका छन् ।

- गजल 'माला उन्ने निहुँ'
- गजल 'जिऊँ शानसँग'
- गजल 'यसै खुन यहाँ'
- गजल 'ढोका ढाकी बसेका'
- गजल 'घाम लाग्ने आशैआसमा'
- गजल 'उही रात थियो'
- गजल 'मै हुँ भन्नेको'
- गजल 'तिमी मेरो विश्वासको'
- गजल 'घाम जस्तो घाम हुन्न'
- गजल 'राम्रैराम्रो हुनुपर्ने'
- गजल 'न कुनै मेनका'
- गजल 'अहिले बिसौनी'
- गजल 'निधारमा मेची-काली'
- गजल 'ऊ पन्छिन्छ नाउँ'

उपर्युक्त १४ वटा गजलमा रदिफको प्रयोग नभएकाले यी गजलहरू गैरमुरद्दफ गजलअन्तर्गत पर्दछन् ।

**चल्दैछ जिन्दगी**का धेरै जसो गजलमा फरक फरक किसिमका रदिफको प्रयोग पाइन्छ । **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा बहुल रदिफ प्रयोग भएका शब्दहरू धेरै छन् । चल्दै छ जिन्दगी गजलसङ्ग्रहमा बहुल रदिफको प्रयोग गरेर गजलकारले आफ्ना गजलहरूलाई आकर्षक एवम् मनमोहक बनाएका छन् ।

यहाँ प्रत्येक गजलहरूलाई क्रमैसँग प्रस्तुत गरिएको छ ।

### ४.२.१ 'पानीमा आगो लगाऊ' गजलमा रदिफको प्रयोग

गजल 'पानीमा आगो लगाऊ'मा काफियाको पछाडि आएका शब्द समूह त गजल भैदिन्छ' रहेको छ । तीनवटा शब्दको रदिफको प्रयोग भएको छ । त्यसैले यस गजलमा

बहुल रदिफको प्रयोग भएको छ। रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ।

### ४.२.२ 'सुन झैँ हजारचोटि' गजलमा रदिफको प्रयोग

गजल 'सुन झैँ हजारचोटि'मा काफियाको पछाडि आएका शब्द समूह 'पो जिन्दगी हो' रहेको छ। तीनवटा शब्द समूहको रदिफ प्रयोग भएको छ। त्यसैले यो गजलमा बहुल रदिफको प्रयोग भएको छ। रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो।

### ४.२.३ 'सेती हो जिन्दगी' गजलमा रदिफको प्रयोग

गजल 'सेती हो जिन्दगी'मा काफियाको पछाडि आएका शब्द समूह 'हो जिन्दगी' रहेको छ। दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ। रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ।

### ४.२.४ 'बसी बुइँगलमा' गजलमा रदिफको प्रयोग

गजल 'बसी बुइँगलमा'मा काफियाको पछाडि आएको शब्द 'थाले' रहेको छ। एउटा शब्दको रदिफ प्रयोग भएको छ। त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ। रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ।

### ४.२.५ 'अति गरे खति हुन्छ' गजलमा रदिफको प्रयोग

गजल 'अति गरे खति हुन्छ'मा काफियाको पछाडि आएको शब्द समूह 'हुन्छ बुझे हुन्थ्यो माइलाले' रहेको छ। चारवटा शब्द समूहको रदिफको प्रयोग भएको छ। त्यसैले यो गजल बहुल रदिफ भएको गजल हो। रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो।

### ४.२.६ 'म बैह्रो र लाटो' गजलमा रदिफको प्रयोग

गजल 'म बैह्रो र लाटो'मा काफियाको पछाडि आएको शब्द समूह 'बनी चुप लागेँ' रहेको छ। तीनवटा शब्द समूहको रदिफको प्रयोग भएको छ। त्यसैले यो गजल बहुल रदिफ भएको गजल हो। रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो।

### ४.२.७ 'काँडामा टेकी' गजलमा रदिफको प्रयोग

गजल 'काँडामा टेकी'मा काफियाको पछाडि आएको शब्द समूह 'पो जिन्दगी' रहेको छ। दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ। त्यसैले यस गजलमा बहुल

रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.८ 'सहरमा छ चर्चा' गजलमा रदिफको प्रयोग

गजल 'सहरमा छ चर्चा'मा काफियाको पछाडि आएको शब्द 'आउँदैछन्' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.९ 'अझै सर्प ज्यूँदै' गजलमा रदिफको प्रयोग

गजल 'अझै सर्प ज्यूँदै'मा काफियाको पछाडि आएको शब्द समूह 'हो बूँद राना' रहेको छ । तीनवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.१० 'उनी पनि सल्लाहमा' गजलमा रदिफको प्रयोग

गजल 'उनी पनि सल्लाहमा'मा काफियाको पछाडि आएको शब्द समूह 'राम्रो हुन्थ्यो' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.११ 'न छ बन्दुक, न तरबार' गजलमा रदिफको प्रयोग

गजल 'न छ बन्दुक न तरबार'मा काफियाको पछाडि आएको शब्द समूह 'गजलकार न हो' रहेको छ । तीनवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.१२ 'पारा चढेको जो' गजलमा रदिफको प्रयोग

गजल 'पारा चढेको जो'मा काफियाको पछाडि आएको शब्द समूह 'याद आउँछन्' दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.१३ 'तीता-मीठा बातहरू' गजलमा रदिफको प्रयोग

गजल 'तीता-मीठाहरू'मा काफियाको पछाडि आएको शब्द समूह 'याद आउँछन्' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल

रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.१४ 'फेर्नलाई सधैँ लुगा' गजलमा रदिफको प्रयोग

गजल 'फेर्नलाई सधैँ लुगा'मा काफियाको पछाडि आएको शब्द समूह 'छ मुलुकले' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.१५ 'फैसला मुल्तवी मुद्दाको' गजलमा रदिफको प्रयोग

गजल 'फैसला मुल्तवी मुद्दाको'मा काफियाको पछाडि आएको शब्द समूह 'ज्यूँदो छु' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.१६ 'नसोध मान्छे कि म गजलमा रदिफको प्रयोग

गजल 'नसोध मान्छे कि म' मा काफियाको पछाडि आएको शब्द समूह 'ज्यूँदो छु' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.१७ 'जैले पनि खुकरीको' गजलमा रदिफको प्रयोग

गजल 'जैले पनि खुकुरीको'मा काफियाको पछाडि आएको शब्द समूह 'हदै भो' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.१८ 'मुक्तिको तिथिमिति' गजलमा रदिफको प्रयोग

गजल 'मुक्तिको तिथिमिति' मा काफियाको पछाडि शब्द समूह 'छ कलैया' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.१९ 'के भनूँ म गजल यो' गजलमा रदिफको प्रयोग

गजल 'के भनूँ म गजल यो'मा काफियाको पछाडि आएको शब्द 'हुनुपर्छ' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत  पर्दछ ।

### ४.२.२० 'मानिसले आफूलाई' गजलमा रदिफको प्रयोग

गजल 'मानिसले आफूलाई'मा काफियाको पछाडि आएको शब्द 'छ' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.२१ 'माला उन्ने निहुँ' गजलमा रदिफको प्रयोग

गजल 'माला उन्ने निहुँ'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाको दुवै मिसरा र अन्य सेरको मिसरा ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफ प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.२२ 'कुन्नि कस्तो टुनामुना' गजलमा रदिफको प्रयोग

गजल 'कुन्नि कस्तो टुनामुना'मा काफियाको पछाडि आएको शब्द समूह 'छ गजलले' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.२३ 'चिराचिरा परेको' गजलमा रदिफको प्रयोग

गजल 'चिराचिरा परेको'मा काफियाको पछाडि आएको शब्द समूह 'छ मान्छे' रहेको छ । दुईवटा शब्द समूहको प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.२४ 'घमण्डमा थपीथपी' गजलमा रदिफको प्रयोग

गजल 'घमण्डमा थपीथपी'मा काफियाको पछाडि आएको शब्द 'परेपछि' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.२५ 'नौलो हाँक हालिदिने' गजलमा रदिफको प्रयोग

गजल 'नौलो हाँक हालिदिने'मा काफियाको पछाडि आएको शब्द समूह 'समयलाई सलाम छ' रहेको छ । तीनवटा शब्द समूहको प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.२६ 'जिऊँ शानसँग' गजलमा रदिफको प्रयोग

गजल 'जिऊँ शानसँग'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाको दुवै मिसरा र अन्य सेरको मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफ प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.२७ 'यसै खुन यहाँ' गजलमा रदिफको प्रयोग

गजल 'यसै खुन यहाँ'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाको दुवै मिसरा र अन्य सेरको मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफ प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.२८ 'ढोका ढाकी बसेका' गजलमा रदिफको प्रयोग

गजल 'ढोका ढाकी बसेका'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाको दुवै मिसरा र अन्य सेरको मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफ प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.२९ 'कसरी जाला चटक्कै' गजलमा रदिफको प्रयोग

गजल 'कसरी जाला चटक्कै'मा काफियाको पछाडि आएको शब्द 'जिन्दगी' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.३० 'रोकिन्न, रोकिदैंन' गजलमा रदिफको प्रयोग

गजल 'रोकिन्न, रोकिदैंन'मा काफियाको पछाडि आएको शब्द समूह 'छ जिन्दगी' रहेको छ । दुईवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल

रदिफको प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.३१ 'सखत हुन्छ मान्छे' गजलमा रदिफको प्रयोग

गजल 'सखत हुन्छ मान्छे'मा काफियाको पछाडि आएको शब्द समूह 'हुन्छ मान्छे' रहेको छ । दुईवटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफ प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.३२ 'घाम लाग्ने आशैआसमा' गजलमा रदिफको प्रयोग

गजल 'घाम लाग्ने आशैआसमा'मा काफियाको पछाडि कुनै शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.३३ 'उही रात थियो' गजलमा रदिफको प्रयोग

गजल 'उही रात थियो'मा काफियाको पछाडि कुनै शब्द आएको छैन । मतलाको दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.३४ 'मै हुँ भन्नेको' गजलमा रदिफको प्रयोग

गजल 'मै हु भन्नेको'मा काफियाको कुनै शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.३५ 'यस्तो लाग्छ गजलले' गजलमा रदिफको प्रयोग

गजल 'यस्तो लाग्छ गजलले'मा काफियाको पछाडि आएको शब्द समूह 'छ' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.३६ 'बिखालु रातको चिहान' गजलमा रदिफको प्रयोग

गजल 'बिखालु रातको चिहान'मा काफियाको पछाडि आएको शब्द समूह 'निम्ति लेख घनु' रहेको छ । तीनवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस

गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.३७ 'तिमी मेरो विश्वासको' गजलमा रदिफको प्रयोग

गजल 'तिमी मेरा विश्वासको'मा काफियाको पछाडि कुनै शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.३८ 'सिएको मन फाटेको' गजलमा रदिफको प्रयोग

गजल 'सिएको मन फाटेको'मा काफियाको पछाडि आएको शब्द 'देखेँ' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.३९ 'घाम जस्तो घाम हुन्न' गजलमा रदिफको प्रयोग

गजल 'घाम जस्तो घाम हुन्न'मा काफियाको पछाडि कुनै शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.४० 'राम्रैराम्रो हुनुपर्ने' गजलमा रदिफको प्रयोग

गजल 'राम्रैराम्रो हुनुपर्ने'मा काफियाको पछाडि कुनै शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा -ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यी गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.४१ 'दुनियाँ हेर्न फराकिलो' गजलमा रदिफको प्रयोग

गजल 'दुनियाँ हेर्न फराकिलो'मा काफियाको पछाडि आएको शब्द 'चाहिन्छ' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४२ 'न कुनै मेनका' गजलमा रदिफको प्रयोग

गजल 'न कुनै मेनका'मा काफियाको पछाडि कुनै शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । त्यसैले यस

गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफ प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ ।

### ४.२.४३ 'मरूभूमिमा परेँ' गजलमा रदिफको प्रयोग

गजल 'मरूभूमिमा परेँ'मा काफियाको पछाडि आएको शब्द समूह 'र त गजलकार भएँ' रहेको छ । चारवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४४ 'सीताको नाम' गजलमा रदिफको प्रयोग

गजल 'सीताको नाम'मा काफियाको पछाडि आएको शब्द 'अघि' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४५ 'भ्रूीर काँडा भए' गजलमा रदिफको प्रयोग

गजल 'भ्रूीर काँडा भए'मा काफियाको पछाडि आएको शब्द 'उनी' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफ प्रयोग भएको छ । रदिफ प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४६ 'जुठो चाट्न उनी' गजलमा रदिफको प्रयोग

गजल 'जुठो चाट्न उनी'मा काफियाको पछाडि आएको शब्द समूह 'उनी निकै नामुद छन्' रहेको छ । चारवटा शब्द समूहको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४७ 'छचल्कियो गजलमा' गजलमा रदिफको प्रयोग

गजल 'छचल्कियो गजलमा'मा काफियाको पछाडि आएको शब्द 'जिन्दगी' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४८ 'प्यालाले धित नमर्दा' गजलमा रदिफको प्रयोग

गजल 'प्यालाले धित नमर्दा'मा काफियाको पछाडि आएको शब्द 'पिएँ' रहेको छ । दुईवटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.४९ 'बेली चमेली फूल झैँ' गजलमा रदिफको प्रयोग

गजल 'बेली चमेली फूल झैँ'मा काफियाको पछाडि आएको शब्द समूह 'साँझ आयो' रहेको छ । दुईवटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.५० 'के छ र बाँकी' गजलमा रदिफको प्रयोग

गजल 'के छ र बाँकी'मा काफियाको पछाडि आएको शब्द समूह 'छ जिन्दगी' रहेको छ । दुईवटा शब्दको प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो ।

### ४.२.५१ 'पत्थरको ओठबाट' गजलमा रदिफको प्रयोग

गजल 'पत्थरको ओठबाट'मा काफियाको पछाडि आएको शब्द समूह 'बूँद आयो' रहेको छ । दुईवटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यो गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजलअन्तर्गत पर्दछ ।

### ४.२.५२ 'ठुस्किन्छ कैलैकाँही' गजलमा रदिफको प्रयोग

गजल 'ठुस्किन्छ कैलैकाँही'मा काफियाको पछाडि आएको शब्द 'जिन्दगी' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यो गजलमा एकल रदिफको प्रयोग भएको छ । त्यसैले यो गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो ।

### ४.२.५३ 'म सुखा बादल' गजलमा रदिफको प्रयोग

गजल 'म सुखा बादल'मा काफियाको पछाडि आएको शब्द 'रा'छु' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यो गजलमा एकल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यी गजल मुरद्दफ गजल हो ।

### ४.२.५४ 'पूर्णिमाको जून' गजलमा रदिफको प्रयोग

गजल 'पूर्णिमाको जून'मा काफियाको पछाडि आएको शब्द समूह 'देख्छु आँखाभरि सपनामा' रहेको छ । तीनवटा शब्दको प्रयोग भएको छ । त्यसैले यो गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो ।

### ४.२.५५ 'अहिले बिसौनी' गजलमा रदिफको प्रयोग

गजल 'अहिले बिसौन'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ ।

त्यसैले यो गजलमा रदिफको प्रयोग भएको छैन । रदिफको प्रयोग नगरिएकाले यो गजल गैरमुरद्दफ गजल हो ।

### ४.२.५६ 'निधारमा मेची-काली' गजलमा रदिफको प्रयोग

गजल 'निधारमा मेची-काली'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । यो गजलमा रदिफको प्रयोग भएको छैन । रदिफको प्रयोग नगरिएकाले यो गजल गैरमुरद्दफ गजल हो ।

### ४.२.५७ 'बाचा थियो घरघरै' गजलमा रदिफको प्रयोग

गजल 'बाचा थियो घरघरै'मा काफियाको पछाडि आएको शब्द 'दिने' रहेको छ । एउटा शब्दको रदिफ प्रयोग भएको छ । त्यसैले यी गजलमा एकल रदिफको प्रयोग भएको छ । एकल रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो ।

### ४.२.५८ 'ऊ पन्छिन्छ नाउँ' गजलमा रदिफको प्रयोग

गजल 'ऊ पन्छिन्छ नाउँ'मा काफियाको पछाडि कुनै पनि शब्द आएको छैन । मतलाका दुवै मिसरा र अन्य सेरका मिसरा-ए-सानीका अन्तमा काफिया आएको छ । यस गजलमा रदिफको प्रयोग गरिएको छैन । रदिफको प्रयोग नभएकाले यो गजल गैरमुरद्दफ गजल हो ।

### ४.२.५९ 'तुफानी रातमा' गजलमा रदिफको प्रयोग

गजल 'तुफानी रातमा'मा काफियाको पछाडि आएको शब्द समूह 'उनी तर्से' रहेको छ । दुईवटा शब्दका रदिफको प्रयोग भएको छ । त्यसैले यस गजलमा बहुल रदिफको प्रयोग भएको छ । रदिफको प्रयोग भएकाले यो गजल मुरद्दफ गजल हो ।

## ४.३ निष्कर्ष

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रदिफ प्रयोग भएका मुरद्दफ गजल ४६ वटा रहेका छन् भने रदिफ प्रयोग नभएकाले गैरमुरद्दफ गजल १४ वटा रहेका छन् । यसरी मुरद्दफ गजल र गैरमुरद्दफ गजल गरी चल्दै छ जिन्दगी गजलसङ्ग्रहमा जम्मा जम्मा ५९ वटा गजल रहेका छन् ।

यस गजलसङ्ग्रहमा १७ वटा एकल शब्दका रदिफको प्रयोग भएको छ र २९ वटा बहुल शब्दका रदिफको प्रयोग भएको छ । शास्त्रीय दृष्टिले रदिफ कम्तीमा एक शब्ददेखि तीन शब्दसम्मको हुनु उचित मानिन्छ तर तीनभन्दा बढी शब्दहरू रदिफका रूपमा प्रयोग भएको पनि पाइन्छ । यसैगरी यस गजलसङ्ग्रहमा एक शब्दका रदिफ

प्रयोग भएका गजलहरू १७ वटा दुई शब्दका रदिफ प्रयोग भएका गजलहरू १७ वटा तीन शब्दका रदिफको प्रयोग भएका गजल ९ वटा रहेका छन् भने चारवटा शब्दहरूको रदिफको प्रयोग भएका गजलहरू ३ वटा रहेका छन् जुन निम्नानुसार छन् :

गजल 'अति गरे खति हुन्छ'मा 'हुन्छ बुझे हुन्थ्यो माइलोले' चारवटा शब्दका रदिफको प्रयोग भएको छ ।

गजल 'मरूभूमिमा परेँ'मा 'र त गजलकार भएँ' चारवटा शब्दका रदिफको प्रयोग भएको छ ।

गजल 'जुठो चाट्ने उनी' 'मा उनी निकै नामुद छन्' चारवटा शब्दका रदिफको प्रयोग भएको छ । रदिफ गजलको अनिवार्य तत्त्व भने मानिदैन तथापि यसको प्रयोगले गजलको सौन्दर्य प्रसाधनमा महत्त्वपूर्ण भूमिका खेल्ने र गायनमा श्रुतिमधुरता समेत थपिने हुनाले अधिकांश गजलकारहरू यसलाई त्याग्न सक्दैनन् । यसैगरी यस गजलसङ्ग्रहमा पनि गजलकारले ४६ वटा गजलमा रदिफको प्रयोग गरी रदिफ प्रयोगका दृष्टिले **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह आकर्षक एवम् मनमोहक बन्न पुगेको छ ।

# अध्याय पाँच

# चल्दैछ जिन्दगीका गजलहरूको संरचना र कथ्यवस्तु

## ५.१ विषय प्रवेश

यस अध्यायमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका ५९ वटा गजलहरूको संरचना र कथ्यवस्तुहरुको अध्ययन गरिएको छ ।

## ५.२ चल्दैछ जिन्दगीका गजलहरूको संरचना र कथ्यवस्तु

### ५.२.१ पानीमा आगो लगाऊ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल गजलकार बूँद रानाको **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित पहिलो गजल हो । रानाले **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित सबै गजलको शीर्षक दिएका छन् । दस सेरमा संरचित यस गजलमा लगाऊ, फुलाऊ, बढाऊ, चढाऊ, घटाऊ नखाऊ, नजाऊ, सताऊ फुकाऊ, कुटाऊ, गाऊ जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यस गजलमा बहुल रदिफको प्रयोग गरिएको छ । त्यसैले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । मिसरा ए उलामा अक्षरको एकरूपता छैन र मिसरा ए सानीमा भने उच्चार्य १३ अक्षरको व्यवस्था गरिएको छ । यस गजलमा प्रत्येक सेरहरूको विषयवस्तु फरक फरक भएकाले यसलाई गैरमुसलसल गजलका रूपमा लिन सकिन्छ । गजलको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैटौं, सातौं, आठौं, नवौं र दसौं सेरमा क्रमशः १२, १४, ११, १२, १२, १२, ११, १२, ११, १२ गरी जम्मा ११९ वटा शब्दहरूको प्रयोग भएका छन् ।

यस गजलका सेरहरूले गजल कसरी हुन्छ भन्ने कुरा बताएका छन् । गजलको पहिलो सेरमा पानीमा आगो लगाउँदा र आगोमा फूल फुलाउँदा गजल हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा गजलमा प्रयोग गरिने शब्दहरू आगो जस्तो पोल्ने हिउँजस्तो पग्लने अनि फूल जस्तै कोमल हुन्छन् । यस्ता शब्दहरूलाई बुझेर, सोचेर, सम्झेर प्रयोग गर्ने हो भने उत्कृष्ट गजल बन्दछ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा गजल बन्नका लागि काफिया रदिफले मात्र पुग्दैन । दिलको फूल चढाएर मात्र गजल बन्दछ भन्ने कुरा गजलकारले उल्लेख गरेका छन् । गजलको चौथो सेरमा प्रेम प्रणयको स्वर प्रस्तुत गरेका छन् । प्रेममा, प्यारमा, मुहब्बतमा, माया जोडी रिसानी, राग, घिन घटायो भने गजल बन्दछ गजल बन्न उनका लागि रिस, राग, घिन हटाई माया, प्रेम र प्यारका कुराहरू उल्लेख गर्नुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ । गजलको पाँचौं सेरमा गजलकारले प्रगतिवादी जीवनदृष्टि प्रस्तुत गरेका छन् । जीवनमा हजार

हण्डर, ठक्कर दुःख पाए पनि सङघर्ष गर्दै अगाडि बढ्नुपर्छ हरेश खानु हुँदैन भन्ने प्रगतिवादी सन्देश दिएका  छन् ।

गजलको छैटौँ सेरमा अस्तित्ववादी जीवनदृष्टि प्रस्तुत गरिएको छ । गजलको सातौँ सेरमा प्रेम-प्रेणय प्रस्तुत गरिएको छ । एकान्तमा एक्लै बस्दा प्रियाको समीप चाहेका प्रियाको साथ पाएपछि सारा दुःख र सास्तीलाई भुलेर खुसी भएर गजल रचेको कुरा व्यक्त गरिएको छ । गजलको आठौँ सेरमा मनमा उकुस मुकुस भएका व्यथा र वेदनाहरूलाई गजलका माध्यमबाट व्यक्त गर्न सकिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । नवौँ सेरमा रहरका, सुखका दिनहरूलाई बटुलेर राखी निराशा र दुःखका दिनहरू भुलेर सुखका दिनहरूमा रमाएर गजल रचना गर्नुपर्दछ भन्ने सन्देश दिइएको छ । यसैगरी गजलको अन्तिम सेरमा अस्तित्ववादी जीवनदृष्टि प्रस्तुत गर्दै अस्तित्वको खोजीका लागि कसैको कुराको वास्ता नगरी आफ्नो निर्णयमा अघि बढ्नु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

### ५.२.२ 'सुनझैँ हजारचोटि' गजलको संरचना र कथ्यवस्तु

यो गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ ८ मा सङ्कलित दोस्रो गजल हो । दस सेरमा संरचित यस गजलमा खारे, हारे, सारे, नारे, झारे, बाँडे, छाडे, फारे, पारे, तारे, मारे जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । बहुल रदिफको प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणको आधारमा यसमा १५ अक्षरको लय विधान प्रयोग गरिएकाले विषयवस्तुका दृष्टिले यसलाई गैरमुसलसल गजल मान्न सकिन्छ । गजलको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाचौँ, छैटौँ, सातौँ, आठौँ नवौँ र दसौँ सेरमा क्रमशः १३, १४, १४, १३, १२, १४, १२, १२, १२ र १४ गरी जम्मा १३० वटा शब्दहरूको प्रयोग गरिएको छ ।

यस गजलमा जीवनमा आइपर्ने आपत-विपत, दुःख, पीडा अन्याय, अत्याचार जस्ता कठिन परिस्थतिमा पनि सङ्घर्ष गर्दै अगाडि बढ्न बढ्न सके मात्र जिन्दगी जिउन सकिन्छ । यदि यस्ता कठिन क्षणहरूको सामना गर्न सकिएन भने जिन्दगीको कुनै मान्यता रहदैन भन्ने कुराहरू व्यक्त गरिएको छ । जसरी सुनलाई हजारौ चोटि पगाल्दा पनि त्यसको रङ, रूप र गुणमा कुनै परिवर्तन आउँदैन त्यसैगरी मान्छेले पनि आफ्नो जिन्दगीलाई जस्तोसुकै परिस्थितिमा पनि ढाल्दै अगाडि बढाउन सक्नुपर्दछ भन्ने प्रगतिवादी स्वर यस गजलको पहिलो सेरमा व्यक्त गरिएको छ । दोस्रो सेरमा गमलामा फूल सारेर के नै प्रगति गरिन्छ र यदि बाँझो जमिन खनेर जल मल हालेर विरुवा सार्न सके मात्र विरुवाले स्वतन्त्र भएर जरा फैलाई हुर्कन र बढ्न, फुल्न र फल्न पाउँछ भन्ने प्रगतिवादी स्वर व्यक्त गरेका छन् । तेस्रो सेरमा काल चञ्चले छ आफ्नै तालमा हिड्छ

भन्ने कुरा जान्दा जान्दै पनि त्यसलाई च्याप्प छोपी राख्न सके जिन्दगी सार्थक बनाउन सकिन्छ भन्ने नियतिवादी जीवनदृष्टि यस सेरमा प्रस्तुत गरिएको छ । मरेर स्वर्ग देख्न पाइन्छ भन्ने रुढिवादी माथि व्यङ्ग्य गर्दै बाँचेर राम्रो काम गर्ने हो भने यस धर्तीमा जिउँदै स्वर्ग देख्न पाइन्छ भन्ने कुरा यस गजलको चौथो सेरमा प्रस्तुत गरिएको छ ।

दानी हुनका लागि धन सम्पत्ति बाँड्नु भन्दा नीति, उपदेश र नैतिकताका कुराहरू सुनाएर आफूलाई बाड्न सक्नु पर्दछ भन्ने नीतिवादी जीवनदृष्टि गजलको पाँचौं सेरमा व्यक्त गरिएको छ । गजलको छैटौं सेरमा बाँचुन्जेल केही गर्न नसकी हार मान्ने मानिस मुर्दा समान हुन्छ, जबसम्म मृत्युले हार मान्दैन तबसम्म मानिसले आफ्नो अस्तित्व खोजी गर्न हार मान्नु हुँदैन भन्ने अस्त्विवादी जीवनदृष्टि प्रस्तुत गरिएको छ । सातौं सेरमा जताततै डढेलो लाग्दा पनि हरियो देख्ने दोषी आँखाहरूमा लागेको जालो फाल्न सके जिन्दगी सुखमय बन्न सक्छ भन्ने कुरा उल्लेख गरिएको छ । आठौँ सेरमा गजलकार जिन्दगी देखि नै दिक्क र दिक्दार बनेको अवस्थामा अचानक जिन्दगीमा आशा नगरेका कुराहरू पाउन सफल बन्न पुगेको कुरा व्यक्त गरिएको छ । औँला समाती खोला तार्न सजिलो हुन्छ तर आँधीहुरी र तुफान आएको बेला डुङ्गा तार्न सक्नुपर्छ भन्ने प्रगतिवादी स्वर प्रस्तुत गजलको नवौं सेरमा व्यक्त गरिएको छ । यसैगरी गजलको अन्तिम सेरमा अर्को जन्म कसैले देखेको छैन र कसैले देख्न पनि सक्दैन यसर्थ यही जन्ममा नै मानिसले जस्तो सुकै जिन्दगी पनि जिउन सक्नु पर्दछ भन्ने भौतिकवादी जीवनदृष्टिलाई प्रस्तुत गरिएको छ ।

### ५.२.३ 'सेती हो जिन्दगी' गजलको संरचना र कथ्यवस्तु

यो गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ ९ मा सङ्कलित तेस्रो गजल हो । तेह्र सेरमा संरचित यस गजलमा काली, नाली, गाली, खाली, याली, डाली, सालासाली, माली ख्याली, प्याली, लाली, भ्याली, जाली, आली जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा हो जिन्दगी शब्द समूहको प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल हो भने विषयवस्तुका दृष्टिले गैरमुसलसल गजल हो । उच्चार्य अक्षरको आधारमा यस गजलमा अक्षरको एकरूपता छैन । गजलका सेरहरूमा क्रमशः १२, ११, १२, १२, १२, १०, १२, १२, १०, १२, ११, १० र १० गरी जम्मा १४६ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा आजको मानवजीवन निसन्देह जटिल छ तर जीवनमा कहिल्यै हार खानु हुँदैन भन्ने प्रगतिवादी चेतनाबाट प्रभावित भई गजलकारले जिन्दगी सेती हो जिन्दगी काली हो र बग्न नजान्ने फोहर नाली हो तर पनि जीवनलाई गतिशिल बनाई जिन्दगी देखि कहिल्यै नअत्तालिएर सङ्घर्ष गर्दै अघि बढ्नुपर्दछ भन्ने प्रगतिवादी

चेतना प्रस्तुत गरेका छन् । दोस्रो सेरमा नियतिवादी स्वर प्रस्तुत गर्दै नियतिले कैले माला पहिराउँछ त कहिले मोसो दलाउँछ स्पष्ट पारेका छन् । जिन्दगी भनेको जुवाडेको खल्ती जस्तै छिन्मा भरिलो र छिनमै खाली हुन्छ भन्ने कुरा तेस्रो सेरमा व्यक्त गरिएको छ । चौथो सेरमा मिठो, नमिठो दाना, पक्वान पस्किने कहीँ टपरी त कहीँ सुनको थाली जस्तै हो जिन्दगी भन्ने भाव व्यक्त गरिएका छ । पाँचौं सेरमा ढङ्ग नपुग्दा जिन्दगीमा कहिल्यै सुख, शान्ति र सन्तोषको अनुभव गर्न नपाएर पीडै-पीडामा बाँच्नुपर्दा जिन्दगी काँडा जस्तै भएको तर सुख र शान्ति पाउँदा जिन्दगी फूलको डाली जस्तै भएको अनुभव गजलकारले यस सेरमा व्यक्त गरेका छन् । छैटौं सेरमा जिन्दगी कसैको सिद्धान्त हो, कसैको सङ्घर्ष हो भने कसैकसैको सालासाली पनि हो भन्ने कुरा प्रस्तुत गरिएको छ । गजलको सातौं सेरमा जिन्दगी अरूले फालेको दुर्गन्ध लिने र आफूले अरूलाई सुगन्ध दिने बगैंचा हो र त्यस बगैंचालाई सुन्दर बनाउने माली पनि जिन्दगी आफैं नै हो भन्ने भाव प्रस्तुत गरिएको छ ।

आठौं सेरमा गजलकारले जिन्दगी दुःख, पीडा, आपत-विपत र रुँदा करूणगाथा जस्तो हो भने सुख, सन्तोष र हर्ष हुँदा झाम्रे, भजन जस्तै हो भन्दै जिन्दगीलाई जस्तो सुकै अवस्थामा पनि चलाउन सक्नु पर्दछ भन्ने सन्देश दिएका छन् । नवौं सेरमा गजलकारले जिन्दगी कसैकसैका लागि डिस्को र पिकनिक हो भनेका छन् । दसौं सेरमा जिन्दगी राती, अँधेरी, कोप्ची, काली भए तापनि प्रभातमा त सधै उषाको लाली जस्तै सुन्दर र मनमोहक हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । एघारौं सेरमा राष्ट्रप्रेमी नागरिकले आफ्नो राष्ट्रको अखण्डता बचाउनका लागि आफ्नो ज्यान समेत समर्पित गर्न सक्नुपर्दछ भन्ने सन्देश दिएका छन् । गजलको बाह्रौं सेरमा देश र जनताका लागि हितका काम गर्नाले गलाभरि माला पहिराई इज्जत, मान प्रतिष्ठाका साथ जिन्दगी उच्च हुन पुग्दछ यदि गरिब र असहायहरूप्रति अन्याय र अत्याचार गर्नाले माकुराको जालोमा फसेझैं जिन्दगी नै नर्क बन्न पुग्दछ भन्ने राष्ट्रियताको भाव व्यक्त भएको पाइन्छ । गजलको अन्तिम सेरमा प्रगतिवादी स्वर प्रस्तुत गर्दै गजलकारले जीवनमा आउने जस्तो सुकै परिस्थितिमा पनि सङ्घर्ष गर्दै अगाडि बढ्न सके जिन्दगी अग्लो हिमाल बन्न सक्छ नत्र भने जिन्दगी बालुवाको आली जस्तै भताभुङ्ग हुन्छ भन्ने सन्देश दिएका छन् ।

### ५.२.४ बसी बुइँगलमा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ ११ मा सङ्कलित चौथो गजल हो । पाँच सेरमा संरचित यस गजलमा गर्न, चर्न, भर्न, पर्न झर्न, मर्न जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । थाले रदिफको रूपमा आएकाले यो गजल मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ । अक्षरको

उच्चारणको आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, ११, १०, १३, ११ गरी जम्मा ५७ वटा शब्दहरू प्रयोग गरिएका छन् ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो जिन्दगीमा आएको निराशालाई प्रस्तुत गरेका छन् । भोकले आत्तिएका बेला खाना खान नपाउँदा दुबो खानु परेको पीडा र बाध्यतालाई यस सेरमा प्रस्तुत गरेका छन् । गजलको दोस्रो सेरमा स्वार्थीहरूले आफ्नो स्वार्थ पूरा नहुन्जेल ठूला ठूला कुराहरू गर्दै अमृत पिलाएर अमर बनाउँछु भन्ने धाक दिन्छन् जब आफ्नो स्वार्थ पूरा भएपछि अमृतको साटो जहर पिलाउँन थाल्दछन् भन्ने कुरा व्यक्त गरिएको छ । यस संसारमा कसैले कसैलाई कठै भनेर दयाको भाव देखाउने कोही छैनन् सबै दुनियाँ स्वार्थमा मै अडेको हुन्छ भन्ने भाव यस गजलको तेस्रो सेरमा प्रस्तुत गरिएको छ । गजलको चौथो सेरमा गजलकार दुःख र पीडाले छट्पटिएर उफ्रन खोज्दा न भाँडो न भैंमा भई झरेको पीडा प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा मलामीविना नै लासको अन्तिम संस्कार हुन थाल्यो भन्ने कुरा व्यक्त गरिएको छ ।

### ५.२.५ 'अति गरे खति हुन्छ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ १२ मा रहेका पाँचौं गजल हो । आठ सेरमा संरचित यस गजलमा खति, कति, मति, सती, झन्झटी, जति, दुर्गति, रति, घटी जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'हुन्छ बुझे हुन्थ्यो माइलाले' शब्द समूह रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको छ । यस गजलका प्रत्येक सेरका विषयवस्तु फरक फरक भएकाले यसलाई गैरमुसलसल गजलका रूपमा लिन सकिन्छ । गजलको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैटौं, सातौं र आठौं सेरमा क्रमशः १४, १३, १५, १४, १३, १३, १४ र११ गरी जम्मा १०७ वटा शब्दहरूको प्रयोग भएको पाइन्छ ।

यस गजलको पहिलो सेरमा कुनै पनि व्यक्ति वा वस्तु पाउनका लागि अति गर्नु हुँदैन अति गऱ्यो भने खती हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । दोस्रो सेरमा समाजमा भएका अन्याय, अत्याचार, दुराचार र स्वार्थ पूरा गर्ने नक्कली समाजसेवी प्रति व्यङ्ग्य प्रहार गरेका छन् र अचेल समाजमा कसैले पनि कसैलाई नैतिकता र मानवताका दृष्टिले व्यवहार गर्दैनन् भन्ने भाव व्यक्त गरिएको छ । तेस्रो सेरमा घरि गोरी, घरि काली खोज्दै हिँड्ने फुँडोहरू जो नारीहरूको अस्तित्वसँग खेलवाड गर्दछन् त्यस्ता दुराचारीहरूको अन्त्य गर्नुपर्दछ भन्ने सन्देश दिएको छ ।

चौथो सेरमा छलकपट र जालझेल गरेर खेल जित्न अत्यन्त झन्झट हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । पाँचौं सेरमा माछो-माछो भ्यागुतो गराएपछि अन्त्यमा आफ्नै

नोक्सान हुन्छ भन्ने कुरा बुझ्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । छैटौँ सेरमा दुनियाँले धारे हात देखाउन लागे के-कस्तो दुर्गति होला भन्ने कुरा व्यक्त भएको पाइन्छ । सातौँ सेरमा सुनको भाउ जति बढे पनि सुनलाई तौलिने तोला मासा, रति नै हुन् भन्ने बुझ्नुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ । यसैगरी आठौँ सेरमा जनघाती, देशघाती जस्ता अपराधीलाई शुली माथि चढाउने सजाए पनि कम भयो यस्ता अपराधीलाई त मृत्यु दण्ड जस्तो सजाए दिन पर्दछ भन्ने सन्देश दिएका छन् ।

### ५.२.६ 'म बैह्रो र लाटो' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ १३ मा सङ्कलित छैठौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा लाटो, माटो, खाटो, आँटो, बाटो, रातो, तातो, जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । बनी चूप लागेँ रदिफका रूपमा प्रयोग गरिएकोले यो गजल मुरद्दफ गजल हो । अक्षरको उच्चारणको आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १४, १२, १३, ११, १४, १२ गरी जम्मा ७६ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

यस गजलका सेरहरूमा निराशाजनक स्वर प्रस्तुत गरिएको छ । यस गजलको पहिलो सेरमा गजलकारले जिन्दगीमा बाँचेर पनि हाँसो र खुसी साथ रम्न नपाउँदा बैह्रो, लाटो, ढुङ्गा र माटो जस्तो बनी चूप लाग्दा पनि टाटो र खाटो जस्तो बनी चूप लाग्नु परेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा गजलकारले भोक र प्यासले कतै ज्यान लिन्छ कि भन्ने डरले पीठो र आँटो जस्तो बनी चूप लागेर बस्नुपरेको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा थाकेर यात्रा गर्न नसक्ने भएपछि गजलकार व्यस्त बाटो जस्तो बनी चूप लागेर वस्नुपरेको कुरा व्यक्त गरेका छन् । पाँचौँ सेरमा गजलकारले आफ्नो जीवन अनेकौँ चोट व्यथा समस्याबाट ग्रसित बनेकाले जीवनलाई उद्देश्यहीन देख्दै चूप चाप व्यथा सहन बाध्य भएको कुरा स्पष्ट पारेका छन् । गजलको अन्तिम सेरमा चोट र व्यथाले आहत बन्दै गएपछि व्यथामय जीवन बाँच्न विवश हुनुपरेको कुरालाई सरल शब्द र सुन्दर भावका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

### ५.२.७ 'काँडामा टेकी' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित सातौँ गजल हो । छ सेरमा संरचित यस गजलमा सारे, तारे, मनपारे, खारे, छाडे, हारे जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । यो जिन्दगी रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल

मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, १३,१७, १४, १५ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको पाइन्छ ।

गजलको पहिलो सेरमा गजलकारले जीवनमा आइपर्ने कठिन परिस्थितिमा पनि सङ्घर्ष गर्दै अगाडि बढ्नु पर्छ, काँडामा टेकी पाइला अघि सार्नुपर्दछ र भुमरीमा परेका डुङ्गालाई तार्न सक्नुपर्दछ भन्ने प्रगतिवादी स्वर प्रस्तुत गरेका छन् । दोस्रो सेरमा आफन्तहरूको प्रिय भएर मात्र हुँदैन पराइहरूको पनि प्रिय बन्न सके मात्र जिन्दगी सार्थक हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । तेस्रो सेरमा माटामा मिल्ने माटो बनेर के हुन्छ र नम्बरी सुन बन्न सके पो जिन्दगी सफल हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । चौथो सेरमा प्रगतिवादी स्वर प्रस्तुत गर्दै कालले डाक्यो भन्दै कालको पछि नलागी काललाई छाडेर बस्न सक्नु पर्दछ भन्ने भाव व्यक्त गरिएको छ । गजलको अन्तिम सेरमा अल्छी, लाछी र हुतिहारा भएर बाँच्नु नै व्यर्थ हो भन्ने कुराको सन्देश दिएका छन् ।

### ५.२.८ 'सहरमा छ चर्चा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ १५ मा सङ्कलित आठौँ गजल हो । आठ सेरमा संरचित यस गजलमा उनी, गुनी, थुनी, चुनी, सुनी, बुनी, मुनि, खुनी, चुनी जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । आउँदै छन् रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल हो । १३ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । गजलका सेरहरूमा क्रमशः १२, ११, ९, १३, १०, १०, ११, ११ गरी जम्मा ८६ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलमा द्वितीय पुरुषलाई सम्बोधन गरिएको छ ।

गजलको पहिलो सेरमा सहरमा हुने गरेका स्वार्थ, भ्रष्टाचार, अन्याय, अत्याचार, छल, कपटका बारेमा चित्रण गर्दै सहरमा बस्ने मानिसको नैतिकता र मानवता पनि हराउदै गएको कुरा व्यक्त गरिएको छ । दोस्रो सेरमा गजलकारले सहरमा बस्ने मान्छेले पैसालाई नै सबैभन्दा ठूलो इज्जत ठानी पैसा कमाउनका लागि जस्तो सकै काम गर्न पनि तयार भएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा सहरमा रहने भ्रष्टाचारीहरूले आफ्नो ज्यान कतै बर्बाद हुने हो कि भन्ने डरले पहिले नै सुरक्षित ठाउँको बन्दोबस्त गरेका हुन्छन् भन्ने कुरा व्यक्त गरिएको छ । चौथो सेरमा सहरमा स्वार्थीपनले व्यापक स्थान पाएको कुरा व्यक्त गरिएको छ । पाँचौँ सेरमा भ्रष्टाचारीहरू जतिसुकै धन सम्पत्ति कमाएर पनि कहिल्यै सुखी हुन सक्दैनन् भन्ने कुरा प्रस्तुत गरिएको छ । छैटौँ सेरमा अत्याचारीहरूको शिरमाथि सागर बग्दा पनि अझै माथि चढ्न खोज्छन् तिनीहरूको

आत्माले कहिल्यै सन्तुष्टि पाउन सक्दैन भन्ने कुरा व्यक्त गरिएको छ । सातौँ सेरमा आफ्नो हार हुने भएपछि खुनीहरू शूली चढ्न आफैँ आउँछन् भन्ने सन्देश व्यक्त गरेका छन् । अन्तिम सेरमा नियतिले डोऱ्याएको बाटे) मा हिड्न पर्छ नियतिको खेल कसैलाई थाहा हुँदैन त्यसैले कुनै दुःख र पीर नलिई नियतिले डोऱ्याएको बाटोमा हिड्न पर्छ भन्ने भाव व्यक्त गरिएको  छ ।

## ५.२.९ 'अझै सर्प ज्यूदै' गजलको संरचना र कथ्यवस्तु

यो गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ १६ मा सङ्कलित नवौं गजल हो । पाँच सेरमा संरचित यस गजलमा छ, न, त, जहो, अहो, खवर्दार जस्ता एकाक्षरी काफियाको प्रयोग गरिएको छ । 'हो बूँद राना' शब्द समूह रदिफका रूपमा आएकाले यो गजल मुरद्दफ गजलका रूपमा रहेको पाइछ । अक्षरको उच्चारणको आधारमा १२ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा बूँद राना तखल्लुसको प्रयोग गरिएको छ । यस गजलमा प्रत्येक सेरको विषयवस्तु फरक फरक भएकाले यसलाई गैरमुसलसल गजलका रूपमा लिन सकिन्छ । गजलको पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं सेरमा क्रमशः १४, १२, ११,१२ र १० गरी जम्मा ५९ वटा शब्दहरू प्रयोग भएका छन् ।

गजलको पहिलो सेरमा गजलकारले प्रगतिवादी स्वर प्रस्तुत गरेका छन् । सर्प मऱ्यो भनेर ढुक्क भएर नबस सर्प फेरि बिउझिन सक्छ त्यस्ता विषालु सर्पदेखि बचेर हिड्न सक्नु पर्दछ भन्ने कुरा व्यक्त गरिएको छ । दोस्रो सेरमा राजधानी जस्तो विसाल जनसङ्ख्या भएको ठाउँमा पनि गजलकारले आफ्नो अस्तित्वलाई बचाएर राखेको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा बाहिर इमान्दारको कुरा गरेता पनि भित्रभित्र छलकपट र जालझेल कायमै रहेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा गजलकारले प्रियसीको साथ पाए संसारलाई नै जित्न सक्ने कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा अर्काको आस र भरमा पर्दा आफ्नो जीवन नै बर्वाद भएको कुरा उल्लेख गरेका छन् ।

## ५.२.१० 'उनी पनि सल्लाहमा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ १७ मा सङ्कलित दसौं गजल हो । पाँच सेरमा संरचित यस गजलमा आए, गाए, छाए, धाए, खाए, र बाए जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । 'राम्रो हुन्थ्यो' शब्द समूह रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चरणको आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, ११, ११, १२ र ११ गरी जम्मा ५६ वटा शब्दहरूको प्रयोग गरिएको छ । मानवता, नीति, अस्तित्व, प्रगति आदि

विविध विषयवस्तुलाई समेटिएकाले यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले अरूलाई दुःख दिने अन्याय, अत्याचार गर्ने, शोषण गर्ने जस्ता नराम्रा व्यवहारहरूलाई छाडेर उच्च वर्ग र निम्न वर्गका सबै मानिसहरू बीच समानताको नाता जोडी मानवतावादी बन्न आह्वान गरेका छन् । दोस्रो सेरमा गजलकारले सुनचाँदीले छाएर घर दामी हुन्न घरको छानो इज्जतले छाए मात्र दामी हुन्छ भन्दै नीति र उपदेशका कुराहरू व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा गजलकारले आफ्नो अस्तित्वको खोजी गर्दै सागरको पिँधसम्म पुगेको कुरा स्पष्ट पारेका छन् । चौथौ सेरमा बातैपिच्छे झूठ बोल्ने, छलकपट, जालझेल गर्ने ढटुवाहरूले कुनै न कुनै दिन नराम्रोसँग हण्डर ठक्कर खान पुग्दछन् भन्दै नैतिकताको कुरा प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा सधैंभरि, समस्यम, पीर, व्याथा र चिन्ताबाट मुक्ति पाउनको लागि सङ्घर्ष गर्दै अगाडि बढ्न सक्नुपर्दछ भन्ने प्रगतिवादी स्वर प्रस्तुत गरेका छन् ।

### ५.२.११ 'न छ बन्दुक, न तरबार' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ १८ मा सङ्कलित एघारौं गजल हो । ५ सेरमा संरचित यस गजलमा तरबार, लगातार, हार, हतियार, घरबार र सार जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'गजल न हो' शब्द समूह रदिफको रूपमा प्रयोग भएको यस गजलमा उच्चार्य अक्षरमा एकरूपता आएको छैन । यस गजलका प्रत्येक सेरहरूको विषयवस्तु फरक फरक भएकाले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । यस गजलमा सेरहरू क्रमशः १४, १३, १४, १३ र १२ गरी जम्मा ६६ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकार बन्नका लागि बन्दुक र तरबारको आवश्यकता पर्दैन गजलकारहरू बन्दुक र तरबारले लड्दैनन् कलम र कापीले लड्दै अगाडि बढेका हुन्छन् भन्ने प्रगतिवादी स्वर प्रस्तुत भएको छ । दोस्रो सेरमा गजलकारहरू बाजी हारेर कहिल्यै रुदैनन् बरु बाजी कसरी जित्न सकिनछ भन्ने मौका पर्खेर बसेका हुन्छन् भन्दै आफ्नो अस्तित्व बचाउनका लागि निरन्तर सङ्घर्षरत हुनुपर्दछ भन्ने सन्देश व्यक्त गरेको पाइन्छ । तेस्रो सेरमा गजलकारहरूसँग एकसे एक सेरहरू नैसङ्गी साथीका रूपमा रहेका हुन्छन्, त्यसैले कुनै हतियार वा तरबारको साथ चाहिँदैन भन्ने कुरा स्पष्ट पारेको पाइन्छ । गजलको चौथो सेरमा गजलकारहरूले देश र जनताका लागि आफ्नो घरबार नै दाउमा लगाउन पनि पछि हट्दैनन् भन्ने राष्ट्रियताको सन्देश व्यक्त गरिएको छ । गजलको अन्तिम सेरमा गजलकारको जिन्दगी छहराको पानी जस्तै बगिरहेको हुन्छ यस्तै

जिन्दगीमा नै गजलकारले गजललाई सहारा लिएर अगाडि बढी रहेका हुन्छन् भन्ने सन्देश प्रस्तुत गरिएको छ ।

### ५.२.१२ 'पारा चढेको जो' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रहको पृष्ठ १९ मा सङ्कलित बाह्रौं गजल हो । ७ सेरमा संरचित यस गजलमा पारा, आहारा, सारा, खारा, दाऱ्हा, चारा, टाढा र गाढा जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'हुन्छ' शब्द रदिफका प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । गजलमा आएका सेरहरूमा फरक फरक विषयवस्तुको प्रयोग गरिएकाले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १० अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ९, ९, ८, ८, ८, ९ र ८ गरी जम्मा ५९ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले मानिसमा मानवीय प्रवृत्ति हराउदै गएको र दानवीय प्रवृत्ति बढ्दै जाँदा मान्छे नै मान्छेको आहार बन्न पुगेको कुराप्रति व्यङ्ग्य गरेका छन् । गजलको दोस्रो सेरमा मानिसमा विवेक र बुद्धि हराउँदै गएर पशुसरह अज्ञानी बन्न पुगेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा धर्मराज धृतराष्ट्र जस्ता धर्मात्माहरू राजा बन्न सके जनताले कुनै दुःख कष्ट भोग्नु पर्दैनथ्यो भन्ने राष्ट्रियताको सन्देश व्यक्त गरिएको छ । गजलको चौथो सेरमा बाहिरबाट हेर्दा दानी देखिने तर वास्तविक विचार भने अपवित्र भएका पापीको पेट भित्र दाऱ्हा हुन्छ भन्ने सन्देश व्यक्त गरेका छन् । गजलको पाँचौं सेरमा अगस्तिहरूमा भोक र लोभ जागे पछि ढुङ्गा-माटो पनि चारा हुन्छ भन्ने कुराप्रति व्यङ्ग्य गरेका छन् । गजलको छैटौं सेरमा मान्छे जब अध्यारोमा पर्छ तब उसलाई आफ्नो छाया देखि पनि डर लाग्दछ भन्ने पीडालाई स्पष्ट पारेका छन् । गजलको अन्तिम सेरमा स्वच्छ, पवित्र, हार्दिक र चोखो प्रेमलाई रगतसँग तुलना गर्दा रगतको रङ्ग भन्दा प्रेमको रङ्ग नै गाढा हुन्छ भन्ने कुराको सन्देश दिएका छन् ।

### ५.२.१३ 'तीता-मीठा बातहरू' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको पृष्ठ २० मा सङ्कलित तेहौं गजल हो । ७ सेरमा संरचित यस गजलमा बातहरू, साथहरू, घातहरू, खातहरू, पातहरू, हातहरू, मातहरू, रातहरू जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । याद आउँछन् शब्द समूह रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । गजलकारको आत्मालापीय शैलीमा रचना गरिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका

रूपमा रहेको छ । अक्षरको उच्चारणको आधारमा १३ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ९, ९, १०, ९, ११, १०, ९ गरी जम्मा ६७ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजकारलाई आफ्नो जिन्दगीमा घटेका दुखद घटनाहरू र तीता-मीठा कुराहरूको याद आएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा हृदयमा बन्द गरेर राखेका जिन्दगीका दुखद् क्षणहरू र आफन्तको विछोडमा भोग्नु परेका पीडाहरू याद आएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा वातावरण एकदमै प्रदूषित भएको देखदा गजलकारलाई फोहरमा खेल्ने खातेहरूको याद आएको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा वसन्तमा पालुवामा बैंस फुलेको देख्दा गजलकारलाई शिशिरमा झरिजाने पातहरूको याद आएको कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा गजलकारलाई आफ्नी प्रियसीसँग बिताएका दिनहरू र उनीसँग बिदा हुँदा हल्लाएका हातहरूको याद आएको कुरा व्यक्त गरेका छन् । छैटौं सेरमा गजलकारलाई साथीहरू सँग रहँदा शायरीहरू र शायरीले मातेका दिनहरूको याद आएको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा प्रजातन्त्र प्राप्तिका लागि आँटिलो र साहसिलो बनी लडाइमा उत्रदा बिताएका काला-काल रातहरूको याद आएको कुरा प्रस्तुत गरेका छन् ।

### ५.२.१४ 'फेर्नलाई सधैं लुगा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित चौधौं गजल हो । ५ सेरमा संरचित यस गजलमा फेरेको, बेरेको, हेरेको, सेरेको, घेरेको, केरेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'छ मुलुकले' शब्द समूह रदिफका रूपमा आएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । बूँद तखल्लुसको प्रयोग गरिएको यस गजलमा अक्षरको उच्चारणका आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा परहेको छ । गजलका सेरहरूमा क्रमशः १३, १४, १४, १३ र ११ गरी ६५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलका प्रत्येक सेरमा राष्ट्रियतावादी स्वर प्रस्तुत छ । गजलको पहिलो सेरमा मुलुकले सामाजिक एकता र सुधारको चाहना राख्दै अखण्ड राष्ट्रको अखण्डित नागरकको परिकल्पना गरी सधैं मुलुकले नयाँ लुगा फेर्न खोजेको तर आफूले सोचे जस्तो परिर्वतन पाउन नसकेपछि कोरालाई नयाँ लुगा मान्दै लगाउन बाध्य भएको कुरा स्पष्ट पारेका छन् । गजलको दोस्रो सेरमा मुलुकले हत्या, हिंसा कहिले अन्त्य भई देशमा शान्ति आउला भनी बाटो हेरेर बसेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा देशमा भइरहने हत्या हिंसाले गर्दा कति नेपाली आमा र दिदीबहिनीहरूले सेतो केरा र सेतो साडी लगाउनु परेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा मुलुकले जनतालाई

सुख, शान्ति, आनन्द, स्वतन्त्रता दिनका लागि निरन्तर सङ्घर्षमा लागि रहेको कुरा प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा हाम्रो प्यारो सुन्दर शान्त र विशाल मुलुक सधै शोषक र शामन्तको अन्याय र अत्याचारमा पिल्सिएदा मुलुकले कालो इतिहास कोर्नु परेको बाध्यतालाई प्रस्तुत गरेका छन् ।

### ५.२.१५ 'फैसला मुल्तवी मुद्दाको' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रहमा सङ्कलित पन्ध्रौं गजल हो । छ सेरमा संरचित यस गजलमा आज, मैदानमाफ, बाज, समाज, लाज, मिजाज, ताज जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'हुन्छ नि हो' शब्द समूह रदिफका रूपमा आएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १५ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा फरक फरक विषयवस्तु आएकाले यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजल अन्तर्गत पर्दछ । गजलका सेरहरूमा क्रमशः १३, १३, १३, १५, १४, १२ गरी जम्मा ८० वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले मुद्दाको फैसला गर्दा लुकेर होइन सारा जनताको सामु गर्नुपर्दछ भनेका छन् । गजलको दोस्रो सेरमा नङ्ग्राले खुन गर्नेहरूको पखेटामा सधैं नजर राख्नु पर्ने र झम्टिने खेल खेल्दा बाज नै सिपालु हुने गरेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा हजारौ काँडाहरूको मुटुमा डर भएजस्तै हजारौ फूलहरूको साथमा पनि एउटा सिङ्गो समाज हुन्छ भन्ने कुरा यस सेरमा गजलकारले व्यक्त गरेका छन् । चौथो सेरमा वर्तमान, समयमा वातावरण विग्रँदै गएको कुरा व्यक्त गरिएको छ । पाँचौ सेरमा जिन्दगीको हरेक क्षण्मा समस्याहरू मात्रै हात लाग्दा जीवन जिउन पनि ज्यादै कठिन भएको कुरा उल्लेख गरिएको छ । गजलको अन्तिम सेरमा पैसावाल मान्छेले पैसाकै आडमा गरिबहरूमाथि अत्याचार गरिरहेको र त्यस्ता अत्याचारीहरूलाई कानुनले पनि सजाय दिन नसकेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.१६ 'नसोध मान्छे कि म' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रहको पृष्ठ २३ मा सङ्कलित सोह्रौं गजल हो । ६ सेरमा संरचित यस गजलमा बनी, भनी, गनी, धनी, नागफनी, अनि पनि जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'ज्यूँदो छु' शब्द समूह रदिफका रूपमा आएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । प्रथम पुरुष दृष्टिविन्दु को प्रयोग गरिएको यस गलमा फरक फरक विषयवस्तुको प्रयोग गरिएकाले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १४ अक्षरको लयविधान प्रयोग

गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १६, १३, १२, ११, १४ र १४ गरी जम्मा ८० वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफू बाँचिरहेको जीवनको यथार्थता अत्यन्त कठिन भएपनि सुन्दर सपना जस्तो सोचेर मूर्ति जस्तै पीडा व्यथाहरू लुकाएर बनावटी हाँसो हाँसी बाच्नु परेको कुरालाई स्पष्ट पारेका छन् । गजलको दोस्रो सेरमा गजलकारलाई आफ्नो जिन्दगी आफ्नै लागि अभिशाप बन्न पुगेकाले कसैलाई जिन्दगीमा बाधा नहाल्न बिन्ती गर्दै सपनामा तुहेका सन्तानहरू गन्दै ज्युँनु परेका बाधयतालाई स्पष्ट पारेका छन् । गजलको तेस्रो सेरमा गजलकारले आगोको ज्वालाजस्तो भएर ज्युँनु परेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा गजलकार फूलमा पल्टिन पाए चिरनिद्रामा हुने तर फूलमा पल्टिन नपाएर उनी सिउँडीको काँडामा पल्टिएर भए पनि बाँच्नु परेको बाधयतालाई व्यक्त गरेका छन् । गजलको पाँचौं सेरमा गजलकारले आफूदेखि नियति सधै दिक्क भएकोले दिनरात चितामा जलेर पनि ज्यूँनु परेको यथार्थतालाई स्पष्ट पारेका छन् । गजलको अन्तिम सेरमा विसङ्गतिवादी जीवनदृष्टि प्रस्तुत गर्दै गजलकारले भन्छन् कालले हार नमानेपछि जहरको प्याला पिएर पनि बाँच्न सकेको कुरा स्पष्ट पारेका छन् ।

### ५.२.१७ 'जैले पनि खुकुरीको' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रहमा सङ्कलित सत्रौं गजल हो । ८ सेरमा संरचित यस गजलमा धार, भार, तार, हार, मार, चार, बार, खार, पार जस्ता पूर्णशब्द काफियाको प्रयोग गएिको छ । 'हदै भो' शब्द समूह रदिफका रूपमा आएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १३ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलमा 'बूँद' तखल्लुसको प्रयोग गरिएको छ । गजलका सेरमा फरक फरक विषयवस्तुको प्रयोग गरिएकाले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ । गजलका सेरहरूमा क्रमशः ११, १०, १४, ११, १२, १०, १३ गरी जम्मा ९५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले भन्छन् फूलजस्तो सुन्दर जिन्दगीमा हत्या, हिंसा, काटमार जस्ता नकारात्मक घटनाहरूले गर्दा जिन्दगी नै बर्बाद भएको कुरा स्पष्ट पारेका छन् । गजलको दोस्रो सेरमा गाइनेले सुमधुर धुन निकालेर मिठो गीत गाउन खोज्दा सारङ्गीको तार नै छिन्न पुगेको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा गजलकारले जीत भन्ने शब्द सुन्दा दिक्क मान्दै आफ्नो जिन्दगीमा कहिल्यै जीत नभएको सधै हार मात्र सहनुपरेकाले जीव्न देखि नै निरास बनेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा गजलकार मौसमदेखि गुनासो पोख्दै आफूले चाहे अनुसारको

आनन्दको अनुभूतिम मौसमबाट लिन नपाएर दिक्क भएको कुरा स्पष्ट पारेका छन् । गजलको पाँचौं सेरमा दुष्ट र बदमासहरूले जताततै आफ्नो शक्ति प्रर्दशन गरिरहेका तर असल र सज्जनहरू पछाडि परिरहेको सत्यतालाई प्रष्ट पारेका छन् । गजलको छैटौं सेरमा सूर्यलाई हप्केलाको बार लगाएर छेक्न खोज्ने विसङ्गतिवादी जीवनदृष्टि प्रस्तुत गरिएको छ । गजलको सातौं सेरमा गुलाफ जस्तो मिठो वास्ना दिने फूलमा अचेल बारुदको खार आउन थालेको कुरा स्पष्ट पारेका छन् । गजलको अन्तिम सेरमा गजलकारले चारैतिरबाट समस्या र जटिलताले पिल्सिएको आफ्नो जिन्दगी देखि हरेस आएको कुरा व्यक्त गरेका छन् ।

### ५.२.१८ 'मुक्तिको थितिमिति' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित अठारौं गजल हो । ५ सेरमा संरचित यस गजलमा गन्दै, भन्दै, कन्दै, ठन्डै, खन्दै, बन्दै जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'छ कलैया' शब्द समूह रदिफका रूपमा आएको पयो गजल मुरद्दफ गजल हो । अक्षरको उच्चारणको आधारमा १३ अक्षरको लयविधान प्रयोग गरिएको छ । गजलका सेरमा फरक फरक विषयवस्तु प्रयोग गरिएकाले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ । गजलका सेरहरूमा क्रमशः ११, १०, ११, १३, १२ गरी जम्मा ५७ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले समाजमा रहेका अत्याचारीहरूको शोषण र दमनले गर्दा सर्वसाधारण जनताले स्वतन्त्रताको उज्यालो देख्न नपाउँदा त्यस्ता अत्याचरीहरूले समाजबाट कहिले मुक्ति पाउँलान् भनी मुक्तिको तिथिमिति गन्दै बसेको कुरा व्यक्त गरिका छन् । गजलको दोस्रो सेरमा कलैयाले जनताको जिन्दगीलाई सुनौलो र सुन्दर बनाउन नौलो विहानी जन्माउने चाहना राखेको कुरा व्यक्त गरिएको छ । गजलको तेस्रो सेरमा दिनरात ज्योति पाउन जल्दै रहेको कलैयालाई निन्दकहरूले ठन्डै छ भनी आरोप लगाएको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा समाजका अनैतिक कार्य गर्नेहरूलाई पुनका लागि खाल्डो खन्दै गरेको कुरा व्यक्त गरेका छन् । गजलको पाँचौं सेरमा कलैयाले मुक्ति र त्यागको पाठ सिकाई सबै जनतालाई दधिची जस्तै दानी बन्न सक्नुपर्दछ भन्ने सन्देश दिएका छन् ।

### ५.२.१९ 'के भनूँ म गजल यो' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित उन्नाइसौं गजल हो । ६ सेरमा संरचित यस गजलमा कस्तो, जस्तो सस्ता, पस्तो, कस्दो, बस्दो, घस्तो जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'हुनुपर्छ' शब्द रदिफका रूपमा आएकाले पयो

गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, १२, ११, ११, १२, ११ गरी जम्मा ६९ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलका सेरहरूले फरक फरक विषयवस्तु बोकेकाले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले गजल कसरी हुन्छ र कस्तो गजल उत्कृष्ट हुन्छ भन्ने व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा गजलकार भन्छन् जीवन र जगत्का निमित घाम, पानी र हावाजस्तै सबैले पढ्न र बुझ्न, आनन्द लिन सक्ने जस्तो गजल हुनुपर्दछ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा गजल ढुङ्गा जस्तो कठोर मुटुलाई पनि छेडेर भित्र पस्न सक्ने सुकोमल र हृदयस्पर्शी भावहरूको अभिव्यक्ति दिनसक्ने हुनुपर्दछ भन्ने विचार व्यक्त गरेर छन् । गजलको चौथो सेरमा काफिया र रदिफ दुवैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र सुमधुर तुल्याएको हुन्छ । त्यसैले यी दुई बीचको साइनोलाई कसेर राख्न सक्यो भने अत्यन्त उत्कृष्ट गजल बन्न सक्छ भन्ने सन्देश दिएका छन् । गजलको पाँचौं सेरमा गजलमा आएका सेरहरूमा अक्षरको एकरूपता हुनुपर्दछ भन्ने कुरा व्यक्त गरेका छकन् । यसैगरी गजलको अन्तिम सेरमा गजलकारले मानवतावादी बन्न आग्रह गरेका छन् । मानवतावादी बन्नका लागि दुःखी गरीबहरूको चहराइरहेको घाउमा मलम पट्टी लगाई शीतलता दिनु पर्दछ भन्ने कामना गरेका छन् ।

### ५.२.२० 'मानिसले आफूलाई' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित बीसौं गजल हो । छ सेरमा संरचित यस गजलमा ढालेको, थालेको, हालेको, पालेको, चालेको, बालेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'छ' रदिफका रूपमा आएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणको आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलमा आएका सेरहरूको विषयवस्तु फरक-फरक भएकाले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ । यस गजलका सेरहरूमा क्रमशः १५, १४, १२, १३, १३ गरी जम्मा ६७ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले मानिसमा बढ्दै गएको स्वार्थीपन र अमानवीय प्रवृत्तिले गर्दा सहिष्णुता र मानवताका गुणहरू हराउँदै गएको र दिनप्रति दिन लडाई झगडा गरिरहेको देख्दा मानिसलाई मानिस भन्न पनि लाज लाग्न थालेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा मानिसले राम्रा कामहरू गर्न छाडी नराम्रा काम गर्दा आफ्नो जीन्दगी नै बर्बाद पारेको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा निसमा बढ्दै गएको स्वार्थ, छलकपट र षड्यन्त्रले गर्दा आफ्नै घरमा पालेका

आफन्तहरू नै सर्प र बिच्छी भई आफैलाई नै डस्न पुगेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा गजलकारले मानिसमा भएको अमानवीय प्रवृत्तिलाई परिवर्तन गर्न जति नै कोशिस गरे पनि उसको व्यवहारमा कहिल्यै परिवर्तन आउन नसकेको देखेर गजलकार निरास बन्न पुगेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा मानिसले आशा गरेका कुराहरू प्राप्त गर्न नसकेपछि जिन्दगी देखि नै निराश बन्न पुगेपछि आफ्नो घरको छानोमा आगी बाल्न पुगेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.२१ 'माला उन्ने निहुँ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको एक्काइसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा डाली, माली, ताली, गाली, आली खाली जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ  रदिफ प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले पयो गजल गैरमुरघफ गजल अन्तर्गत पर्दछ । बूँद तखल्लुसको प्रयोग गरिएको यस गजलमा १४ अक्षरको लयविधान प्रयोग गरिएको छ । यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १२, ११, ११, १०, १२ गरी जम्मा गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले मानिसमा बाहिरबाट हेर्दा मानवता भए जस्तो देखिने तर वास्तवमा मानिसले मानवताको खोल मात्र ओढेको र दानवीय प्रवृक्ति बढ्दै गएकोले फूलले पनि मानिसलाई माली बनाउन नचाहेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा निराशाजनक स्वर प्रस्तुत गर्दै आफू बाँचेर पनि हाँसो र खुसी साथ रम्न नपाएको र अरुको प्रशंसा गर्दा ताली पर्ि नबनाउन नसकेको कुरा स्पष्ट पारेका छन् । गजलको तेस्रो सेरमा देशभक्तिको झूठो भाषण गर्ने नेताहरूलाई व्यङ्ग्य गर्दै झूठो भाषण दिनुभन्दा बरु गाली दिनु नै बेस हुने कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा समाजका कुनै पनि मानिसमा मानवीयता र सहयोगको भावना नभएको सबै मानिसमा स्वार्थ, छलकपट र दानवीय प्रवृत्तिले जरो गाडेको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा चोटै चोटले आहत बन्दै व्यथामय जीवन बाँच्न विवश हुनुपरेको कुरालाई व्यक्त गरेका छन् ।

### ५.२.२२ 'कुन्नि कस्तो टुनामुना' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रहको पृष्ठ २९ मा सङ्कलित बाइसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा जानेको, तानेको, हानेको, धानेको, मानेको, छानेको, बानेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'छ गजलले' शब्द समूह रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । विषयवस्तुका दृष्टिले यो गजल गैर मुसलसल गजल अन्तर्गत पर्दछ । 'रन', प्याक, टुनामुना जस्ता

आगन्तुक शब्दको प्रयोग गरिएको यो गजल भाषा प्रयोगमा केही जटिल देखिन्छ । अक्षरको उच्चारणका आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमश १२, १५, १३, १२, १३, १२ गरी जम्मा ७७ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले गजलमा अनौठो किसिमको शक्ति भएको जसले हरेक तह र तत्काका मानिसहरूको मनलाई जित्न सफल भएको कुरा स्पष्ट पारेका छन् । गजलको दोस्रो सेरमा दुई चार रन लिई निरास बनेको जिन्दगीमा गजले छक्कै छकका हानेर खुसीयाली छाई दिएको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा मीर, फैज र गालिबले धानेको बिँडीलाई आज गजलले गजबले धान्न सकेको कुरा स्पष्ट पारेका छन् । गजलको चौथो सेरमा अरू कुनै ठाउँमा गजललाई जुनसुकै रूपमा माने पनि गजलकारले गजललाई मोतीका दानाका रूपमा लिएका छन् । गजलको पाँचौ सेरमा तिर्खालुले प्युँदा, खरो, चर्को नहोस् भनेर गजलले सागरका बूँद-बूँदलाई छानेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा रेशमले बाँध्दा मनमा लागेका चोटहरू दुख्लान् भनी गजलले ती चोट र व्यथाहरूलाई भावनाले बाँधेर राखेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.२३ 'चिराचिरा परेको' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रहको पृष्ठ ३० मा सङ्कलित तेइसौँ गजल हो । ८ सेरमा संरचित यस गजलमा परेको, मरेको, सरेको, गडेको, सडेको, झरेको, डढेको, चढेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'छ मान्छे' शब्द समूह रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा १० अक्षरको लय विधान प्रयोग गरिएको यो गजलका सेरहरूमा क्रमश: ९, ९, १०, ९, ९, ९, ९ गरी जम्मा ७५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले मान्छेको जीवन अनेकौँ चोट व्यथा र समस्याले ग्रसित बनेकाले जिउँने चाहना नहुँदाहुँदै पनि जिउन बाध्य हुनुपरेको व्यथालाई उललेख गरेका छन् । गजलको दोस्रो सेरमा आफूभित्रका अनेकौं चोट, व्यथा र पीडालाई सहननसकेर आफूबस्ने डेरा पनि सरेर अन्यन्त्र कतै हिंड्नु परेको विवशतालाई उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा मानिसमा स्वच्छ, शुद्ध र पवित्र विचार क्रमश: लोप हुँदै गएको र अपवित्र एवम् अशुद्ध विचार भरिँदै गएपछि मान्छे नर्कमा नै रमाउँन थालेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा मानिसमा बढ्दै गएको अनैतिकता र अमानवीय प्रवृत्तिले गर्दा सडेर फोहर जस्तै गनाउन पुगेको कुरा प्रस्ट पारेका छन् ।

गजलको पाँचौँ सेरमा सबै मानिसहरू आफ्नो स्वार्थ पूर्तिमा लागेर इमान र नैतिकता जस्ता मानवीय गुण मानवबाट हटेर निकै तल खसेको जसलाई तान्ने र उठाउने कुनै साधन नपाएको कुरालई उल्लेख गरेका छन् । गजलको छैटौँ सेरमा मान्छे भित्र बलिरहेको आगोलाई बूँदले पनि निभाउन नसकेको कुरा उल्लेख गरेका छन् । गजलको सातौँ सेरमा बाहिरबाट हेर्दा मान्छेले जिन्दगीमा केही सफलता प्राप्त गर्न नसकेर पछि परेजस्तो देखिने तर बास्तविक रूपमा मान्छेको जिन्दगीलाई केलाउँदा ऊ सधैं अगाडि बढेको कुरा स्पष्ट पारेका छन् । गजलको अन्तिम सेरमा मान्छे चुलीमा चढ्न सफल बनेको कुरा व्यक्त गरेका छन् ।

### ५.२.२४ 'घमण्डमा थपीथपी' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजल सङ्ग्रह अन्तर्गतको चौबीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा मात, रात, घात, साथ, लात, खात, हात जस्ता पूर्ण शबद काफियाको प्रयोग भएको पाइन्छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यस गजलमा १४ अक्षरको लयविधान प्रयोग गरिएको छ । यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ९, १३, ८, ११, १२, १२ गरी जम्मा ६५ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले नराम्रो काम गर्नेहरू रातारात करोडपति बन्दै चरित्रवान् कहलिन्छन् भने जसले रातदिन पसिना बगाउँछ मिहिनेत गर्छ उसले आफ्नो घरबार जमाउन नसेकेको सत्यतालाई स्पष्ट पारेका छन् । गजलको दोस्रो सेरमा गजलकारले मानिस समाजमा रहने हुनाले आफूमाथि हुने अन्याय, अत्याचारका विरुद्ध आवाज उठाउनु स्वाभाविकै हो तर अचेल ढुङ्गाले चोट सहन नसकेर न्यायको आवाज उठाउन थालेको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा शकुनी जस्तो छलकपटी मानिसहरू रहेको समाजमा जालझेल, धोखाधडी र कुटनीति जस्ता कुराहरूले जरो गाडेर रहेका हुन्छन् भन्ने कुरा स्पष्ट पारेका छन् । गजलको चौथो सेरमा हत्केलाले सुम्सुम्याएर बाङ्गो लिङ्गोलाई सोझो बनाउन नसकिने त्यसलाई सोझो बनाउनका लागि लातको आवश्यकता पर्ने कुरा उलेख गरेका छन् । गजलको पाँचौँ सेरमा भात बासी भएपछि त गनाउँछ नै तर फूल जस्तो मिठो सुगन्ध दिने चिज पनि खात परेपछि गन्हाउँन थाल्छ भन्ने यथार्थ कुरालाई प्रस्तुत गरेक ाछन् । गजलको अन्तिम सेरमा आफ्नो अस्तित्वको खोजीका लागि मौकामा चौका हान्न सके जीवन सार्थक बन्दछ भन्ने कुरा उल्लेख गरेका छन् ।

### ५.२.२५ 'नौलो हाँक हालिदिने' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पच्चीसौँ गजल हो । ९ सेरमा संरचित यस गजलमा हालिदिने, फालिदिने, पगालिदिने, आलीदिने, लालीदिने, मालीदिने, थालीदिने, बालिदिने, पालिदिने, टालिदिने जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ । १७ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ११, १२, १०, ९, १०, ११, ९, ९, ९, १० गरी जम्मा ९१ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले वर्तमान समयमा राजनीतिमा आएको नयाँ, विचार, नयाँ मान्यता, नयाँ सोचलाई सलाम गर्दै हतकडी जस्तो अन्याय गर्नेलाई सजाय दिने कुरालाई उखलेर फालिदिने समयलाई सलाम गरेका छन् । गलको दोस्रो सेरमामै हुँ भन्दै चट्टान जस्तो कठोर बनेका नेताहरूको चुरीफुरीलाई मैनझैँ पगालिदिने समयलाई सलाम गरेका छन् । गजलको तेस्रो सेरमा जताततै फैलिएर हिडेको पानीलाई धेरै दुःख कष्ट सही कडा परिश्रमका साथ मजबुत आली बनाई कुलोमा जोगाइ राख्न सक्ने समयलाई सलाम गरेका छन् । गजलको चौथो सेरमा राष्ट्रको अखण्डता बनाउनका लागि आफ्नो ज्यानको बली दिने सहिदको रगतको प्रतिफल सम्झाउन क्षितिजमा लालीदिने समयलाई सलाम गरेका छन् । गजलको पाँचौँ सेरमा बाँदरको हातमा परेको फुलबारीलाई फुत्काएर नयाँ र नौलो मालीको हातमा गरदिने समयलाई सलाम गरेका छन् । गजलको छैँटौँ सेरमा उराठ लाग्दो धरतीमा खुसीयाली छर्न भनी अबिरको थाली ल्याइ दिने समयलाई सलाम गरेका छन् । गजलको सातौँ सेरमा जिन्दगीदेखि निराश भएर निन्याउरो अनुहार लगाएको अवस्थामा घाम र जूनको उज्यालो बालीदिने समयलाई सलाम गरेका छन् । गजलको आठौँसेरमा सागरका छालहरू अनगिन्ती हुँदाहुँदै पनि बूँदलाई पगालिदिन सक्ने समयलाई सलाम गरेका छन् । गजलको अन्तिम सेरमा बारुद र बन्दुकले छिया छिया बनेका हृदयमा प्वालहरूलाई टालिदिन सक्ने समयलाई सलाम प्रकट गरेका छन् ।

### ५.२.२६ 'जिऊँ शानसँग' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको छब्बीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा शानसँ, पहिचानसँग, ज्ञानसँग, गुणगानसँग, अपमानसँग, भगवान्सँग, जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणका आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ७, ८, ७, ९, १० गरी जम्मा ४१ वटा

शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले प्रगतिशील विचार व्यक्त गर्दै नितान्त सुनौलो पहिचानमा शानसँगै जिउँनु र शानसँगै मर्नु सक्नुपर्दछ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा खडेरीको समयमा विरुवाले जलमल नपाएपछि हुर्कन बढ्न नपाएर ओइलाएर निराश भएर रहेको हुन्छ र जब वर्षाको समयमा जल र मल पाउँछ तब ऊ खुसीले मौलउछ र हाँगा हाल्न थाल्छ त्यसैगरी मासिन पनि ज्ञान नपाउँदा सम्म जिन्दगी देखि निराश बन्दै बाचेको हुन्छ भने ज्ञान पाइसकेपछि ऊ जिन्दगी देखि खुसी हुँदै सुखी जीवन जिउँन थाल्छ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा मानवतावादी स्वर प्रस्तुत गर्दै मानिसमा मानवीय प्रवृत्ति हराउँदै गएकाले मानिसलाई सर्वश्रेष्ठ प्राणी मानि गुणगान गर्नु बेकार भएको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा समाजमा अपमानीत र घृणित भई बाँच्नु भन्दा मर्नु नै जाती हुने कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा प्रगतिशील विचरा व्यक्त गर्दै आफ्नो हकअधिकार लिनका लागि भगवान्सँग पनि हात नफैलाई सङ्घर्ष गर्दै अगाडि बढ्नु पर्दछ भन्ने सन्देश दिएका छन् ।

### ५.२.२७ 'यसै खुन यहाँ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको सत्ताइसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा तातो, नातो, तातो, पातो, माटो, साटो जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणका आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलमा प्रत्येक सेरहरूमा क्रमशः ११, ९, ९, ९, १२ गरी जम्मा ५० वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल रहेको छ ।

गजलको पहिलो सेरमा गजकारले खुनसँग चोट र व्यथाको गहिरो नाता रहने कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा प्रगतिशील विचार व्यत्त गर्दै अँध्यारोविरुद्ध बल्ने फिलिङ्गोले खरानी बने पनि तातो दिन्छ भन्ने कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा राष्ट्रियतावादी स्वर प्रस्तुत गर्दै इतिहास राम्रो र मीठो हुँदैन यसमा दुखद् घटनाहरूलाई प्रस्तुत गरिएको हुन्छ त्यसैले इतिहास नुनिलो पसिनाको पातो हो भन्ने कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा राष्ट्रवादी स्वर प्रस्तुत गर्दै राष्ट्रको अस्मितालाई जोगाउनका लागि आफ्नो ज्यानको बलिदान दिने वीर सहिदहरूको रगतले देशको माटो मलिलो बनेको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले राष्ट्रिय मर्यादालाई सर्वोपरि स्थान दिँदै स्वर्ग र देशको माटो दुईबीच

यौटालाई रोज्नु पर्दा गजलकारले स्वर्गको साटो देशको माटोलाई रोज्न पुगेको कुरालाई प्रस्तुत गरेका छन् ।

### ५.२.२८ 'ढोका ढाकी बसेका' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको अठ्ठाइसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा बोकाहरू, ढोकाहरू, लेखाजोखाहरू, डोकहरू, धोकाहरू, चोखाहरू, भोकाहरू जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १३, १२, १२, ११, १२, १२ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले दुष्ट, खराब, बेइमान र नैतिकताहिन मानिसहरूले नै समाजमा आधिपत्य कायम गरी जतातत्तै आफ्नै शक्ति प्रर्दशन गरिरहेका तर असल, चरित्रवान्, सज्जन र सच्चा व्यक्तिहरूका लागि आश्रमका ढोकहरू समेत खुला नभएको सत्यतालाई प्रष्ट पारेका छन् । गजलको दोस्रो सेरमा गरीब किसानहरूले कडा भन्दा कडा परिश्रम गरी आफ्ना इच्छा आंकाक्षाहरू पूरा गर्न भनी बाली लगाउँछन् तर खडेरी परि बाली नभएपछि गरिब किसानहरू एकपेट खान र एकसरो लाउन नसकेपछि उनीहरूका इच्छाहरू पीपलका फूल जस्तै भएको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा समाजमा सम्पन्न व्यक्तित्वका रूपमा चिनिने मुखियाले आफ्नो पालो पर्दा पँधेरोमा गाग्रीको सट्टा डोकाहरू थाप्ने गरेको यथार्थतालाई प्रस्तुत गरेका छन् । गजलको चौथो सेरमा मानिस जति नै होसियार बन्न खोजे पनि नियतिको बाटोमा चुपचाप लागेर हिड्न पर्ने बाध्यतालाई प्रस्तुत गरेका छन् । गजलको पाँचौं सेरमा अँध्यारो रातमा सेतो र कालो छुट्याउन नसके जस्तै समाजमा पनि असल र खराब छुट्याउन नसकेर दोषीहरू जति सबै चोखा बन्न पुगेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा जिन्दगीको हरेक क्षणमा समस्याहरू मात्रै हात लाग्दा जीवन जिउन पनि ज्यादै कठिन भएको कुरा उल्लेख गरेका छन् ।

### ५.२.२९ 'कसरी जाला चटक्कै' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको उनन्तीसौँ गजल हो । छ सेरमा संरचित यस गजलमा तोडेर, कोरेर, मोडेर, ओढेर, गोडेर, जोडेर जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ 'जिन्दगी' शब्द रदिफका रूपमा प्रयोग गरिएकाले रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणका आधारमा १६

अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ११, १७, ११, १७ गरी जम्मा ७० वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो जिन्दगी र गजल बीच गहिरो नाता रहेको र गजलका माध्यमद्वारा जिन्दगीका अविस्मरणीय क्षणहरूलाई प्रस्तुत गर्न सकिने हुनाले जिन्दगीले गजलसँग नाता तोड्न सक्दैन भन्ने यथार्थलाई प्रस्तुत गरेका छन् । गजलको दोस्रो सेरदमा राष्ट्रियतावादी स्वर प्रस्तुत गरेका छन् । स्वर्ग र नर्क जे खोज्यो त्यही यही देशको माटोमा पाइन्छ त्यसैल बाचुन्जेल देशमा राम्रो काम गर्न सक्यो भने जिन्दगीले जस्तो सुकै मोडमा पुऱ्याए पनि सुखसँग बाँच्न सकिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा घामले पोल्दा असिना पर्दा, सिरेटो चल्दा पनि जिन्दगी देखि हरेस नखाई संघर्ष गर्दै अगाडि बढ्न सक्नुपर्छ भन्ने प्रगतिवादी विचार प्रस्तुत गरेका छन् । गजलको चौथो सेरमा गजलकारले जिन्दगीमा कुनै झारपात, लेऊ फोहर मैला नराखी सफा सुग्घर बनाउन चाहने कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले पढेर पनि आफ्नो योग्यता अनुसार जागिर पाउन नसकेपछि जिन्दगीदेखि नै निरास बनेको कुरा व्यक्त गरेका छन् ।

### ५.२.३० 'रोकिन्न, रोकिँदैन' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजसङ्ग्रह अर्न्तगतको तीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा चल्दै, बल्दै, ढल्दै, मल्दै, फल्दै, जल्दै जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । 'छ जिन्दगी' शब्द समूह रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । 'बूँद' तखल्लुसका रूपमा प्रयोग गरिएको यस गजलमा अक्षरको उच्चारणमा एकरूपता पाइदैन । यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ११, १३, १०, १३, ११ गरी जम्मा ५८ वटा शब्दहरूको प्रयोग गरिएको छ । प्रत्येक सेरहरूमा फरक फरक विषयवस्तुको प्रयोग भएकाले यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो हक अधिकार प्राप्त गर्नका लागि वा बन्दी जस्तो जिन्दगीका विरुद्धमा स्वतन्त्रता र समानता प्राप्त गर्नका लागि जस्तोसुकै समस्या या तुफानमा पनि दियो बाल्दै सङ्घर्ष गर्दै अगाडि बढ्नुपर्छ भन्ने प्रगतिशील विचारव्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा नियतिवादी स्वर प्रस्तुत गरेका छन् । गजलको तेस्रो सेरमा आफूलाई जस्तोसुकै समस्या आइपरे पनि कसैबाट पनि कहिल्य सहयोग नपाएछि सुर्ती, चुरोट जस्ता अम्मलहरूको साथ लिदैं जिन्दगी जिउनु परेको वाध्यतालाई प्रस्तुत गरेका छन् । गजलको चौथो सेरमा जिन्दगीको हरेक क्षणमा

समस्याहरू मात्रै हात लाग्दा जीवन जिउन पनि ज्यादै कठिन भएपछि काललाई पर्खेर बस्नु परेको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा हुरी बतासलाई धन्यवाद दिई त्यसैको असरले गर्दा आफ्नो लक्ष्य प्राप्तिमा बाधा पुऱ्याउनेहरूलाई नास गर्न सकेको कुरा व्यक्त गरेका छन् ।

### ५.२.३१ 'सखत हुन्छ मान्छे' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको एक्तीसौँ गजल हो । छ सेरमा संरचित यस गजलमा तरल, अटल, कमल, सजल, गजल, असल जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १२, ११, ९, ११, १२ गरी जम्मा ५५ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले मानवतावादी स्वर प्रस्तुत गर्दै मानिसले मानिससँग दानवीय व्यवहार नगरी मानवीय व्यवहार गरी सधैं नरम र सहयोगी बनी मित्रताको भावना राख्नु पर्दछ भन्ने कुरा स्पष्ट पारेका छन् । गजलको दोस्रो सेरमा मान्छेलाई मायाको आवश्यकता पर्दछ त्यसैले मान्छेलाई स्नेह, माया दियो भने ऊ कमल जस्तै सुन्दर र नरम बन्दछ यदि यसलाई घृणा गर्ने वा हेप्ने हो भने ढुङ्गा जस्तो कठोर बनी ठेस लगाउँन पुग्दछ भन्ने यथार्थतालाई प्रस्तुत गरेका छन् । गजलको तेस्रो सेरमा मानवीयता भएको मानिसले दुःख र सुखमा सधैं साथ दिइरहेको हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा गजलकारले अधरले चुम्न सकेमा मान्छे पनि गजल बन्न सक्छ भनेका छन् । गजलको अन्तिम सेरमा गजलकारले मान्छे निर्मल र कोमल हुँदा देवभन्दा पनि असल बन्न सक्छ भन्दै मानिसमा मानवीयता कायम रहेको छ भन्ने कुरा प्रस्तुत गरेका छन् ।

### ५.२.३२ 'घाम लाग्ने आशैआसमा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** छ जिन्दगी गजलसङ्ग्रह अन्तर्गतको बत्तीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा आशैआसमा, बासमा, गाँसमा, खासमा, नाशमा, लासैलासमा, सासमा जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिकोण यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा ९ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ७, ८, ७, ७,

६, ७ गरी जम्मा ४२ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले आशावादी स्वर प्रस्तुत गर्दै घाम लाग्ने आश गर्दागर्दै सिस्नेबारीमा बास बस्नु परेको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा गजलकार भोक मीठो भन्दै खाँदा पहिलो गाँसमा नै ढुङ्गा परेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रौ सेरमा दुनियाँले अचानोका रूपमा लिने अचनानोलाई गजलकारले वास्तवमा अचानो भनेको त आफ्नै मुटु रहेछ भनी अचानोलाई चोट लाग्दा आफ्नै मुटुमा चोट लागेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा मान्छेको जिन्दगीमा विसङ्गगति छाएकाले मानिसले राम्रो नराम्रो, असल, खराब, घाटा नोक्सान पनि छुट्याउन नसक्ने भएकाले आफ्नै नाशमा पनि रमाउँन थालेको कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा चिहानमा प्राणको खोजी गरेर पाउन सकिदैन भनेका छन् । गजलको अन्तिम सेरमा ढुङ्गालाई पगाल्नका लागि ज्वालामुखीको आवश्यकता पर्दछ भन्ने कुरा उल्लेख गरेका छन् ।

### ५.२.३३ 'उही रात थियो' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको तेत्तीसौं गजल हो । ७ सेरमा संरचित यस गजलमा थियो, दियो, सियो, लियो, मियो, खियो, चियो, दियो जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा ६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ६, ५, ६, ४, ४, ७, ६ गरी जम्मा ३८ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तु प्रयोगका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले जीवनको अविस्मरणीय रातमा आफूले भोगेका चोट र व्यथाहरूको सम्झना गरेका छन् । गजलको दोस्रो सेरमा नियतिवादी स्वर प्रस्तुत गर्दै नियतिले डोऱ्याएको बाटोमा हिड्दा जतिपल्ट दिललाई सिलाउने कोशिश गऱ्यो त्यति नै च्यातिदै गएको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा मानिसले मानवताको खोल मात्र ओढेको उसको वास्तविक रूप दानवीय बन्दै गएकाले भलो गर्छु भन्दै बदला लिन थालेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा राजनीतिका नाममा हुने स्वार्थ, कपट, षड्यन्त्र र खिचातानीले गर्दा नेताहरू बीच भाँडभैलो भएपछि देश झन्झन् बिग्रिरहेको र जनताहरू कमजोर बन्दै गएको कुरा उल्लेख गरेका छन् । गजलको छैटौं सेरमा देशलाई सही बाटोमा अगाडि बढाउने जिम्मेवारी बहन गरेर उच्चपदमा बसेका व्यक्तिहरूले आफ्नो काम र कर्तव्यप्रति वेवास्ता गरेको कुरा उल्लेख

गरेका छन् । गजलको अन्तिम सेरमा देशद्रोही, व्यभिचारी, षड्यन्त्रकारी र दूराचारीहरूको अन्त्य गर्न आँधी हुरी निरन्तर रूपमा चलिरहेको अखण्ड दियो पनि बलिरहेको हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

### ५.२.३४ 'मै हुँ भन्नेको' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको चौतीसौँ गजल हो । ७ सेरमा संरचित यस गजलमा देखियो, भेटियो, टेकियो, छेकियो, हेपियो, मेटियो, रेटियो, मेटियो जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । अक्षरको उच्चारणका आधारमा ११ आक्षरको लयविधान प्रयोग गरिएको छ । यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १०, ९, ९, १०, ११, ९, ११ गरी जम्मा ६९ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले समाजमा मै हुँ भन्नेहरूको जिन्दगीमा रमिता देखेको र तिनीहरूको मुटु छाम्दा मुटुभित्र ढुङ्गा भेटेको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा माथि पुग्ने चाहना भयो भन्दैमा शिरमाथि टेक्न पुग्नु हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा मैनबत्ती निभाउँदा सिङ्गो घाम नै छेकिएको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा फुल्ने डालीझुक्तछ भन्थे तर झुक्न खोज्दा जिन्दगी नै हेपिन पुगेको कुरा व्यक्त गरेका छन् । गजलको पाँचौँ सेरमा मानवतावदी स्वर प्रस्तुत गर्दै हरेक मानिसको बानी, व्यवहोरा र सोचाइ फरक फरक भएकाले नै एक अर्का बीच दुश्मनी हुने गरेको कुरा व्यक्त गरेका छन् । गजलको छैटौँ सेरमा वर्तमान समयमा राजनीतिक र सामाजिक क्षेत्रमा घटेका घटनाहरूले गजलकार बूँद रानालाई पनि चोट लाग्न पुगेका कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा समाजमा बढ्दै गएको स्वार्थी र अमानवीय प्रवृत्तिले गर्दा सत्य र असत्य छुट्याउन नै गाह्रो हुन पुगेको कुरा व्यक्त गरेका छन् ।

### ५.२.३५ 'यस्तो लाग्छ गजलले' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पैँतीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा बारेको, हारेको, झारेको, पारेको, सारेको, गाडेको जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । 'छ' शब्द रदिफका रूपमा प्रयोग गरिएकाले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा १६ अक्षरको १३, ११, ११, १५ गरी जम्मा ६४ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तु प्रयोका दृष्टि यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकार रमेश हरिलट्ठकको असामयिक मृत्यु हुँदा गजलकारले उनकै सम्झनामा गजलले एक उत्कृष्ट हस्तीलाई गुमाउनु पर्दा गजल साहित्यमा ठूलो क्षति हुन पुगेको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा निराशावादी स्वर प्रस्तुत गर्दै आँसु झारेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा आवेशमा आएर आत्महत्या गर्दा काल पनि फसादमा पर्नु परेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा नवैलिने फूलहरू बगैंचामा सारेकाले मालीलाई धन्यवाद दिएका छन् । गजलको अन्तिम सेरमा नियतिवादी स्वर प्रस्तुत गर्दै नियतिले मानिसको जिन्दगीमा कहिले हाँसो-खुसी त कहिले दुःख पीडा दिएको हुन्छ नियति भन्ने कुरा हामी सबैको दिलभित्र जरा गाडेर रहेको हुन्छ त्यसैले हामी सबै नियतिले डोऱ्याएको बाटोमा हिडिरहेका हुन्छौ भन्ने कुराको सन्देश दिएका छन् ।

### ५.२.३६ 'बिखालु रातको चिहान' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको छत्तीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा चिहान, बिहान, किटान, मिलान, इमान, निदान जस्ता पूर्ण शब्द काफियाको प्रयोग रिएको छ । रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजल रहेको छ । अक्षरको उच्चारणको आधारमा १५ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमश १२, १४, १२, ११, १३ गरी जम्मा ६२ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले मुसलसल गजलका रूपमा रहेको छ ।

गजलका सबै सेरहरूमा प्रगतिवादी विचार व्यक्त गरिएको छ । गजलको पहिलो सेरमा गजलकारले घनुलाई बिखालु रातको चिहान र अझै नझुल्केको बिहानको बारेमा लेख्न आग्रह गरेका छन् । गजलको दोस्रो सेरमा उकेरा हाल्दा बोटको जरा उखेल्ने बैरीलाई सजाय दिनु पर्दछ भनेका छन् । गजलको तेस्रो सेरमा देश र जनताका लागि हित हुने काम गरी दुनियाँको नजरमा मरेर पनि ज्यूँदो रही आकाश धर्तीको मिलन गराउन सक्नुपर्दछ भन्ने सन्देश दिएका छन् । गजलको चौथो सेरमा जुक्ति र बुद्धिले काम गरी देशलाई खडेरी र डढेलोबाट बचाई इनाम लिन सकनुपर्दछ भनेका छन् । गजलको अन्तिम सेरमा ओखती गर्नेले थाकेर हात बाँधे पनि रोगको निदान गर्न तिर लाग्नुपर्दछ भन्ने सन्देश दिएका छन् ।

### ५.२.३७ 'तिमी मेरा विश्वासको' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको सैतीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा मियो, दीयो, सियो, चियो, लियो, थियो जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोग दृष्टिले गैरमुरद्दफ गजलका रूपमा रहेको

छ । अक्षरको उच्चारणको आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, ११, १३, १४, १२ गरी जम्मा ६० वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नी प्रेमीकालाई आफ्नो हरेक दुःख सुखमा साथ दिई विश्वासको मियो बनिदिए आफूले दियो विना नै अन्धकारलाई हटाई उज्यालो बनाईदिने कुरा उल्लेख गरेका छन् गजलको दोस्रो सेरमा सयौँ छुरा भाला पचाएको छातीमा सियो देखाई तर्साउँदा हाँसो लागेको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा दुई मनमुटु मिलेर मित्रताको साइनो गाँसिएको प्रेममा कुनै शत्रु वैरीहरूले हमला गर्ने हुन् कि भन्ने आशङ्का रहेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा आशावादी स्वर प्रस्तुत गर्दै मान्छेको जीवनमा सुख र दुःख तथा प्राप्ति र अप्राप्ति दुवै आउन सक्छन् तसर्थ मान्छेले आफ्नो जिन्दगीलाई परिस्थिति अनुसार चलाउन सक्नुपर्दछ । विश्वास र आशामा नै संसार चलेको हुन्छ त्यसर्थ आशावादी विचार राखेर जीवन जिउनु पर्ने विचार प्रस्तुत गरेका  छन् । गजलको अन्तिम सेरमा समाज रहेका अन्याय, अत्याचारी र फटाहाहरूको अन्तगरी समाजमा लोकिहितका कामहरू गरी दुनियाँका नजरमा मरेर पनि ज्यूँदो रहन सक्नुपर्दछ भन्ने विचार प्रस्तुत गरेका छन् ।

### ५.२.३८ 'सिएको मन फाटेको' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ४५ मा सङ्कलित अड्तीसौँ गजल हो । ९ सेरमा संरचित यस गजलमा फाटेको, काटेको, मातेको, छाँटेको, चाटेको, काटेको, पाटेको, साटेको, तातेको, आँटेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल हो किनकि यसमा 'देखेँ' एकल रदिफका रूपमा प्रयोग गरिएको छ । आत्मपरक शैलीमा लेखिएको यस गजलमा प्रथम पुरुष दुष्टिविन्दुको प्रयोग गरिएको छ । अक्षरको उच्चारणको आधारमा १० अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ८, ८, १०, ९, ७, ८, ७, ९, ८ गरी जम्मा ७४ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले साँचो, पवित्र, स्वच्छ र चोखो प्रेम गर्नेहरूले आफ्नो प्रेमलाई अमर राख्नका लागि सिएको मनलाई फटालेको र मायाको चङ्गालाइ काटेको देखेका गजलको दोस्रो सेरमा जमानाजस्तो हुनु छ भन्दै धर्म, संस्कृतिको रक्षा गर्ने पण्डितहरू पनि आफ्नो कर्तव्य र अस्तित्वलाई बिर्सेर अनैतिक कार्यहरूमा लागि मातेका कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा अल्छी मानिसले काम नगरी यो गरे मैले त्यो गरे मैले भनेर ठूला ठूला गफ लगाएको देखेका गजलको चौथो सेरमा समाजमा मै

हुँ भन्ने ठूलाबडाले आफूले थुकेको थुक चाट्न पुगेको कुरा उल्लेख गरेका छन् । गजलको पाँचौं सेरमा समाजमा रहेका शोषक, अत्यचारी, षड्यन्त्रकारी र फटाहाहरूले सोझा निमुखा जनताहरूलाई अनेक प्रलोभन र जालझेलमा फसाएर रुखमाथि चढाई आराले काटेको कुरा उल्लेख गरेका छन् । गजलको छैटौं सेरमा समाजमा जतिपनि न्याय दिने समाजवादी धारणा अनुसार बनेका नीतिनियम छ तिनीहरू पनि शोषक र सामन्तको चाल र खेलले दोषीलाई निर्दोष सावित गर्न सारा प्रमाणहरू भेटाउने गरेको कुरा प्रष्ट पारेका छन् । गजलको सातौं सेरमा देशलाई चलाउनका लागि उच्च तहमा रहेका पदाधिकारीहरूले देशलाई बन्धकी राखेर डलर र युरोसँग देश साटेको कुरा उल्लेख गरेका छन् । गजलको आठौं सेरमा शोषकहरूको अगाडि चिसो हिमाल पनि तातेको कुरा उल्लेख गरेका र गजलको अन्तिम सेरमा प्रगतिवादीहरू आफ्नो पाखुरी र पौरखमा निर्भर हुन्छन् कसैका दासतालई स्विकार्नुभन्दा ज्यान बलिदान गर्न पनि पछि हड्दैनन् भन्ने कुरा व्यक्त गरेका छन् ।

### ५.२.३९ 'घामजस्तो घाम हुन्न' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ४६ मा सङ्कलित उनन्चालीसौं गजल हो । ६ सेरमा संरचित यस गजलमा जून, रुन, नून, खुन, धून, छुन, सुन जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले गैरमुरद्दफ गजलका रूपमा रहेको छ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यस गजलमा १४ अक्षरको लयविधान प्रयोग गरिएको छ । यस गजलका सेरहरूमा क्रमशः ११, १२, १३, १०, ११, १२ गरी जम्मा ६९ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलका प्रत्येक सेरहरूमा फरक फरक विषयवस्तु प्रयोग गरिएकाले विषयवस्तुका दृष्टिले यो गजल । गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले घाम जस्तो घाम नभएको र जूनजस्तो जून नभएकाले फूल राम्रोसँग फूल्न र फक्रिन नपाएपछि फूललाई ढुङ्गा अघि रुन परेको यथार्थलाई प्रस्तुत गरेका छन् । गजलको दोस्रो सेरमा हिजो सहृदयी मित्र बनी सँगै बस्ने गर्थे तिनै मित्रहरू आज भित्रभित्रै अनेक जाल र षड्यन्त्र गरेर मित्रताको नाता तोडी शत्रुताको नाता जोड्न पुगेको कुरा प्रस्तुत गरेका छन् । गजलको तेस्रो सेरमा जिन्दगीमा चारैतिरबाट समस्यै समस्याले घेरिदा वाक्क भएर गजलकारले जथाभावी बग्ने बगाउने हो भने शरीरमा खुन नै नबगे हुन्छ भनेका छन् । गजलको चौथो सेरमा हिजो बाँसुरीको धुन सुनेर आनन्द लिने गाउँघरमा आज बन्दुकले बाँसुरीको धुन सुनाउँदा झर्को मानेर भएपनि मीठो भन्नुपरेको बाध्यतालई प्रस्तुत गरेका छन् । गजलको पाँचौं सेरमा मानिसले चन्द्र छोएँ भनेर गर्व गर्छ तर आफ्नो मानवीय प्रवृत्तिलाई कायम राख्न नसकि

दिनप्रतिदिन अमानवीय बन्दै गएको यथार्थलाई प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले वर्तमान समयमा पारखी र पौरखीहरूको योग्यता र क्षमताको कुनै कदर नहुनाले जतिसुकै प्रतिभावान् भए तापनि पछाडि पर्नुपर्ने र ठूलाबडा भ्रष्ट व्यक्तिहरू अगाडि बढेको कुरालाई प्रस्तुत गर्दै वर्तमान समयमा पित्तल र सुनको मूल्यपनि एउटै हुन थालेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.४० 'राम्रैराम्रो हुनुपर्ने' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ४७ मा सङ्कलित चालीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा जिन्दगीमा, गण्डकीमा, डालीमा मझेरीमा, खरानीमा सीमा, धरतीमा जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगमा दृष्टिले यो गजल गैरमुरद्दफ गजलका रूपमा रहेको छ । रदिफ प्रयोगमा दृष्टिले यो गजल गैरमुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, ११ १२, १२, ११, १० गरी जम्मा ६ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुको दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो रमाइलो सुन्दर जिन्दगीमा खराब प्रवृत्तिका व्यक्तिहरू विषालु किराको रूपमा आएर सुन्दर सृष्टिमा नै विष घोलिदिएर जिन्दगी नै बर्वाद पारिदिएको कुरा प्रस्तुत गरेका छन् । गजलको दोस्रो सेरमा प्रजातन्त्रको आगमन पश्चात् पनि जनताले पूर्ण हक र स्वतन्त्रताको अनुभूति गर्न नपाएको कुरालाई सङ्केत गर्दै सधै मिठो सुवास छरेर फुल्ने गुराँसको अनुहारमा डर त्रास छाएको देखेर डालीमा कसैले डढेलो लगाईदिएकोले फक्रन र फूल्न नसकेर आफ्नो सुन्दरतालाई प्रस्तुत गर्न डराएको कुरालाई उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा बढ्दै गएको विकृति, विसङ्गति र अमानवीय व्यवहारले गर्दा मानिस बस्ने ठाउँ घर हो या जङ्गल ठम्याउनै गाह्रो भएको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा राजनैतिक द्वन्द्वको आगोले देशलाई ध्वंशावशेष बनाएर खरानीमा देशलाई खोज्नुपर्ने अवस्था सृजना हुने हो कि भन्ने कुरा व्यक्त गरेका छन् । गजलको पाँचौं समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण र दमन जस्ता नराम्रा विचार हटाएर स्वच्छ, शान्त समाज र मानवीय भावनाको जागृत गराए हुन्थ्यो भन्ने कुरा प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा मुर्दालाई यस धरतीमा कुनै स्थान नभएको र जिउँदाले स्वतन्त्र रूपमा आफ्नो हक अधिकार पाउँनु पर्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

### ५.२.४१ 'दुनियाँ हेर्न फराकिलो' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगानी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ४८मा सङ्कलित एक्चालीसौँ गजल हो । छ सेरमा संरचित यस गजलमा नजर, सफर, जहर, बगर, सहर, रहर, खबर जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणको आधारमा १५ अक्षरको लयविधान प्रयोग गरिएको यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलस गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले दुनियाँ हेर्न फराकिलो नजर चाहिन्छ र गन्तव्यको यात्रामा पुग्नका लागि भरोसाको सफर चाहिन्छ भनेका छन् । गजलको दोस्रो सेरमा जहरको ज्वाला निभाउन दूध र चन्दनले सक्दैन जहर नै चाहिन्छ भन्दै राष्ट्रियता जोगाउनका लागि क्रान्ति गर्नु पर्दछ भन्न खोजेका छन् । गजलको तेस्रो सेरमा किनारमा धाउने दुनियाँको तिर्खा मेटे पनि नदीको प्यास मेटाउन बगर नै चाहिन्छ भनेका छन् । गजलको चौथो सेरमा सहरिया जीवनको समाजमा हुने गरेका स्वार्थ, अत्याचार, जाल, छल, कपटका कुराहरू प्रस्तुत गर्दै सहरका मानिसमा मानवता र नैतिकता हराउँदै गएको र पैसालाई नै सबै भन्दा ठूलो मानी राता रात नक्कली मालको व्यवसाय गरेर धनी बन्न पुगेको कुरा प्रस्तुत गरेका छन् । गजलको पाँचौं सेरमा जिन्दगीमा अनेकौं दुःख, पीडा र समस्याहरू आइरहेका हुन्छन् र ती सबै समस्याहरूसँग लड्दै अगाडि बढ्न सक्नुपर्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा जिन्दगीको लडाईमा हार खाए तापनि हार नमानेर अझ साहस र बहादुरीका साथ अगाडि बढिरहनुपर्छ भन्ने सन्देश व्यक्त गरेका छन् ।

### ५.२.४२ 'न कुनै मेनका' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगानी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ४९ मा सङ्कलित बयालीसौँ गजल हो । ७ सेर संरचित यस गजलमा उर्वशी, प्रेयसी, मसी, दसी, कसी, घसी, रसी, खसी जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले गैरमुरद्दफ गजलका रूपमा रहेको छ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यस गजलमा प्रेम विषयवमात्र प्रयोग गरिएकाले विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, १३, १४, १२, ११, ११, १२ गरी जम्मा ८५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले गजललाई मेनका र उर्वशी भन्दा पनि सुन्दर र अकर्षक मानि गजललाई नै आफ्नो जीवन साथी वा प्रेयसीको रूपमा लिएका छन् ।

गजलको दोसो सेरमा गजलकारले गजल विनाको जिन्दगी अधुरो भन्दै गजललाई कलमका रूपमा र आफूलाई मसीका रूपमा लिएका छन् । गजलको तेस्रो सेरमा गजलकारले आफू अहिले जुन स्थानमा पुगेका छन् त्यो सबै श्रेय गजल नै हो भन्दै गजललाई आफ्नो दासीका रूपमा मानेका छन् ।

गजलको चौथो सेरमा गजललाई सर्वस्व मानी गजलकार बन्न पाएकोमा जिन्दगीभरीको सुख, आनन्द प्राप्त गर्न सफल भएकाले गजललाई नम्बरी सुनका रूपमा लिएका छन् । गजलको पाँचौं सेरमा गजलको साथ पाउनाले संसार नै सुन्दर र सम्पन्न भएकाले जोगी बनी खरानी घसी बस्नु नपरेको कुरा व्यक्त गरेका छन् । गजलको छैटौं सेरमा गजलसँगको नातालाई अझ कसी राख्नका लागि पिरतीको रसी बाट्न तयार भएको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले आफू गजलकार भएकोमा निकै घमण्ड र गर्व गर्दै स्वर्गमा पाउने आनन्द सुख, शान्ति धर्तीमा नै पाउन सफल भएको कुरा व्यक्त गरेका छन् ।

### ५.२.४३ 'मरूभूमिमा परे' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५० र ५१ सङ्कलित त्रिचालीसौं गजल हो । १८ सेरमा संरचित यस गजलमा परेँ, परेँ, हरेँ, पढेँ, भरेँ, जलेँ, झरेँ, बरेँ,, तरेँ, गरेँ, छरेँ, जडेँ, चढेँ, बढेँ, सरेँ, लडेँ, गलेँ, दरेँ, बलेँ जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदफि प्रयोगका दृष्टिले गैरमुरद्दफ गजलका रूपमा रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने विषयव वस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा एकरूपता नभएको यस गजलमा आएका सेरहरूमा क्रमशः १३, १३, १३, १३, १४, १६, १३, १५, १४, १३, १३, १२, १२, १६, १५, ११, १४ गरी जम्मा २४३ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले मरूभूमिमा परेको बेला तरबार र बन्दुक नलिई कलम लिएर लडेँ, मातृभूमिलाई ठूलो सम्झिएँ त्यसैले आज गजलकार भएँ भन्दै गजलकार भएकोमा आफूलाई निकै गौरवशाली ठानेका छन् । गजलको दोस्रो सेरमा गजलकार बन्नका लागि दिनको भोक र रातको निँद हरेँको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा जिन्दगीमा कहिल्यै सुख, शान्ति, आनन्द र सन्तोषको अनुभव गर्न नपाएर पीडै-पीडामा छट्पटीएर जीवनका सुन्दर सपनाहरू त्यतिकै लथालिङ्ग भएका जनताहरूको आँखाको पीडा पढेर गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा मनमा लागेको आगोलाई खसाल्यो भने संसार नै डढाउला भन्ने डरले आँसुले आगो निभाएर गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको पाँचौं सेरमा

गजलकार आगोमा नजलि पानीमा जलेर गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको छैंटौं सेरमा कोही दरबारमा बस्न पाएर खुसी छन् त कोही परिवारसँग बस्न पाएर खुसी छन् तर गजलकार संसारमा बसेर गजलकार बन्न पाएकोमा आफूलाई सुखी ठान्छन् । गजलको सातौँ सेरमा गजलकार स्वर्गलाई छाडी धर्तीमा बसेर गजलकार बन्न पाएकोमा निकै खुसी भएको कुरा व्यक्त गरेका छन् । गजलको आठौँ सेरमा खोलाको भेल तरी पानी ल्याएर आगोको ज्वाला निभाई गजलकार बनेको कुरा व्यक्त गरेका छन् । गजलको नवौँ सेरमा जीवनमा सधैँ धोका दिईरहने नियतिको भरोसा गरेर नै गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको दसौँ सेरमा कसैले गङ्गाको पानी त कसैले रक्सी छरेर प्रदुषित बनाएको वातावरणमा गजलकारले आफ्नो जीवनलाई नै छरेर गजल बनेको कुरा व्यक्त गरेका छन् । गजलको एघारौं सेरमा फूल जस्तो सुन्दर देशमा काँडा जस्ता शासकहरूको हैकमलाई समाप्त पार्नका लागि गजलकारले मुटुमा शुल चढाएर देशलाई बचाउन गजलकार बनेको कुरा व्यक्त गरेका छन् । गजलको बाह्रौँ सेरमा आफ्नो प्रगतिमा बाधा पुऱ्याउनेहरूको बुइ चढेर नै गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको तेह्रौँ सेरमा समाजमा विद्यमान आडम्बरी र रूढीवादीका पर्खालहरूलाई भत्काई वर्तमानलाई साथ दिई अघि बढेर गजलकार बन्न सकेको कुरा व्यक्त गरेका छन् । गजलको चौधौँ सेरमा समाजमा लागेको डढेलो निभाउन कोही अघि नसर्दा आफैँ अघि सरेर गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको पन्धौँ सेरमा राजनीतिमा लागि बन्दुक लिई लडेको भए म आज हिटलर हुन्थे तर कलम लिई लडेकाले आज म गजलकार भएँ भनेका छन् । गजलको सोह्रौँ सेरमा जिन्दगीले कहाँ पुऱ्याउँछ भन्ने केही थाहा थिएन त्यसैले मैन जस्तै गलेर नियतिको पछि लागे र आज गजलकार भएँ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको सत्रौँ सेरमा जमेको बास उठाउन कुडा कर्कटको नाम खातेमा राखेर गजलकार भएको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा प्रगतिमा बाधा पुऱ्याउने सामन्तहरूले खरानी पारे पनि भित्र रहेको तातो खरानीले अत्याचारीहरूको चिराग बाल्दै ब्युझेर गजलकार बन्न पुगेको कुरा व्यक्त गरेका छन् ।

## ५.२.४४ 'सीताको नाम' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५२ मा सङ्कलित चौवालीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा रामको, नामको, धामको, खामको, जामको, धामको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । यस गजलको मकताको मिसरा ए-सानीमा काफियाको प्रयोग गरिएको छैन । रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, १२, ११, १३, ११, १० गरी जम्मा

६८ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले सीता र रामको प्रेम चोखो, स्वच्छ पवित्र भएजस्तै आफ्नो प्रेमलाई पनि सीता र रामको जस्तो अमर प्रेम बनाउनका लागि प्रेमिकालई आफ्ना नामको अघि आएर बस्न आग्रह गरेका छन् । गजलको दोस्रो सेरमा प्रत्येक दिन घाम झुल्कन भन्दा अघि प्रेमिकासँग बिताएको कठोर रात र न्यानो साथ सम्झिएका कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा प्रेमिकाको चोखो माया नपाएको भए गजलकार यस संसारमा पक्कै पनि हराउनै थिए भनेका छन् । गजलको चौथो सेरमा स्वच्छ, चोखो, पवित्र र हार्दिक, र अमर प्रेमका अगाडि मदिरा र सुधा पनि फिक्का लागेको कुरा व्यक्त गरेका छन् । गजलको पाँचौँ सेरमा गजलकारले चारधामको अघि पनि प्रेमिकाको नाम जपेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा समाजमा रहेका शोषक, सामन्त र ठालुवर्गले सोझा, निमुखा, गरिब जनतालाई दुःख दिन नानाथरी जाल रचेका हुन्छन् र च्यो जालमा पछि फेरि आफै फस्न पुग्छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

### ५.२.४५ 'झीर काँडा भए' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५३ मा सङ्कलित पैँतालीसौँ गजल हो । ४ सेरमा संरचित यस गजलमा मतलाको मिसरा ए उलामा काफियाको प्रयोग गरिएको छैन । यस गजलमा बस्छन्, बच्छन्, खस्छन, डस्छन् जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा १२ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, १३, १२, १२ गरी जम्मा ४९ वटा शब्दहरूको प्रयोग गरिएको छ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले झिर काँडा भएको भए थुतेर फालिदिन्थे तर मुटुभित्र लागेको वेदनाको चोटलाई फाल्न नसकेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा समाजमा अनैतिक काम गर्नेहरू कति दिनसम्म लुकेर बस्न सक्छन् र एक न एकदिन त समात्ति हालिन्छन् भन्ने कुरा उललेख गरेका छन् । गजलको तेस्रो सेरमा जनताकै काँध चढेर सत्तामा पुगेर मै हुँ बन्ने नतोहरूलाई तिनै जनताले फेरि भुइँमा झारि दिएको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले आफूलाई चिर निन्द्रमा सुताउन चाहने षड्यन्त्रकारीहरूलाई सर्प बनी डस्न पनि पछि नपरेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.४६ 'जुठो चाट्न उनी' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको छियालीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा चाट्न, ढाँट्न, बाट्न, मात्न, काट्न, साट्न जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, १०, ११, ११, ११ गरी जम्मा ५५ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषय वस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले शासनसत्तामा पुगेका नेताहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि र आफूलाई फाइदा हुने कामका लागि आफ्नो इज्जतको कुनै प्रवाह नगरी जस्तोसुकै नालायक र घृषित कार्य गर्न र आफूले थुकेको थुक चाट्न पनि पछि पर्दैनन् भन्ने कुरा प्रस्तुत गरेका छन् । गजलको दोस्रो सेरमा समाजमा रहेका शोषक र षड्यन्त्रकारीले सोझा, निमुख, असहाय जनताको गलामा पासो लगाउनका लागि रेशमी धागोको डोरी बाट्न तयार भएको कुरा उललेख गरेका छन् । गजलको तेस्रो सेरमा दिनहुँ रक्सी पिएर मात्ने गरेका अत्याचारीहरूले रक्सी पिउन नपाए जनताको आलो रगत पिएर भएपनि मात्न पुगेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा नारी अस्मिताका बारेमा भाषण गर्ने व्यक्तिले नै वेसहारा सुन्दर नारीको साथ पाए रात काट्न पनि तयार हुने गरेको कुरा प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा देश विकाश गर्ने बाचा गरी सत्तामा पुग्ने नेताहरूले आफ्नो दुनो सोझ्याउन पाए देशलाई नै साट्न पनि पछि नपरेको कुरा प्रस्तुत गरेका छन् ।

### ५.२.४७ 'छचल्कियो गजलमा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५५ मा सङ्कलित सड्चालीसौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा फेरि, हेरी, केरी, जेरी, मेरी, भेरी जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको  छ। रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजलका रूपमा रहेको छ । मिसरा ए उलामा अक्षरको एकरूपता छैन र मिसरा ए सानीमा भने १३ अक्षरको व्यवस्था गरिएको छ । गजलका प्रत्येक सेरहरूमा फपरक फरक विषयवस्तुको प्रयोग गरिएकाले विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । गजलका सेरहरूमा क्रमशः ११, १२, १२, १३, १३ गरी जम्मा ६१ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो जिन्दगीमा आएका हरेक उतारचढावलाई गजलमा प्रस्तुत गर्दा आफ्नो जिन्दगी देखि नै दङ्ग परेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा जिन्दगीलाई हरेक तरिकाले भोगेर हेर्नुपर्छ, हरतरहका

अनुभवहरू बटुल्नु पर्छ जस्तोसुकै परिस्थितिमा पनि चल्न सक्नुपर्छ भन्दै गजलकारले आफ्नो जिन्दगीलाई सफा र सुन्दर बनाउनका लागि सयौँचोटि खारेर मात्र जिन्दगी सुन्दर भएको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा कसैले जिन्दगीलाई करेला जस्तो तीतो ठानेका छन् तर गजलकारले जिन्दगीलाई जेरीजस्तो मीठो ठानेका छन् । गजलको चौथो सेरमा आफ्नो जिन्दगी आफ्नै लागि अभिशाप बनेको तर अर्काको लागि भए पनि बाँच्नु पर्ने वाध्यतालाई स्पष्ट पारेका छन् । गजलको पाँचौं सेरमा प्रगतिशील विचार राख्दै आफ्नो जिन्दगीलाई आगो लाग्दा मार्न र तिर्खा लाग्दा तिर्खा मेट्न सक्ने सेती-भेरी नदी जस्तै बनाउन खोजेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.४८ 'प्यालाले धित नमर्दा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५६ मा सङ्कलित अड्चालीसौं गजल हो । ५ सेरमा संरचित यस गजलमा लिएर, दिएर, सिउर, जिएर, खिएर, थिएर जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणमा १४ अक्षरको एकरूपता रहेको यस गजलका सेरहरूमा क्रमशः १२, ११, ११, १२, १२ गरी जम्मा ५८ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले मुसलसल गजलका रूपमा रहेको छ म।

गजलको पहिलो सेरमा गजलकारले जिन्दगी अनेकौं चोट व्यथा र समस्याले ग्रसित बनेपछि पीडा र व्यथालाई शान्त पार्नका लागि मदिरा पिउन बाध्य भएको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा आफ्ना आशाहरू सबै निराशामा परिणत भएपछि जीवन जीउनका लागि भएपनि मदिरा पिउनु परेको बाध्यतालाई स्पष्ट पारेका छन् । गजलको तेस्रो सेरमा आफ्नो जीवनका खुसीहरू सबै खोसिइसकेको र फेरि खुसी प्राप्त गर्ने नवीन सपनामा मरेर पनि फेरि बाँचिरहेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा खुकुरीमा जति साँध लाउन सक्यो त्यति नै धारिलो भएजस्तै गजलकारले पनि आफ्नो जिन्दगीलाई खुकुरी जस्तै धारिलो बनाउन खोज्दा जिन्दगी नै खिई सकेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा सुख दुःख भन्ने कुरा मानिसको जिन्दगीमा पालै पालो गरी आउने गर्छन् त्यसैगरी गजलकारको जिन्दगीमा पनि यी दुई साथी पालै पालो गरी आउँदा पिएर नै आफ्नो जिन्दगीलाई अगाडि बढाउने प्रयास गरेको कुरा उल्लेख गरेका छन् ।

### ५.२.५९ 'बेली चमेली फूल झैँ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५७ मा सङ्कलित उनन्पचासौं गजल हो । ६ सेरमा संरचित यस गजलमा गम्केर, झम्टेर, छम्केर, चम्केर,

हम्केर, लम्केर, सम्झोर जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दुष्टिले यो गजल मुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १३ अक्षरको लयविधान प्रयोग गरिउको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ११, ११, ११, १०, १२, ११ गरी जम्मा ६६ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारको जिन्दगीमा कहिले बेली चमेली फूलले झै वास्ना लिएर त कहिले व्याकुल प्रियतमको पीडा बोकेर साँझ आएको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा पानी नछम्किए नि मख्खै भएको मुर्च्छनाको अनुहारमा डरको पसिना छम्केर साँझ आएको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा प्रगतिवादी विचार राख्दै आफ्नो जिन्दगीको मझेरीमा कहिल्यै दुःख, पीडा, समस्या नआउने गरी हजारौं गुना चम्केर साँझ आएको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा आगोमा घिउ थप्दै चिसो वतास आएर औडाहा भएको बेला औडाहलाई कम गर्न पछ्यौरा हम्केर साँझ आएको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले प्रेमिकालाई सम्झदा आफ्नो संसार नै प्रेमिकाको लालीमा लत्पतिएको कुरा व्यक्त गरेका छन् ।

### ५.२.५० 'के छ र बाँकी' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** सङ्ग्रह अन्तर्गतका पृष्ठ ५८ मा सङ्कलित पचासौं गजल हो । ५ सेरमा संरचित यस गजलमा कस्तो, जस्तो, हास्दो, त्यस्तो, सस्तो, पस्दो जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणको आधारमा १३ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, ९, ११, १२, १२ गरी जम्मा ५७ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले जिन्दगीलाई अनुहार हेर्ने ऐना जस्तै ठानेका छन् । गजलको दोस्रो सेरमा खुसी हुँदा जिन्दगीमा फूलको पराग छरिन्छ भने बैरागमा जिन्दगी खरानी घसे जस्तो हुन्छ भनेका छन् । गजलको तेस्रो सेरमा स्याहार पुग्दा जिन्दगी सप्रिएको देखिन्छ भने स्याहार नपुग्दा जिन्दगी ख्याउटे देखिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा जसले मुसाऱ्यो त्यस्कै भयो भन्दैमा जिन्दगी सस्तो हुँदैन भनेका छन् । गजलको अन्तिम सेरमा नियतिवादी स्वर प्रस्तुत गर्दै जिन्दगी नियतिले जता लग्यो त्यतै जानुपर्ने हुँदा नियतिको रगतमा पस्दो हुन्छ जिन्दगी भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.२.५१ 'पत्थरको ओठबाट' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ५९ मा सङ्कलित एकाउन्नौं गजल हो । ६ सेरमा संरचित यस गजलमा छल्केर, कल्पेर, झल्केर, ढल्केर, सल्केर, पल्केर, टल्केर जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजलका रूपमा रहेको छ । उच्चारणका आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, १२, ११, १२, ११, ११ गरी जम्मा ६८ वटा शब्दहरूको प्रयोग गरिएको छ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यो गजल विषयवस्तुका दृष्टिले मुसलसल गजलका रूपमा रहेको छ । गजलका सबै सेरमा प्रगतिवादी चिन्तन प्रस्तुत गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले पत्थरको ओठबाट छल्केर नौलो धमाका कल्पेर बूँद आएको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा आफ्नो लक्ष्य प्राप्त गर्नका लागि हीरा जुहार भन्दा पनि अझै झल्केर अगाडि बढेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा निमुखा जनताका सिर्जनाका टुसा लाग्न नपाउँदै भाच्ने व्यक्तिहरूलाई हिम्मत भए आकाशबाट सोझै ढल्केर आएको बूँदलाई तगारो हालेर छेक्न आवहान गरेका छन् । गजलको चौथो सेरमा बत्ती निभाएँ भन्दै फूर्ति लाउनेलाई सक्छौ भने दुःखीहरूको मुटुमा सल्किएको आगो निभाउन आग्रह गरेका छन् । गजलको पाँचौं सेरमा आफूले गल्ती नगरेपछि सही कुरा बोल्न डराउनु हुँदैन भनेका छन् । गजलको अन्तिम सेरमा जसले अन्याय, अत्याचार गर्दछ त्यसैको निधारमाथि टल्केर बूँद आएको कुरा व्यक्त गरेका छन् ।

### ५.२.५२ 'ठुस्किन्छ कैलेकाहीँ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ६० मा सङ्कलित बाउन्नौं गजल हो । ६ सेरमा संरचित यस गजलमा मस्किन्छ, झस्किन्छ, पस्किन्छ, हस्किन्छ, खस्किन्छ, चस्किन्छ, लच्किन्छ जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ९, ९, ११, ९, १०, ८ गरी जम्मा ५६ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले जिन्दगी कैलेकाहीँ ठुस्किन्छ, मस्किन्छ त कहिले आफ्नै मुहार देखेर झस्किन्छ भन्ने भाव व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा जिन्दगीले मीठो, अमिलो, तीतो, पिरो प्रत्येक स्वादमा सम्झनाका परिकारहरू पस्किन्छ भनेका छन् । गजलको तेस्रो सेरमा सपना अगाडि पर्दा जिन्दगी फर्किन्छ तर विपना अगाडि हुँदा जिन्दगी हच्किन्छ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा

जिन्दगी कहिले हिमाल चुम्दै उड्छ आकाशमा त कैले पहिराहरूमा खस्केर भाँसिन्छ जिन्दगी भन्ने भाव व्यक्त गरेका छन् । गजलको पाँचौं सेरमा जीवनमा सफलता प्राप्त गर्दा जिन्दगी फूलको ओच्छयान भै सुन्दर हुन्छ तर निरर्थक र बेकार भए जिन्दगी सियोको ओच्छयान भैँ चस्किने हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा जिन्दगीमा चोट लाग्दा भाँचिन्छ, हेपिएमा टुक्रिन्छ तर स्वच्छ, पवित्र र चोखो माया पाउँदा लच्किन्छ जिन्दगी भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.२.५३ 'म सुखा बादल' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ६१ मा सङ्कलित त्रिपन्नौँ गजल हो । ५ सेरमा संरचित यस गगजलमा पगारी, गुजारी, बारी, सकारी, हारी, उमारी जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगमा दृष्टिले मुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणका आधारमा ११ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ९, १०, १०, १०, ९ गरी जम्मा ४८ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो जीवनका सुन्दर सपना-कल्पनालाई साकार रूप दिन नसक्दा सुखा बादललाई पगारी खडेरीमा दिन गुजारी रहेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा अर्काको उन्नति र प्रगतिमा बाधा पुऱ्याउने दुष्ट व्यक्तिहरूले फूलबारीमा रोपेका फूलहरू उखेल्न समेत पछि नपरेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा असल र खराब काम के हो ? भनी छुट्याउन नसकेर चोट र पीडा सहदै बाँचिरहेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा समाजमा भइरहेको अन्याय र अत्याचार विरुद्धको युद्धमा गजलकारले नजित्न सकेको, नहार्न सकेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा अब हक अधिकार बिहीन बनेर बाचिरहेको बन्दीको जस्तो जिन्दगीका विरुद्धमा स्वतन्त्रता र समानता प्राप्त गर्नका लागि फिलिङ्गो बाल्दै खरानीमा जून उमारी अन्याय र अत्याचारका विरुद्ध लड्नु पर्दछ भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.२.५४ 'पूर्णिमाको जून' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको चौवनौँ गजल हो । ७ सेरमा संरचित यस गजलमा जून, खुन, तुन, सगुन, सुन, चुन, नुन, मजबुन जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, १०, १०, १२, १४, १२, ११ गरी जम्मा ७९ वटा

शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा प्रगतिवादी स्वर प्रस्तुत गर्द्रै गजलकारले सपनामा आँखाभरि पूर्णिमाको जून र उम्लिएको खुन देखेको कुरा व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा रोजगारका लागि आफ्नो घर परिवार छाडेर बाहिर बस्दा घर सम्झी फर्किने दिनको स्वागत गर्दै सपनामा आँखाभरि ओच्छ्यानको तुन देखेको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा खण्डहर नयाँ-नयाँ पहिराको धूनमाझमा सिर्जनाका सगुनहरू सपनामा देखेको कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा सुनै सुनका गहनाहरू लगाएर सपनामा नाँचिरहेका देखेका गजलको पाँचौँ सेरमा गजलकार आफू कहिल्यै पनि उद्देश्य प्राप्तिमा पुग्न नसक्दा जीवनका सुन्दर सपनाहरू त्यतिकै लथालिङ्ग भएको अनुभव गरेका छन् । गजलको छैठौँ सेरमा आँसु र पसिनाको स्वाद बिर्सिन नसक्दा गालाभरि नै नुन छ कि भन्ने ठानेका छन् । गजलको अन्तिम सेरमा मानिसमा बढ्दै गएको अमानवीय प्रवृत्तिले गर्दा मान्छेले नै मान्छेको अस्तित्व लुटेको कुरा व्यक्त गरेका छन् ।

### ५.२.५५ 'अहिले बिसौनी' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पच्पन्नौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा नौबिसेको, रहेको, सडेको, टेको, केको, कसेको जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ९, १०, ११, ११, १२ गरी जम्मा ५३ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले राजधानी जाँदा पहिलो बिसौनी नौबिसे परेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा सबैले रुचाए मालपुवा हुन्छ भने नरुचाएमा मालपुवा सडेको आलु जस्तो हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा सबै मानिसहरू क्रमशः विश्वासघाती बन्दै गएकाले अर्काको विश्वास नगरी केवल आफ्नै विश्वासमा मात्र काम गर्ने कुरा व्यक्त गरेका छन् । गजलको चौथो सेरमा ठेको लुकाएर मही माग्ने जाली फटाहाहरूका दिन हराउँदै गएको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा समाजमा सर्प र व्वाँसोको रूपमा रहेको सामन्ती, शोषक र अत्याचारी र फटाहाहरू सरापेर मदैनन् तिनीहरूलाई त लाठो र मुङ्ग्रो लगाएर मार्नु कम्मर कस्नु पर्दछ भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.२.५६ 'निधारमा मेची-काली' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको छप्पनौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा चुरे, लुरे, खुरे, हसुरे, उडे, मारे, मुरे जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यो गजल रदिफ प्रयोगका दृष्टिले गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, १३, १२, १३, १२ गरी जम्मा ६१ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा राष्ट्रियतावादी स्वर प्रस्तुत गर्दै निधारमा मेची-काली र हत्केलामा चुरे भएको देशभक्त नागरिकले राष्ट्रको उन्नतिका निम्ति सधैँ सङ्घर्ष गरिरहेको हुन्छ भनेका छन् । गजलको दोस्रो सेरमा मान्छे मान्छे सबै एउटै भए पनि उनीहरूको व्यवहार र चालचलन भने फरक-फरक भएको देखेका गजलको तेस्रो सेरमा राष्ट्रवादी, देशद्रोही र षड्यन्त्रकारी र अगस्तिले देशको भकारी र ढुकुटी हसुरेर रित्तो बनाएको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा नेताहरूको स्वार्थ, कपट, षड्यन्त्र, खिचातानी र भ्रष्टाचारको सुस्केराको आँधी चल्दा कैयौँ राज्यहरू उडाएको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा समाजमा रहेका शोषक, सामन्त र धनी वर्गले गरिब जनतालाई सधैं अन्याय, अत्याचार गरी आफ्नो पाउमुनि थिचेर राखी माथि उठ्न नदिई धुलोका कसिङ्गर बनाएर फोहरमा फालेको कुरा व्यक्त गरेका छन् ।

### ५.२.५७ 'बाचा थियो घरघरै' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको सन्ताउनौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा बालि, टालि, गाली, ताली, फाली, खुसीयाली जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । उच्चारणका आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, १२, १२, १६, १३ गरी जम्मा ६६ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले नेतालाई जब जनताको साथ चाहिन्छ तब जनतासामू अनेकौं आश्वासनका पोकाहरू जस्तै घरघर बिजुली बालिदिने, जनताका आँगनमा बाटो पुऱ्याइदिने जस्ता नानाथरीका कुरा गर्छन् तर जब तिनै नेता सत्तामा पुग्छन्, तब जनतालाई आँखाको कसिङ्गर बनाई स्वतन्त्रताका सबै ढोका बन्द गरिदिन्छन् र घरभित्र घाम छिर्ने प्वाल वा जीवनको उज्यालो रोशनीलाई छेकिदिन्छ भन्ने भाव व्यक्त गरेका छन् । गजलको दोस्रो सेरमा जीवनमा भोग्नु परेका तिता मिठा

यथार्थलाई गजलका माध्यमबाट गुन्गुनाई मनको बोझ कम गर्न सकिने कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा अघिपछि फोस्रा नारा र मिथ्या आश्वासन दिन पल्केका राजनीतिक दलका नेताहरूलाई सभा हुँदा समर्थनका ताली चाहिएको कुरा प्रस्तुत गरेका छन् । गजलको चौथो सेरमा गजलकारले आफू सानो भए पनि आफ्नो हक अधिकार र स्वतन्त्रता प्राप्त गर्नका लागि सागरको बूँद फालिदिने साहस, आँट र चुनौती गरेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा जिन्दगीमा दुःख-सुख, हाँसो-रोदन भन्ने कुरा पालैपालो गरेर आउने गर्दछन् त्यसैले दुःखी हुँदा नआत्तिएर सुख र खुसीयालीको दिन आउने छन् भन्ने आसमा सुखी भई बाँच्नु पर्दछ भन्ने सन्देश दिएका छन् ।

## ५.२.५८ 'ऊ पन्छिन्छ नाउँ' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको अन्ठाउनौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा नियतिको, वापतीको, सतीको, क्षतिको, ओखतीको, कागतीको जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । अक्षरको उच्चारणका आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, १०, १०, ९, ९ गरी जम्मा ४८ वटा शब्दहरूको प्रयोग गरिएको छ । 'बूँद' तखल्लुसको प्रयोग गरिएको यस गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा गजलकारले आफूमाथि अन्याय, अत्याचार, शोषण र दमन हुँदा पनि नियतिको खेल भनी चुपचाप सहेर बस्नुपर्ने बाध्यतात्मक स्थितिको उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा नारीवादी स्वर प्रस्तुत गर्दै नारीलाई सधैंभर दास बनाएर उसका इच्छा, आकांक्षा र चाहनाहरूलाई पूरा गर्न नदिई सती जानुपर्ने क्रुर प्रथाहरूलाई हटाएर नारीहरूलाई अब स्वतन्त्र रूपमा अगाडि बढ्नका लागि सम्पूर्ण बन्धनहरू तोड्नुपर्छ भन्ने आह्वान गरेका छन् । गजलको तेस्रो सेरमा देशमा बढ्दै गएको हत्या, हिंसा, आतङ्क र लुटपाटले गर्दा सधैँ अशुभ घटना र क्षतिका कुराहरू सुन्दा आतिएर कहिले देशमा शान्ति आउँला भन्ने आशामा बसिरहेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा शिक्षा र ज्ञानको कमीले गर्दा अशिक्षित जनताले जहर र औषधीमा फरक छुट्याउन नसकेर जहरलाई औषधी ठानी खान पुगेको विवश परिस्थितिलाई उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा निँदमा दास बनी झुल्नेहरूलाई चुक र कागती चटाई बिउँझाउनु पर्छ भन्ने सन्देश दिएका छन् ।

### ५.२.५९ 'तुफानी रातमा' गजलको संरचना र कथ्यवस्तु

प्रस्तुत गजल **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह अन्तर्गतको पृष्ठ ६७ मा रहेका अन्तिम गजल हो । ६ सेरमा संरचित यस गजलमा बल्दा, चल्दा, जल्दा, गल्दा, दल्दा, ढल्दा, फल्दा जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ पयोगका दृष्टिले यो गजल मुरद्दफ गजल र विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ । अक्षरको उच्चारणका आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १५, १६, १५, १२, १५, १३ गरी जम्मा ८६ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलमा द्वितीय पुरुषलाई सम्बोधन गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले समाजमा रहेका अत्याचारी, शोषक, षड्यन्त्रकारी, जाली, फटाहा र भ्रष्टाचारीहरू तुफानी रातमा धिप्धिप् दियो बल्दा र अन्यायको विरुद्ध आफ्नो हक अधिकार र स्वतन्त्रताको नारा चल्दा तर्सिन पुगेको कुरा उल्लेख गरेका छन् । गजलको दोस्रो सेरमा सामन्त र सम्पन्न वर्ग जसले गरिब निमुखा जनताको निँद र भोकलाई लुटेर मोज आराम गरेका छन् तिनीहरूलाई समाजबाट निकाल्नका लागि जनताले रुझेको चिसो चुल्हो बाल्दा अत्याचारीहरू तर्सेको कुरा उल्लेख गरेका छन् । गजलको तेस्रो सेरमा मरेको लासले के नै गर्न सक्छ भनी लासमाथि कुविचार कुदृष्टि राख्नेहरूलाई राती भूत बनी सताउँदा तर्सेको कुरा उल्लेख गरेका छन् । गजलको चौथो सेरमा सधैँ तसेर बस्नेको झझल्कोमा बिहानीले धरामा लाली दल्दा उनी तर्सेको गजलको पाँचौँ सेरमा पुरानो ढल्न आँटेको रूपमा आफ्नो अनुहार देख्दा तर्सेको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा शोषकहरूले छलकपट र जालझेल गरेर तालुमा आलु फलाएर आहा भन्दै मुसार्नेहरूको तालुमा बेलको जत्रो टुटुल्को फल्दा उनीहरू तर्सेको कुरा व्यक्त गरेका छन् ।

### ५.३ निष्कर्ष

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित गजलहरूमा गजल सिद्धान्तको पूर्ण रूपमा पालना गरिएको छ । यस गजलसङ्ग्रहमा ५९ वटा गजलहरू रहेका छन् । यसमा निहित गजलहरू चार सेरदेखि अठार सेरसम्म रहेका छन् । चारसेरमा झीर काँडा भए भन्ने एउटा गजल रहेको छ । पाँच सेरमा २६ वटा गजलहरू रहेका छन् त्यसैगरी ६ सेरमा १७ वटा, ७ सेरमा ६ वटा, ८ सेरमा ४ वटा ९ सेरमा २ वटा, १० सेरमा २ वटा र १८ सेरको 'मरूभूमिमा परेँ' एउटा गजल रहेको छ । अक्षरको उच्चारणमा ५, १०, १२, १३, १४ र १६ अक्षरको लयविधान भएका यी गजलहरूमा देशप्रेम, व्यङ्ग्य, विद्रोह, नीतिउपदेश, वातावरण जस्ता विषयवस्तु आएका छन् भने प्रगतिवादी, मानवतावादी,

निराशावादी, नियतिवादी, आशावादी, विसङ्गतिवादी, अस्तित्त्ववादी जीवनदृष्टिको प्रयोग गरिएको छ ।

विषयवस्तुको आधारमा गजलको वर्गीकरण गर्दा मुसलसल र गैरमुसलसल दुवै खालका विषयवस्तुको प्रयोग गरिएको छ । एउटै विषयवस्तुमा केन्द्रित भएर लेखिएका मुसलसल गजल ७ वटा र विविध विषयवस्तुमा केन्द्रित भएर लेखिएका गैरमुसलसल गजल ५२ वटा रहेका छन् । रदिफ प्रयोगका दृष्टिले ४५ वटा मुरद्दफ गजल र १४ वटा गैरमुरद्दफ गजलहरू रहेका छन् । काफिया प्रयोगका दृष्टिले पूर्ण शब्द काफियाको प्रयोग ३६ वटा गजलमा मिश्रित काफियाको प्रयोग २२ वटा र एकाक्षरी काफियाको प्रयोग १ वटा गजलमा गरिएको छ । यस गजलसङ्ग्रहमा रहेका ५९ वा गजलमध्ये १४ वटा गजलमा तखल्लुसको प्रयोग गरिएको छ । तखल्लुसका रूपमा बूँद राना र बूँद जस्ता गजलकारको सङ्क्षिप्त नाम प्रयोग गरिएको छ । रस, अलङ्कार, शब्दप्रयोग, भाषाप्रयोग आदिका दृष्टिले समेत सफल रहेको यो गजलसङ्ग्रह नेपाली गजल साहित्यमा एक महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

## अध्ययन छ

# चल्दैछ जिन्दगीका गजलमा बहरको प्रयोग

### ६.१ विषयप्रवेश

यस अध्ययनमा **चल्दैछ जिन्दगी**का गजलमा प्रयोग गरिएका बहरहरूको अध्ययन गरिएको छ । जम्मा ५९ वटा गजलहरू मध्ये ३९ वटा गजलमा नेपाली उच्चार्य अक्षरका आधरमा नेपाली बहरको प्रयोग गरिएको छ । बाँकी २० वटा गजलमा शास्त्रीय बहरको प्रयोग गरिएको छ । यहाँ कम अक्षरबाट बढी अक्षर प्रयोग भएका गजल क्रमैसँग र त्यसपछि शास्त्रीय बहर प्रयोग भएको गजलको अध्ययन गरिएको छ ।

### ६.२ 'चल्दैछ जिन्दगी' गजलसङ्ग्रहमा नेपाली बहरको प्रयोग

यस गजलसङ्ग्रहमा रहेका ५९ वटा गजलहरूमध्ये ३९ वटा गजलमा नेपाली बहरको प्रयोग गरिएको छ । यी मध्ये केहीमा स्वनिर्मित बहरहरू पनि प्रयोग भएका छन् । लयविधानमा यति हुने समूहअनुसार प्रत्येक गजलको निम्नानुसार अध्ययन गरिएको छ ।

### ६.२.१ चौथो र चौथो (४+४) अक्षरमा यति हुने ८ अक्षरका गजल

यस गजलसङ्ग्रहमा रहेका ३९ वटा नेपाली बहरको प्रयोग भएका गजलहरूमध्ये 'घाम लाग्ने आशैआसमा' गजल (३२), एउटा गजलमा मात्र चार चार अक्षरमा यति हुने उच्चार्य ८ अक्षरका नेपाली बहरको प्रयोग गरिएको छ । "घाम लाग्ने" (४) आसैआसमा" (४) गरी एउटा मिसरामा जम्मा ८ उच्चार्य अक्षरहरू रहेका छन् । 'घाम लाग्ने आसैआसमा गरी प्रत्येक चार अक्षरमा दुई ठाउँमा यति वा विश्राम रहेको छ । ध्वनिको आरोह र अवरोहद्वारा यहाँ गजललाई गेय तुल्याइएको छ ।

### ६.२.२ चार चार र दुई (४×२+२) अक्षरमा यति हुने १० अक्षरको गजल

यस गजलसङ्ग्रहमा रहेको शीर्षक 'चिराचिरा परेको' गजल (२३) एउटा मात्र गजलमा चार चार र दुई अक्षरमा यति हुने उच्चाय १० अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । यस गजलमा 'चिराचिरा' (४) 'परेको छ' (४) 'मान्छे' (२) गरी एउटा मिसरामा जम्मा १० उच्चार्य अक्षरहरू रहेका छन् र 'चिराचिरा परेको छ मान्छे' गरी

चारचार र दुई अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । ध्वनिको आरोह र अवरोहद्वारा गजललाई गेय तुल्याएको छ ।

### ६.२.३ पाँच पाँच (५+५) अक्षरमा यति हुने १० अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेको गजल 'पारा चढेको जो' गजल (१२) र 'सिएको मन फाटेको' गजल (३८) गरी दुई वटा गजलहरूमा पाँच पाँच अक्षरमा यति हुने उच्चार्य १० अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । 'गजल पारा चढेको जो' मा 'पारा चढेको' (५) 'जो पारा हुन्छ' (५) गरी एउटा मिसरामा जम्मा १० उच्चार्य अक्षरहरू रहेका छन् । 'पारा चढेको, जो पार हुन्छ' गरी पाँच पाँच अक्षरमा दुई ठाउँमा यति वा विश्राम रहेको छ । गजल 'सिएको मान फाटेको' मा 'सिएको मन' (५) फाटेको देखेँ (५) गरी एउटा मिसरामा जम्मा १० उच्चार्य अक्षरहरू रहेका छन् । 'सिएको मन, फाटेको देखेँ' गरी प्रत्येक पाँच अक्षरमा दुई ठाउँमा यति वा विश्राम रहेको छ । ध्वनिको आरोह र अवरोहद्वारा गजललाई गेय तुल्याइएको छ ।

### ६.२.४ पाँच र छ (५+६) अक्षरमा यति हुने ११ अक्षरको गजल

यस गजलसङ्ग्रहमा रहेको 'मै हुँ भन्नेको' गजल (३४) एउटा मात्र गजलमा पाँच र छ अक्षरमा यति हुने उच्चार्य ११ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । यस गजलमा 'मै हुँ भन्नेको' (५) 'रमिता देखियो' (६) गरी एउटा मिसरामा उच्चार्य ११ अक्षरहरू रहेका छन् । 'मै हुँ भन्नेको', 'रमिता देखियो' गरी पाँच र छ अक्षरमा ुदई ठाउँमा यति वा विश्राम रहेको छ । ध्वनिको आरोह र अवरोहद्वारा गजललाई गेय तुलयाइएको छ ।

### ६.२.५ तीन तीन अक्षरमा (३×४) यति हुने १२ अक्षरका गजल

यस गजलसङ्ग्रहमा रहेको शीर्षक 'न कुनै मेनका' गजल (४२) एउटा मात्र गजलमा तीन-तीन अक्षरमा यति हुने उच्चार्य १२ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । यस गजलमा 'न कुनै' (३) 'मेनका' (३) 'न कुनै' (३) उर्वशी (३) गरी एउटा मिरसामा जम्मा १२ उच्चार्य अक्षरहरू रहेका छन् । न कुनै, मेनका, न कुनै, उर्वशी गरी प्रत्येक तीन अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । ध्वनिको आरोह र अवरोहद्वारा गजललाई गेय तुल्याइएको छ ।

### ६.२.६ चार, चार अक्षरमा (४×३) यति हुने १२ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेको शीर्षक 'भीर काँडा भए' गजल (४५) शीर्षक 'जुठो चाट्न उनी' गजल (४६) गरी दुई वटा गजलमा चार-चार अक्षरमा यति हुने उच्चार्य १२ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । गजल 'भीर काँडा भए' मा 'भिर काँडा' (४) 'भए पो त' (४) 'फाल्तु थुती' (४) गरी एउटा मिसरामा जम्मा १२ उच्चार्य अक्षरहरू रेहका छन् । भिर काँडा, भए पो त, फाल्तु थुती गरी प्रत्येक चार अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । यसैगरी गजल 'जुठो चाट्न उनी' मा 'जुठो चाट्न' (४) 'उनी निकै, (४) नामुद छन्' (४) गरी एउटा मिसरामा उच्चार्य १२ अक्षरहरू रहेका छन् । "जुठो चाट्न, उनी निकै, नामुद छन्" गरी प्रत्येक चार अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.७ चार, चार र पाँच (४×२+५) अक्षरमा यति हुने १३ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेका शीर्षक 'जैले पनि खुकुरीको' गजल (१७) शीर्षक 'सीताको नाम' गजल (४४) र 'छचल्कियो गजलमा' गजल (४७) गरी तीनवटा गजलमा चार-चार र पाँच अक्षरमा यति हुने उच्चार्य १३ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । गजल जैले पनि खुकुरीकमा 'जैले पनि' (४) 'खुकुरीको' (४) 'धार हदै भो' (५) गरी एउटा मिसरामा जम्मा १३ उच्चार्य अक्षरहरू रहेका छन् । "जैले पनि, खुकुरीको, धार हदै भो" गरी चार-चार र पाँच अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । गजल 'सीताको नाम'मा 'सीताको नाम्' (४) 'भएसरि' (४) 'रामको अघि' (५) गरी एउटा मिसरामा जम्मा १३ उच्चार्य अक्षरहरू रहेका छन् । सीताको नाम्, भएसरि रामको अघि गरी चार-चार र पाँच अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । यसैगरी गजल 'छचल्कियो गजल' 'छचल्कियो' (४) 'गजलमा' (४) 'फेरि जिन्दगी' (५) गरी एउटा मिसरामा १३ उच्चार्य अक्षरहरू रहेका छन् । छचल्कियो, गजलमा, फेरि जिन्दगी गरी चार-चार र पाँच अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.८ चार, तीन र तीन (४+३×३) अक्षरमा यति हुने १३ अक्षरको गजल

यस गजलसङ्ग्रहमा रहेको मुक्तिको तिथिमिति गजल (१८) शीर्षकको एउटा मात्र गजलमा चार र तीन-तीन अक्षरमा यति हुने उच्चार्य १३ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । यस गजलमा 'मुक्तिको ति' (४) 'तिथिमिति' (३) 'गन्दै छ' (३) 'कलैया' (३) गरी एउटा मिसरामा उच्चार्य १३ अक्षरहरू रहेका छन् । मुक्तिको ति, तिथिमिति, गन्दै छ, कलैया गरी चार र तीन-तीन अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.९ चार, चार र छ (४×२+६) अक्षरमा यति हुने १४ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेको 'तीता-मीठा बातहरू' गजल (१३) 'के भनूँ म गजल यो' गजल (१९) 'घमण्डमा थपीथपी' गजल (२४) 'राम्रै राम्रो हुनुपर्ने' गजल (४०) शीर्षकका चारवटागजलहरूमा चार-चार र छ अक्षरमा यति हुने उच्चार्य १४ अक्षरको नेपाली बहरको प्रयोग गएिको छ । 'तीता-मीठा बातमा' 'तीता-मीठा' (४) 'बातहरू' (४) याद आउँदैछन् (६) गरी एउटा मिसरामा १४ अक्षरहरू रहेका छन् । तीता-मीठा, बातहरू, याद आउँदैछन् गरी चार-चार र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । गजल (१९) 'के भनूँ म गजल यो' मा 'के भनूँ म' (४) 'गजल यो' (४) 'कस्तो हुनुपर्छ' (६) गरी एउटा मिसरामा उच्चार्य १४ अक्षरहरू रहेका छन् । "के भनूँ म, गजल यो, कस्तो हुनुपर्छ" गरी चार-चार र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । गजल (२४) 'घमण्डमा थपीथपी' मा 'घमण्डमा' (४) 'थपीथपी (४) मात परेपछि' (६) गरी एउटा मिसरामा १४ उच्चार्य अक्षरहरू रहेका छन् । घमण्डमा, थपीथपी, मात परेपछि गरी चार-चार र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । गजल (४०) 'राम्रै राम्रो हुनपर्ने' मा 'राम्रै राम्रो' (४) 'हुनुपर्ने' (४) थियो जिन्दगीमा (६) गरी एउटा मिसरामा १४ अक्षरहरू रहेका छन् । राम्रै राम्रो, हुनुपर्ने, थियो जिन्दगीमा गरी चार-चार र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.१० पाँच, चार र पाँच (५+४+५) अक्षरमा यति हुने १४ अक्षरको गजल

यस गजलसङ्ग्रहमा रहेको 'नसोध मान्छे कि म' गजल (१६) शीर्षकको एउटा मात्र गजलमा पाँच, चार र पाँच अक्षरमा यति हुने उच्चार्य १४ अक्षरको नेपाली बहरद्वारा लयविधान गरिएको छ । यस गजलमा 'नसोध मान्छे' (५) 'कि म मूर्ति' (४) बनी ज्यूदो छु (५) गरी एउटा मिसरामा १४ उच्चार्य अक्षरहरू रहेका छन् । नसोध मान्छे, कि म मूर्ति, बनी ज्यूँदोछु गरी पाँच, चार र पाँच अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.११ चार, चार र दुई (४×३+२) अक्षरमा यति हुने १४ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेका 'उनी पनि सल्लाहमा' गजल (१०) 'माला उन्ने निहुँ' गजल (२१) बिखालु रातको चिहान, गजल (३६) 'तिमी विश्वको', गजल (३७) 'घाम जस्तो घाम हुन्न' गजल (३९) 'निधारमा मेची-काली' गजल (५६) शीर्षकका छ वटा गजलमा चार-चार र दुई अक्षरमा यति हुने उच्चार्य १४ अक्षरको नेपाली बहरको प्रयोग गएिको छ । गजल (१०) 'उनी पनि सल्लाह'मा 'उनी पनि' (४) 'सल्लाहमा' (४) 'आए

राम्रो' (४) हुन्थ्यो (२) गरी एउटा मिसरामा जम्मा १४ उच्चार्य अक्षरहरू रहेका छन् । उनी पनि, सल्लाहमा आए, हुन्थ्यो गरी चार-चार र दुई अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (२१) "माला उन्ने निहुँ"मा 'माला उन्ने' (४) 'निहुँ पारी' (४) 'भाँचिदियो' (४) डाली (२) गरी एउटा मिसरामा उच्चार्य १४ अक्षरहरू रहेका छन् । माला उन्ने, निहुँ पारी, भाँचिदियो, डाली गरी चार, चार र दुई अक्षरमा चार ठाउँमा यति विश्राम रहेको छ ।

गजल (३६) "बिखालु रातको चिहानमा" "बिखालु रात्" (४) 'को चिहान' (४) 'निम्ति लेख' (४) 'घनु' (२) गरी एउटा मिसरामा १४ उच्चार्य अक्षरहरू रहेका छन् । बिखालु रात्, को चिहान निम्ति लेख, घनु गरी चार, चार र दुई अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (३७) "तिमी मेरो विश्वासको" 'तिमी मेरो' (४) 'विश्वासको' (४) 'बनिदेऊ' (४) 'मियो' (२) गरी एउटा मिसरामा जम्मा १४ उच्चार्य अक्षरहरू रहेका छन् । तिमी मेरो, विश्वासको, बनिदेऊ, मियो गरी चार, चार र दुई अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (३९) "घाम जस्तो घाम हुन्न" मा 'घाम जस्तो' (४) 'घाम हुन्न' (४) 'जूनजस्तो' (४) 'जून' (२) गरी एउटा मिसरामा उच्चार्य १४ अक्षरहरू रहेका छन् । "घाम जस्तो, घाम हुन्न, जूनजस्तो जून गरी चार चार र दुई अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । यसैगरी गजल (५६) 'निधारमा मेची काली' मा 'निधारमा' (४) 'मेचीकाली' (४) 'हत्केलामा' (४) 'चुरे' (२) गरी एउटा मिसरामा १४ उच्चार्य अक्षरहरू रहेका छन् । निधारमा, मेचीकाली, हत्केलामा, चुरे गरी चार चार र दुई अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.१२ पाँच चार र छ (५+४+६) अक्षरमा यति हुने १५ अक्षरका गजल

यस गजलसङ्गहमा रहेको "पानीमा आगो लगाऊ" गजल (१) र 'दुनियाँ हेर्न फराकिलो' गजल (४१) शीर्षकका दुईवटा गजलहरूमा पाँच, चार र छ अक्षरमा यति हुने उच्चार्य १५ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । गजल "पानीमा आगो लगाऊ" मा "पानीमा आगो" (५) 'लगाऊ त' (४) 'गजल भैदिन्छ' (६) गरी एउटा मिसरामा १५ उच्चार्य अक्षरहरू रहेका छन् । पानीमा आगो, लगाऊ त, गजल भैदिन्छ गरी पाँच, चार र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । गजल "दुनियाँ हेर्न फराकिलो" मा 'दुनियाँ हेर्न' (५) 'फराकिलो' (४) 'नजर चाहिन्छ' (६) गरी एउटा मिसरामा जम्मा १५ उच्चार्य अक्षरहरू रहेका छन् । दुनियाँ हेर्न, फराकिलो, नजर चाहिन्छ गरी पाँच, चार र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.१३ सात, चार र चार (७+४×२) अक्षरमा यति हुने १५ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेको “मरूभूमिमा परेँ” गजल (४३) शीर्षकको एउटा मात्र गजलमा सात, चार र चार अक्षरमा यति हुने उच्चार्य १५ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । यस गजलमा “मरूभूमिमा परेँ” (७) ‘र त गजल’ (४) ‘कार भएँ’ (४) गरी एउटा मिसरामा १५ उच्चार्य अक्षरहरू रहेका छन् । मरूभूमिमा परेँ, र त गजल, कार भएँ गरी सात, चार र चार अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.१४ छ, पाँच र चार (६+५+४) अक्षरमा यति हुने १५ अक्षरका गजल

यस गजलसङ्ग्रहमा रहेको “फैसला मुल्तवी मुद्दाको” गजल (१५) शीर्षकको एउटा मात्र गजलमा छ, पाँच र चार अक्षरमा यति हुने उच्चार्य १५ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ, यस गजलमा ‘फैसला मुल्तवी’ (६) ‘मुद्दाको आज’ (५) ‘हुन्छ नि हो’ (४) गरी एउटा मिसरामा १५ उच्चार्य अक्षरहरू रहेका छन् । फैसला मुल्तवी, मुद्दाको आज, हुन्छ नि हो गरी छ, पाँच र चार अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.२.१५ पाँच, पाँच र छ (५×२+६) अक्षरमा यति हुने १६ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेका “काँडामा टेकी” गजल (७) र ‘कसरी जाला चटक्कै’ गजल (२९) शीर्षकका दुईवटा गजलमा पाँच, पाँच र छ अक्षरमा यति हुने उच्चार्य १६ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ । गजल (७) मा ‘काँडामा टेकी’ (५) ‘पाइला अघि’ (५) ‘सारे पो जिन्दगी’ (६) गरी एउटा मिसरामा जम्मा १६ उच्चार्य अक्षरहरू रहेका छन् । काँडामा टेकी, पाइला अघि, सारे पो जिन्दगी गरी पाँच, पाँच र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको छ । यसैगरी गजल (२९) ‘कसरी जाला चटक्कै’ मा ‘कसरी जाला’ (५) ‘चटक्कै नाता’ (५) ‘तोडेर जिन्दगी’ (६) गरी एउटा मिसरामा १६ उच्चार्य अक्षरहरू रहेका छन् । कसरी जाला, चटक्कै नाता, तोडेर जिन्दगी गरी पाँच, पाँच र छ अक्षरमा तीन ठाउँमा यति वा विश्राम रहेको पाइन्छ ।

### ६.२.१६ चार चार (४×४) अक्षरमा यति हुने १६ अक्षरका गजलहरू

यस गजलसङ्ग्रहमा रहेका ‘अति गरे खति हुन्छ’ गजल (५) ‘फेर्नलाई सधैँ लुगा’ गजल (१४) ‘मानिसले आफूलाई’ गजल (२०) ‘कुन्नी कस्तोटुनामुना’ गजल (२२) ‘नौलो हाँक हालिदिने’ गजल (२५) ‘ढोका ढाकी बसेको’ गजल (२८) ‘यस्तो लाग्छ गजलले’ गजल (३५) ‘पूर्णिमाको जून’ गजल (५४) र ‘बाचा थियो घरघरै’ गजल (५७) शीर्षकहरूमा रहेका ९ वटा गजलहरूमा चार-चार अक्षरमा यति हुने उच्चार्य १६ अक्षरको नेपाली बहरको प्रयोग गरिएको छ ।

गजल 'अति गरे खति हुन्छ' मा 'अति गरे' (४) 'खति हुन्छ' (४) 'बुझ्रे हुन्थ्यो' (४) माइलाले (४) गरी एउटा मिसरामा जम्मा १६ उच्चार्य अक्षरहरू रहेका छन् । अतिगरे, खति हुन्छ, बुझ्रे हुन्थ्यो, माइलाले गरी प्रत्येक चार, चार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल 'फेर्नलाई सधैँ लुगा' मा 'फेर्नलाई' (४) सधै लुगा (४) 'फेरेको छ' (४) मुलुकले (४) गरी एउटा मिसरामा जम्मा १६ उच्चार्य अक्षरहरू रहेका छन् । फेर्नलाई, सधैँ लुगा, फेरेको छ, मुलुकले गरी प्रत्येक चारचार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (२०) "मानिसले आफूलाई" मा 'मानिसले' (४) 'आफूलाई' (४) 'कुन्नि केमा' (४) 'ढालेको छ' (४) गरी एउटा मिसरामा उच्चार्य १६ अक्षरहरू रहेका छन् । मानिसले, आफूलाई, कुन्नि केमा, ढालेको छ गरी प्रत्येक चारचार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

यसैगरी गजल (२२) "कुन्नि कस्तो टुनामुना" मा "कुन्नि कस्तो" (४) 'टुनामुना' (४) 'जानेको छ' (४) 'गजलले' (४) गरी एउटा मिसरामा उच्चार्य १६ अक्षरहरू रहेका छन् । कुन्नि कस्तो, टुनामुना, जानेको छ, गजलले गरी प्रत्येक चारचार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (२५) "नौलो हाँक हालिदिने" मा "नौलो हाँक" (४) 'हालिदिने' (४) 'समयलाई' (४) 'सलाम छ' (४) गरी एउटा मिसरामा उच्चार्य १६ अक्षरहरू रहेका छन् । नौलो हाँक, हालिदिने, समयलाई, सलाम छ गरी प्रत्येक चारचार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (२८) "ढोका ढाकी बसेको" मा "ढोका ढाकी" (४) 'बसेका छन्' (४) 'छाडा साँढे' (४) बोकाहरू (४) गरी एउटा मिसरामा उच्चार्य १६ अक्षरहरू रहेका छन् । ढोका ढाकी, बसेका छन्, छाडा साँढे, बोकाहरू गरी प्रत्येक चारचार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

यसैगरी गजल (३५) "यस्तो लाग्छ गजलले" मा "यस्तो लाग्छ" (४) 'गजलले' (४) "आज बर्खी" (४) "बारेको छ" (४) गरी एउटा मिसरामा उच्चार्य १६ अक्षरहरू रहेका छन् । यस्तो लाग्छ, गजलले आज बर्खी, बारेको छ गरी प्रत्येक चार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (५४) "पूर्णिमाको जून" मा "पूर्णिमाको" (४) "जून देख्छु" (४) आँखाभरि" (४) "सपनामा" (४) गरी एउटा मिसरामा १६ उच्चार्य अक्षरहरू रहेका छन् । पूर्णिमाको, जून देख्छु, आँखाभरि, सपनामा गरी प्रत्येक चार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । गजल (५७) "बाचा थियो घरघरै"मा "बाचा थियो" (४) "घरघरै" (४) "बिजुली त्यो" (४) बालिदिने (४) गरी एउटा मिसरामा १६ उच्चार्य अक्षरहरू रहेका छन् । बाचा थियो, घरघरै, बिजुली त्यो, बालिदिने गरी प्रत्येक चार अक्षरमा चार ठाउँमा यति वा विश्राम रहेको छ । ध्वनीको आरोह वा अवरोहद्वारा यहाँ गजललाई गेय तुल्याइएको छ ।

अक्षरको एकपरूपता नभएको स्वर्निमित लय प्रयोग गरिएको नेपाली बहर

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेको गजल “न छ बन्दुक, न तरबार” शीर्षकको एउटा गजलमा अक्षरको एकरूपता नभई स्वर्निमित लयको प्रयोग गरिएको छ ।

### ६.३ चल्दैछ जिन्दगी गजलसङ्ग्रह शास्त्रीय बहरको प्रयोग

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका ५९ गजलहरू मध्ये जम्मा २० वटा गजलमा शास्त्रीय बहरको प्रयोग गरिएको छ । यी सबै गजलहरूमा मात्रा गिरावटको नियम पनि लागु गरिएको छ । शास्त्रीय बहरहरूमा आवद्ध गजलहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ६.३.१ मुस्तफ्इलुन् फऊलुन् ×२(SSIS+ISS×२) सूत्त प्रयोग भएका गजलहरू ।

यस गजलसङ्ग्रहमा रहेका गजलहरू “सुन झैँ हजारचोटी” गजल (२) “प्यालाले धित नमर्दा” गजल (४८), “बेली चमेली फूल झैँ” गजल (४९ र “पत्थरको ओठबाट” गजल (५१) गरी ४ वटा गजलहरूमा मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । यी गजलहरूमा मात्रा गिरावटको नियम पनि लागु भएको छ । यस बहरको सूत्र (SSIS-गु.गु.ल.गु.र ISS ल.गु.गु×२) हुन्छ ।

गजल “सुन झैँ हजारचोटीमा” सुन (S) झैँ (S) ह (I) जा (S)/ र (I) चो (S) टि (S)/खा (S) रे (S) पो (I) जिन् (S)/द (I) गी (S) हो (S)/गरी मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्रको बहर प्रयोग गरिएको छ । ‘टी’ अक्षर ह्रस्व (I), ‘पो’ अक्षर दीर्घ (S) र ‘जिन्’ अक्षर ह्रस्व (I) भए पनि गजलमा मात्रा गिरावटको नियमले गर्दा ‘टि’ अक्षर दीर्घ (S) ‘पो’ अक्षर ह्रस्व (I) र ‘जि’ अक्षर दीर्घ (S) उच्चारण गरिएको छ । सुनझैँ हजा (SSIS), रचोटि (ISS) खारे पो जिन् (SSIS) दगी हो (ISS) गरी मुस्तफ्इलुन् फऊलुन ×२ सूत्रको शास्त्रीय बहर प्रयोग गरिएको छ । सुनझैँ हजा, रचोटि, खारे पो जिन्, दगी हो गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल “प्यालाले धित नमर्दा”मा प्या (S) ला (S) ले (I) धित् (S)/न (I) मर् (S) दा (S)/ बो (S) तल् (S) लि (I) ए (S)/र (I) पि (S) एँ (S) गरी मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्रको बहर प्रयोग गरिएको छ । यहाँ ‘ले’ अक्षर दीर्घ (S) ‘ए’ अक्षर (I) भए पनि गजलमा मात्रा गिरावटको नियमले गर्दा ‘ले’ ह्रस्व (I) र ‘ए’ अक्षर दीर्घ (S) उच्चारण गरिएको छ । प्यालाले धित्, (SSIS) नमर्दा (ISS) बोतल् लिए (SSIS)/र पिएँ (ISS) गरी मुस्तफ्इलुन्

फऊलुन् ×२ सूत्रको शास्त्रीय बहर प्रयोग गरिएको छ । प्यालाले धित, नमर्दा, बोतल लिए, र पिएँ गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "बेली चमेली फूल झैँ" मा 'बे' (ऽ) ली (ऽ) च (।) मे (ऽ)/ली (।) फूल् (ऽ) झैँ (ऽ)/ गम् (ऽ) के (ऽ) र (।) साँ (ऽ)/झ (।) आ (ऽ) यो (ऽ) गरी मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्रको बहरको प्रयोग गरिएको छ । ली दीर्घ भए पनि मात्रा गिरावटले गर्दा 'ली' ह्रस्व (।) उच्चारण भएको छ । बेली चमे (ऽऽ।ऽ) ली फूल् झैँ (।ऽऽ) गम्केर सो (ऽऽ।ऽ) झ आयो (।ऽऽ) गरी मुस्तफ्इलुन्  फऊलुन् ×२ सूत्रको बहर प्रयोग गरिएको छ । बेली चमे, ली फूल् झैँ, गम्केर साँ, झ आयो गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "पत्थरको ओठबाट"मा पत् (ऽ) थ (ऽ) र (।) को (ऽ)/ओठ् (।) बा (ऽ) ट (ऽ)/छल् (ऽ) के (ऽ) र (।) बूँ (ऽ)/द (।) आ (ऽ) यो (ऽ) गरी मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्रको बहरको प्रयोग गरिएको छ । यहाँ 'थ' अक्षर ह्रस्व (।) ओठ अक्षर दीर्घ (ऽ) 'ट' अक्षर ह्रस्व (।) भए पनि मात्रा गिरावटको नियमले गर्दा 'थ' दीर्घ (ऽ) ओठ ह्रस्व (।) 'ट' दीर्घ उच्चारण भएका छन् । पत्थरको (ऽऽ।ऽ) ओठबाट (।ऽऽ) छल्केर बूँ (ऽऽ।ऽ) द आयो (।ऽऽ) गरी मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ पत्थरको ओठबाट, छल्केर बूँ,द आयो गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.३.२ फऊलुन् ×२ (।ऽऽ) सूत्र प्रयोग भएको गजल

यस गजलसङ्ग्रहका रहेको गजल "उही रात थियो" शीर्षकको एउटा मात्र गजलमा फऊलुन् ×२ सूत्रमा आधारित बहरे मुतकारिब मुरब्बा सालिन शास्त्रीय बहरको प्रयोग गरिएको छ । बहरको सुत्र (।ऽऽ ल.गु.गु.×२)  हुन्छ ।

गजल "उही रात थियो"मा उ (।) ही (ऽ) रा (ऽ)/त (।) थि (ऽ) यो (ऽ) गरी फऊलुन् ×२ सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । 'थि' अक्षर हस्व भए पनि मात्रा गिरावटले गर्दा दीर्घ उच्चारण भएको छ । उही रा (।ऽऽ)/त थियो (।ऽऽ) गरी एउटा मिसरामा दुई ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.३.३ मफाइलातुन् ×२ (।ऽ।ऽऽ) सूत्रको प्रयोग भएका गजल

यस गजलसङ्ग्रहमा रहेको "म सुखा बादल" शीर्षकको एउटा मात्र गजलमा मफाइलातुन् ×२ सूत्रमा आधारित शास्त्रीय बहरको प्रयोग गरिएको छ । यस बहरको सूत्र

(।ऽ।ऽऽ ल.गु.ल.गु.गु.×२) हुन्छ । यस गजलमा मात्रा गिरावटको नियमलाई लागु गरिएको छ । गजल "म सुखा बादल"मा म (।) सु (ऽ) खा (।) बा (ऽ) दल् (ऽ)/प (।) गा (ऽ) री (।) रा (ऽ) छु (ऽ) गरी मफाइलातुन् ×२) सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । यहाँ 'खा' र 'री' अक्षर दीर्घ (ऽ) भए पनि मात्रा गिरावटको नियमले गर्दा 'खा' र 'री' अक्षर ह्रस्व (।) उच्चारण भएका छन् । म सुखा बादल् (।ऽ।ऽऽ) पगारी रा'छु (।ऽ।ऽऽ) गरी एउटा मिसरामा दुई ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.३.४ मफाईलुन् ×४ (।ऽऽऽ) सूत्रको बहर प्रयोग भएका गजल

यस गजलसङ्ग्रहमा रहेको "तुफानी रातमा" शीर्षकको एउटा मात्र गजलमा मफाईलुन् ×४ सूत्रमा आधारित बहरे हजज मुसम्मन सालिन शात्रीय बहरको प्रयोग गरिएको छ । यस बहरको सूत्र (।ऽऽऽ ल.गु.गु.गु.×४) हुन्छ । यस गजलमा मात्रा गिरावटको नियमलाई लागु गरिएको छ ।

गजल "तुफानी रातमा" तु (।) फा (ऽ) नी (ऽ) रा (ऽ)/त (।) मा (ऽ) धिप् (ऽ) धिप् (ऽ)/दि (।) यो (ऽ) बल् (ऽ) दा (ऽ)/उ (।) नी (ऽ) तर (ऽ) से (ऽ) गरी मफाईलुन ×४ सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । यहाँ 'तु' अक्षर दीर्घ (ऽ) भए पनि मात्रा गिरावटको नियमले गर्दा 'तु' अक्षर ह्रस्व उच्चारण भएको छ । तुफानी रा (।ऽऽऽ) त मा धिप् धिप् (।ऽऽऽ) दियो बल्दा (।ऽऽऽ) उनी तर्से (।ऽऽऽ) गरी मफाईलुन् ×४ सूत्रको बहरको प्रयोग गरिएको छ । तुफानी रा, तमा धिप् धिप्, दियो बल्दा, उनी तर्से गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

### ६.३.५ फऊलुन् ×४ (।ऽऽ) सूत्रको प्रयोग भएका गजल

यस गजलसङ्ग्रहमा रहेका गजल "बसी बुइँगलमा", "म बैह्रो र लाटो", सहरमा छ चर्चा", "अफै सर्प ज्यूदै", "जिऊँ शानसँग", "यसै खुन यहाँ", "सखत हुन्छ मान्छे", "अहिले बिसौनी" र "ऊ पन्छिन्छ नाउँ" गरी ९ वटा गजलहरूमा फऊलुन् ×४ सूत्रमा आधारित बहरे मतकारिब मुसम्मन सालिन शास्त्रीय बहरको प्रयोग गरिएको छ । यी गजलहरूमा मात्रा गिरावटको नियमलाई लागु गरिएको छ । यस बहरको सूत्र (।ऽऽ ल.गु.गु.×४) हुन्छ ।

गजल "बसी बुइँगलमा" ब (।) सी (ऽ) बु (ऽ) इँ (।) गल् (ऽ) मा (ऽ)/यो (।) 'के' (ऽ) 'गर्' (ऽ)/न (।) था (ऽ) ले (ऽ) गरी फऊलुन् ×४ सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । 'यो' अक्षर दीर्घ (ऽ) भए पनि मात्रा गिरावटले गर्दा 'यो' अक्षर ह्रस्व (।)

प्रयोग भएको छ । बसी बु (ISS) इँ गल्मा (ISS) यो के गर् (ISS) न थाले (ISS) गरी फऊलुन् ×४ सूत्रको बहर प्रयोग गरिएको छ । बसी बु, इँ गल्मा, यो के गर, न थाले गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "म बैह्वो र लाटो" म (I) बै (S) ह्वो (S)/र (I) ला (S) टो (S)/ब (I) नी (S) चू (S)/प (I) ला (S) गैँ (S) गरी फऊलुन् ×४सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । म बैह्वो (ISS) र लाटो (ISS) बनी चू (ISS) प लागैँ (ISS) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । म बैह्वो र लाटो, बनी चू, प लागैँ गरी एउटा मिसरामा चार यति वा विश्राम रहेको छ ।

गजल "सहरमा छ चर्चा"मा स (I) हर् (S) मा (S)/छ (I) चर् (S) चा (S)/उ (I) नी (S) आ (S)/उँ (I) दै (S) छन् (S) गरी फऊलुन् ×४ सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । सहरमा (ISS) छ चर्चा (ISS) उनी आ (ISS) उँ दैछन् (ISS) गरी सूत्रको प्रयोग गरिएको छ । सहरमा, छ चर्चा, उनी आ, उँदैछन्  गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "अझै सर्प ज्यूँदै" मा अ (I) झै (S) सर् (S)/प (I) ज्यूँ (S) दै (S)/छ (I) हो (S) बूँ (S)/द (I) रा (S) ना (S) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । अझै सर् (ISS) प ज्यूँदै (ISS) छ हो बूँ (ISS) द राना (ISS) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । अझै सर्, प ज्यूँदै, छ हो बूँ, द राना गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "जिऊँ शानसँग"मा जि (I) ऊँ (S) शा (S)/न (I) सङ् (S) <u>ग</u> (S)/म (I) रौं (S) शा (S)/न (I) सङ् (S) <u>ग</u> (S) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । 'ग' 'ग' अक्षरमा अडान भएकाले मात्रा गिरावटले गर्दा 'ग' अक्षर ह्स्व (I) भए पनि दीर्घ (S) उच्चारण भएका छन् । जिऊँ शा (ISS) न सङ्ग (ISS) म रौं शा (ISS) न सङ्ग (ISS) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । जिऊँ शा, न सङ्ग, म रौं शा, न सङ्ग गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "यसै खुन यहाँ"मा य (I) सै (S) खु (S)/न (I) <u>य</u> (S) हाँ (S)/क (I) हाँ (S) हुन् (S)/छ (I) ता (S) तो (S) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । 'य' अक्षर ह्रस्व (I) भएपनि मात्रा गिरावटले गर्दा दीर्घ (S) उच्चारण भएको छ । यसै खु (ISS) न यहाँ (ISS) कहाँ हुन् (ISS) छ तातो (ISS) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ । यसै खु, न यहाँ कहाँ हुन्, छ तातो गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल “सखत हुन्छ मान्छे”मा स (।) खत् (ऽ) हुन् (ऽ)/छ (।) मान् (ऽ) छे (ऽ)/त (।) रल् (ऽ) हुन् (ऽ)/छ (।) मान् (ऽ) छे (ऽ) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ। सखत हुन् (।ऽऽ) छ मान्छे (।ऽऽ) तरल हुन् (।ऽऽ) छ मान्छे (।ऽऽ) गरी फउलुन् ×४ सूत्रको प्रयोग गरिएको छ, सखत हुन्, छ मान्छे, तरल हुन् छ मान्छे गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ।

गजल “अहिले बिसौनी”मा अ (।) हि (ऽ) ले (ऽ)/ बि (।) सौ (ऽ) नी (ऽ)/ पर् (।) यो (ऽ) नौ (ऽ)/वि (।) से (ऽ) को (ऽ) गरी फउलुन् ×४ सूत्रको प्रयोग गरिएको छ। हि अक्षर ह्रस्व र पर् (।) अक्षर दीर्घ  भएपनि मात्रा गिरावटले गर्दा हि (ऽ) दीघ र पर् (।) ह्रस्व उच्चारण भएको छ। अहिले (।ऽऽ) बिसौनी (।ऽऽ) पऱ्यो नौ (।ऽऽ) बिसेको (।ऽऽ) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ। अहिले, बिसौनी, पऱ्यो नौ, बिसेको गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ।

गजल “ऊ पन्छिन्छ नाउँ”मा ऊ (।) पन् (ऽ) छिन् (ऽ)/छ (।) ना (ऽ) उँ (ऽ)/ लिँ (।) दै (ऽ) नि (ऽ)/ य (।) ति (ऽ) को (ऽ) गरी फऊलुन् ×४ सूत्रको प्रयोग गरिएको छ। ‘ऊ’ अक्षर दीर्घ (ऽ) र नि र ति अक्षर ह्रस्व (।) भए पनि मात्रा गिरावटले गर्दा ‘ऊ’ ह्रस्व (।) र नि र ति अक्षर दीर्घ (ऽ) उच्चारण भएका छन्। ऊ पन्छिन् (।ऽऽ) छ नाउँ (।ऽऽ) लिदै नि (।ऽऽ) यतिको (।ऽऽ) गरी फउलुन् ×४ सूत्रको प्रयोग गरिएको छ। ऊ पन्छिन्, छ नाउँ, लिँदै नि, यतिको गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ।

### ६.३.६ मुस्तफ्इलुन् फऊलुन्+मुस्तफ्इलुन् मफा (ऽऽ।ऽ+।ऽऽ+ऽऽ।ऽ+।ऽ) सूत्रको प्रयोग भएका गजल

यस गजल सङ्ग्रहमा रहेका गजल “सेती हो जिन्दगी”, गजल “रोकिन्न रोकिदैन”, “गजल के छ र बाँकी” गजल “ठुस्किन्छ कैलेकाहीँ” गरी चारवटा गजलहरूमा मुस्तफ्इलुन् फऊलुन्+मुस्तफ्इलुन् मफा सूत्रमा आधारित शास्त्रीय बहरको प्रयोग गरिएको छ। यस बहरको सूत्र (ऽऽ।ऽ गु.गु.ल.गु.+ ।ऽऽ ल.गु.गु.+ ऽऽ।ऽगु.गु.ल.गु.+ ।ऽ ल.गु) हुन्छ। गजल “सेती हो जिन्दगी” यस गजलको पहिलो पङ्क्तिमा सूत्र अनुसार एक अक्षरको कमी भएकाले उदाहरणार्थ दोस्रो पङ्क्तिलाई लिइएको छ।

पै (ऽ) रिन् (ऽ) छ (।) मा (ऽ)/ ला (।) कै (ऽ) ले (ऽ)/ मो (ऽ) सो (ऽ) द (।) ला (ऽ)/ उँ (।) छ (ऽ) गरी मुस्तफ्इलुन्+फऊलुन्+मुस्तफ्इलुन् मफा सूत्रको प्रयोग गरिएको छ। माथि रेखाङ्कित गरिएको ‘ला’ अक्षर दीर्घ (ऽ) र ‘छ’ अक्षर ह्रस्व (।) उच्चारण भएका छन्।

पैरिन्छ मा (SSIS) ला कैले (ISS) मोसो दला (SSIS) उँछ (IS) गरी मुस्तफ्इलुन् फऊलुन् + मुस्तफ्इलुन मफा सूत्रको प्रयोग गरिएको छ । पैरिन्छ मा, ला कैले, मोसो दला, उँछ गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "रोकिन्न, रोकिँदैन"मा रो (S) किन् (S) न (I) रो (S)/ कि (I) दै (S) न (S)/ चल् (S) दै (S) छ (I) जिन् (S)/ द (I) गी (S) गरी मुस्तफ्इलुन् + फऊलुन् + मुस्तफ्इलुन् +मफा सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । 'न' अक्षर ह्रस्व भए पनि मात्रा गिरावटले गर्दा दीर्घ (S) उच्चारण भएको छ । रोकिन्न रो(SSIS) किदै न (ISS) चल्दै छ जिन् (SSIS) दगी (IS) गरी मुस्तफ्इलुन् फऊलुन्+मुस्तफ्इलुन् मफा सूत्रको प्रयोग गरिएको छ । रोकिन्न रो, रोकिदैन, चल्दै छ जिन्, दगी गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "के छ र बाँकी"मा के (S) छ (S) र (I) बाँ (S)/ की (I) भन् (S) न (S) / कस् (S) तो (S) छ (I) जिन् (S)/ द (I) गी (S) गरी मुस्तफइलुन् + फऊलुन् + मुस्तफ्इलुन् मफा सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । 'छ' अक्षर ह्रस्व (I) 'की' अक्षर दीर्घ (S) 'न' अक्षर ह्रस्व भएपनि मात्रा गिरावटले गर्दा 'छ' दीर्घ (S) 'की' हस्व (I) 'न' दीर्घ (S) उच्चारण भएका छन् । के छ र बाँ (SSIS) की भन्न (ISS) कस्तो छ जिन् (SSIS) दगी (IS) गरी मुस्तफ्इलुन्, फऊलुन् मुस्तफ्इलुन् मफा सूत्रको प्रयोग गरिएको छ । के छ र बाँ,की भन्न, कस्तो छ जिन्, दगी गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

गजल "ठुस्किन्छ कैलेकाहीँ"मा ठुस् (S) किन् (S) छ (I) कै (S)/ ले (I) का (S) हीँ (S)/ मस् (S) किन् (S) छ (I) जिन् (S)/ द (I) गी (S) गरी मुस्तफ्इलुन् + फऊलुन् + मुस्तफ्इलुन् मफा सूत्रको शास्त्रीय बहरको प्रयोग गरिएको छ । माथि रेखाङ्कित गरिएको 'ले' अक्षर दीर्घ (S) भएपनि मात्रा गिरावटले गर्दा ह्रस्व (I) उच्चारण भएको छ । ठुस्किन्छ कै (SSIS) ले काहीँ (ISS) मस्किन्छ जिन् (SSIS) दगी (IS) गरी मुस्तफ्इलुन् फऊलुन् + मुस्तफ्इलुन् मफा सूत्रको प्रयोग गरिएको छ । ठुस्किन्छ कै, ले काहीँ, मस्किन्छ जिन्, दगी गरी एउटा मिसरामा चार ठाउँमा यति वा विश्राम रहेको छ ।

## ६.४ निष्कर्ष

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका ५९ वटा गजलहरू मध्ये ३९ वटा गजलहरूमा नेपाली बहरको प्रयोग गरिएको छ ।

चार चार अक्षरमा यति हुने ८ अक्षरको "घाम लाग्ने आसैआसमा" एउटा मात्र गजल रहेको छ । चार चार र दुई अक्षरमा यति हुने १० अक्षरको "चिराचिरा परेको" एउटा मात्र गजल रहेको छ । पाँच पाँच अक्षरमा यति हुने १० अक्षरको गजल "सिएको मन फाटेको देखेँ" र "पारा चढेको जो" गरी दुईवटा गजलहरू रहेका छन् । पाँच र छ

अक्षरमा यति हुने ११ अक्षरको गजल "मै हुँ भन्नेको" एउटा मात्र गजल रहेको छ। तीन तीन (३×४) अक्षरमा यति हुने १२ अक्षरको "न कुनै मेनका" शीर्षकको एउटा मात्र गजल रहेको छ। चार चार (४×३) अक्षरमा यति हुने १२ अक्षरको "झीर काँडा भए" र "जुठो चाट्न उनी" गरी दुई वटा गजलहरू रहेका छन्। चार चार र पाँच अक्षरमा यति हुने उच्चार्य १३ अक्षरका "जैले पनि खुकुरीको", "सीताको नाम" र "छचल्कियो गजलमा" गरी ३ वटा गजल रहेका छन्। चार र तीन तीन अक्षरमा यति हुने १३ अक्षरको "मुक्तिको तिथिमिति" शीर्षकको एउटा गजल रहेको छ।

यसैगरी चार चार र दुई अक्षरमा यति हुने १४ अक्षरका गजलहरू उनी पनि सल्लाहमा, माला उन्ने निहुँ, बिखालु रातको चिहान, घामजस्तो घाम हुन्न, तिमी मेरो विश्वासको, निधारमा मेचीकाली गरी ६ वटा गजलहरू रहेका छन् भने चार चार र छ अक्षरमा यति हुने उच्चार्य १४ अक्षरकै गजल तीता मीठा बातहरू र के भनूँ म गजलहरू रहेका छन् भने पाँच, चार, पाँच अक्षरमा यति हुने उच्चार्य १४ अक्षरको गजल "नसोध मान्छे कि म" शीर्षकको एउटा गजल रहेको छ।

यसैगरी चार चार अक्षरमा यति हुने उच्चार्य १६ अक्षरका गजलहरू अतिगरे खति हुन्छ, फेर्नलाई सधैं लुगा, मानिसले आफूलाई, कुन्नि कस्तो टुनामुना, नौलो हाक हालिदिने, ढोका ढाकी बसेका, यस्तो लाग्छ गजलले, पूर्णिमाको जून, बाचा थियो घरघरै गरी ९ वटा गजलहरू रहेका छन् भने, पाँच पाँच र छ अक्षरमा यति हुने १६ अक्षरकै गजल काँडामा टेकी र कसरी जाला चटक्कै गरी दुई वटा गजलहरू रहेका छन्। "न छ बन्दुक, न तरबार" शीर्षकको एउटा गजलमा गति यतिको साथै अक्षरको पनि एकरूपता रहेको छैन।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका ५९ वटा गजलहरू मध्ये २० वटा गजलहरू शास्त्रीय बहरमा आबद्ध रहेका छन्।

मुस्तफ्इलुन् फऊलुन् ×२ सूत्र प्रयोग भएका गजलहरू गजल "सुन झैं हजार चोटि" गजल "प्यालाले धित नमर्दा" गजल "बेली चमेली फूल झैं" र गजल पत्थरको ओठबाट गरी चारवटा गजल रहेका छन्। फऊतुन् ×२ सूत्रको प्रयोग "उही रात थियो" शीर्षकको एउटा गजलमा भएको छ। मफाइलातुन् ×२ सूत्रको प्रयोग गजल "म सुखा बादल" शीर्षकको एउटा मात्र गजलमा गरिएको छ। मफाईलुन् ×२ सूत्रको प्रयोग गजल "तुफानी रातमा" शीर्षकको एउटा मात्र गजलमा गरिएको छ।

फऊलुन ×४ सूत्रको प्रयोग गजल "बसी बुइँगलमा", गजल "म बैह्रो र लाटो", गजल "सहरमा छ चर्चा", गजल "अझै सर्प ज्यूदै", "जिऊँ शानसँग", "यसै खुन यहाँ",

"सखत हुन्छ मानछे", "अहिले बिसौनी" र "ऊ पग्लिन्छ नाउँ" शीर्षकका ९ वटा गजलहरूमा गरिएको छ ।

मुस्तफ्इलुन फऊलुन+मुस्तफ्इलुन मफा सूत्रको प्रयोग भएका गजलहरू गजल "सेती हो जिन्दगी", "रोकिन्न रोकिदैन", "के छ र बाँकी", "ठुस्किन्छ कैलेकाहीँ" गरी ४ वटा गजल रहेका छन् ।

गजल "सेती हो जिन्दगी" शीर्षकको गजलको पहिलो पङ्क्तिमा सूत्र अनुसार एक अक्षर कमी भएकाले उदाहरणार्थ दोस्रो पङ्क्तिको प्रयोग गरिएको छ ।

**चल्दैछ जिन्दगी**का गजलमा गजलकार बूँद रानाले शास्त्रीय बहरभन्दा नेपाली बहरलाई बढी प्राथमिकता दिएकाले शास्त्रीय बहरभन्दा नेपाली बहर बढी प्रयोग गरिएको पाइन्छ ।

# अध्याय सात
# शोधनिष्कर्ष

## ७.१ विषयप्रवेश

"रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको अध्ययन" शीर्षकको प्रस्तुत शोधकार्य रचनाविधानका आधारमा **चल्दैछ जिन्दगी**का गजलहरूको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्यायमा एकदेखि छ अध्यायसम्मको शोधसार र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ७.२ सारसङ्क्षेप

अध्याय एकमा शोधपत्रको परिचय प्रस्तुत गएिको छ । यस अन्तर्गत शोधशीर्षकको प्रयोजन, विषयपरिचय, समस्या कथन, शोधकार्यको उद्देश्य पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र सैद्धान्तिक आधार तथा शोधपत्रको रूपरेखाको उल्लेख गरिएको छ ।

अध्याय दुईमा गजलको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत गजलको परिभाषा, सैद्धान्तिक स्वरूप, रचनाविधान, विशेषता र गजलसँग निकटस्थ रहेका विधासँग गजलको सम्बन्ध चर्चा गरिएको छ । गजल पूर्वीय जगत् अन्तर्गत अरवी फार्सी साहित्यको देन भएकाले गजलका सम्बन्धमा पूर्वीय विद्वान्हरूका परिभाषाहरू उल्लेख गरिएको छ । यस गजलको स्वरूप चर्चा गर्दै यसका तत्त्वहरू सेर, काफिया, रदिफ र बहरका सम्बन्धमा अध्ययन गरिएको छ । यसरी गजलका विशेषताहरूका सम्बन्धमा अध्ययन विश्लेषण गरिएको छ । गजलको कविता, मुक्तक, गीत र आख्यान अन्तर्गत पर्ने लघुकथासँगको सम्बन्धलाई बुँदागत रूपमा अध्ययन विश्लेषण गरी एक अर्का बीचको समानता र असमानताको पनि तुलनात्मक अध्ययन गरिएको छ । विषयवस्तुका आधारमा मुसलसल गजल र गैरमुसलसल गजलको पनि चर्चा गरिएको छ ।

अध्ययन तीनमा **चल्दैछ जिन्दगी**का गजलमा प्रयोग गरिएका काफियाको अध्ययन गरिएको छ । यस सङ्ग्रहमा रहेका उन्साठी वटै गजलमा काफियामा रहेका चल ध्वनि र अचल ध्वनि छुट्याई सोदाहरण अध्ययन गरिएको छ । **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा प्रयोग गरिएका काफियाको संरचनाको आधारमा पूर्ण शब्द काफिया, शब्दाशं काफिया, एकाक्षरी काफिया, मिश्रित काफिया र मिलित काफिया मध्ये कुन कुन काफिया हुन् भन्ने

छुट्याएर अध्ययन गरिएको छ भने काफियामा आएका चलध्वनि र अचल ध्वनिका दृष्टिले पनि गजलहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

**चल्दैछ जिन्दगी**का उन्सठी वटै गजलमा एकै प्रकारका काफियाको प्रयोग भएको पाइँदैन । त्यसैले पृथक्-पृथक् काफियाको प्रयोग भएको पाइन्छ । यस गजलसङ्ग्रहमा ३६ वटा गजलमा पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । २२ वटा गजलमा मिश्रित काफियाको प्रयोग भएको छ र एउटा गजलमा एकाक्षरी काफियाको प्रयोग छ तर यस सङ्ग्रहभित्रका गजलमा मिलित काफिया र शब्दांश काफियाको प्रयोग भएको पाइँदैन ।

अध्याय चारमा **चल्दैछ जिन्दगी**का गजलमा रदिफ प्रयोगको अध्ययन गरिएको यस अध्यायमा रदिफको अध्ययन गरी एकल रदिफ र बहुल रदिफ प्रयोग भएका गजलहरू छुट्याइएको छ र रदिफ प्रयोग नभएका गैरमुरद्दफ गजल पनि छुट्याइएको छ । **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका उनन्साठी वटा गजलमध्ये पैंतालीस वटा रदिफ प्रयोग भएका मुरद्दफ गजल रहेका छन् भने चौध वटा रदिफ प्रयोग नभएका गैरमुरद्दफ गजल रहेका  छन् । रदिफ प्रयोग भएका पैंतालीस वटा गजलमध्ये सत्र वटा गजलमा एकल शब्दका रदिफको प्रयोग भएको छ र अट्ठाइस वटा गजलमा बहुल शब्दका रदिफको प्रयोग भएको छ । रदिफले गजलको सौन्दर्य प्रसाधानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने र गायनमा श्रुतिमधुरता थपिदिने हुनाले अधिकाशं गजलकारहरूले यसलाई त्याग्न सक्दैनन् । यसैगरी **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा पनि गजलकारले गैरमुद्दफ गजलभन्दा मुरद्दफ गजल बढी प्रयोग गरेको पाइन्छ ।

अध्याय पाँचमा **चल्दैछ जिन्दगी** अन्तर्गतका गजलहरूको संरचना र कथ्यको अध्ययन गरिएको छ । यस गजलसङ्ग्रहमा सङ्कलित उनन्साठी वटा गजलहरूको विषयवस्तु, सेरसङ्ख्या, काफिया प्रयोग, रदिफ प्रयोग, लयविधान, अक्षरसङ्ख्या, तखल्लुसको प्रयोगका साथसाथै गजलमा प्रयुक्त भावको अध्ययन समेत गरिएको छ । यस गजलसङ्ग्रहमा निहित गजलहरू चार सेरदेखि अठार सेरसम्मका रहेका छन् । चार सेरको एउटा गजल रहेको छ । यसैगरी पाँच सेरका छब्बीस वटा, छ सेरका सत्र वटा, सात सेरका छ वटा, आठ सेरका चार वटा, नौ सेरका दुई वटा, दस सेरका दुई वटा र अठार सेरको एउटा गजल रहेको छ । अर्न्तवस्तुका दृष्टिले गजलमा देशप्रेम, समाज, राजनीति, शिक्षा, प्रेम-प्रणय, व्यङ्ग्य विद्रोह, नीतिउपदेश, जस्ता विषयवस्तु आएका छन् । भने प्रगतिवादी, मानवतावादी, निराशावादी, नियतिवादी, आशावादी, विसङ्गतिवादी र अस्तित्त्ववादी जस्ता जीवनदृष्टिको प्रयोग गरिएको छ । अक्षरको उच्चारणमा ६, १०, १२, १३, १४, १६ अक्षरको लयविधान रहेको छ । विषयवस्तुको आधारमा गजलको वर्गिकरण गर्दा मुसलसल र गैरमुसलसल दुवै विषयवस्तु प्रयोग भएका छन् । एउटै विषयवस्तुमा कन्द्रित भएर लेखिएका मुसलसल गजल सात वटा र विविध विषयवस्तुमा केन्द्रित भएर

लेखिएका गैरमुससल गजल बाउन्न वटा रहेका छन् । काफिया प्रयोगका दृष्टिले पूर्ण शब्द काफियाको प्रयोग छत्तीस वटा गजलमा मिश्रित काफियाको प्रयोग बाईस वटा र एकाक्षरी काफियाको प्रयोग एउटा गजलमा भएको पाइन्छ । रदिफ प्रयोगका दृष्टिले पैंतालीस वटा मुरद्दफ गजल र चौध वटा गैरमुरद्दफ गजल प्रयोग भएका छन् । यस गजलसङ्ग्रहमा रहेका ५९ वटा गजलमध्ये चौधवटा गजलमा तखल्लुसको प्रयोग गरिएको छ । प्रत्येक गजलमा प्रयुक्त भावको अध्ययन गरिएको छ ।

अध्याय छ मा **चल्दैछ जिन्दगी** अन्तर्गत प्रयुक्त बहरहरूको अध्ययन छ । गजल लेखनका लागि बहर अनिवार्य तत्त्व मानिएकाले बहरलाई गजलको सर्वोच्च अनुसासन ठानिन्छ । गजल शास्त्रीय बहरमा मात्र नभई नेपाली बहरमा पनि लेख्न सकिन्छ । **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका उनन्साठी वटा गजल मध्ये उन्चालीस वटा गजलमा नेपाली बरहको प्रयोग गरिएको छ । यी मध्ये केही गजलमा स्वनिर्मित बहरहरू पनि प्रयोग भएका छन् । बाँकी बीस वटा गजलमा शास्त्रीय बहरको प्रयोग गरिएको छ । नेपाली बहरको प्रयोग भएका गजलहरू उच्चार्य आठ अक्षरदेखि उच्चार्य सोह्र अक्षर एउटासम्म रहेका छन् । चार चार अक्षरमा यति हुने उच्चार्य आठ अक्षरको एउटा गजल रहेको छ । चार चार र दुई अक्षरमा यति हुने उच्चार्य दश अक्षरको एउटा गजल, पाँच पाँच अक्षरमा यति हुने उच्चार्य दस अक्षरको दुईवटा गजल, पाँच र छ अक्षरमा यति हुने उच्चार्य एघार अक्षरको एउटा गजल रहेको छ । तीन तीन अक्षरमा यति हुने उच्चार्य बाह्र अक्षरको एउटा चार चार अक्षरमा यति हुने उच्चार्य बाह्र अक्षरका दुईवटा गजल रहेका छन् । चार चार र पाँच अक्षरमा यति हुने उच्चार्य तेह्र अक्षरकै एउटा गजल रहेको छ । चार चार र दुई अक्षरमा यति हुने उच्चार्य चौध अक्षरका ६ वटा गजलहरू रहेका छन् भने चार चार र छ अक्षरमा यति हुने उच्चार्य चौध अक्षरकै चारवटा गजलहरू रहेका छन् भने पाँच, चार, पाँच अक्षरमा यति हुने उच्चार्य चौध अक्षरको एउटा गजल रहेको छ । यसैगरी चार चार अक्षरमा यति हुने उच्चार्य सोह्र अक्षरका नौ वटा र पाँच पाँच र छ अक्षरमा यति हुने सोह्र अक्षरका नौ वटा र पाँच पाँच र छ अक्षरमा यति हुने सोह्र अक्षरकै दुईवटा गजलहरू रहेका छन् । "न छ बन्दुक न तरबार" शीर्षकको एउटा गजलमा गति यतिको साथै अक्षरको पनि एकरूपता रहेको छैन । **चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा रहेका गजलहरू मध्ये बीसवटा गजलमा शास्त्रीय बहरको प्रयोग गरिएको छ ।

मुस्तफ्इलुन् फऊलुन×२ सूत्र अन्तरर्गत चारवटा गजल रहेका छन् । यसैगरी मुस्तफ्इलुन् फऊलुन्+मुस्तफ्इलुन् मफा सूत्र अन्तर्गत चारवटा गजल पर्दछन् । फऊलुन्×४ सूत्र अन्तर्गत नौ वटा गजल रहेका छन् । मफऊलुन् ×४ सूत्र अन्तर्गत एउटा गजल रहेको छ फऊलुन् ×२ सूत्र अन्तर्गत एउटा गजल रहेको छ । मफाइलातुन

×२ सूत्र अन्तर्गत पनि एउटा गजल रहेको छ । **चल्दैछ जिन्दगी**का गजलमा शास्त्रीय बहरको तुलनामा नेपाली बहरको प्रयोग बढी भएको पाइन्छ । गजल लेखनका लागि शास्त्रीय बहर नै अनिवार्य नभएर नेपाली बहरको प्रयोग पनि गर्न सकिने तथ्य सिद्ध गरिएको छ ।

अध्याय सातमा शोधकार्यको शोधनिष्कर्ष प्रस्तुत गरिएको छ । यस अध्यायतर्फ सारसङ्क्षेप र शोधनिष्कर्ष गरी दुईवटा उपशीर्षकमा विभाजन गरिएको छ । शोधसार अन्तर्गत प्रत्येक अध्यायको सङ्क्षिप्त चर्चा गरिएको छ भने शोध निष्कर्षमा चल्दै छ जिन्दगी गजलसङ्ग्रहको रचना विधानलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ७.३ शोधनिष्कर्ष

आधुनिक नेपाली साहित्यिक जगत्मा अत्यन्त प्रभावकारी काव्य विधाका रूपमा देखा परेको गजल शब्द अरबी भाषाको ग+ज+अल्को योगबाट बनेको मानिन्छ । 'ग' को अर्थ वाणी, 'ज' को अर्थ स्त्री अल्को अर्थ को वा सँग भन्ने रहेको पाइन्छ । यही अर्थका आधारमा गजलको अर्थ स्त्रीसँग गरिने कुराकानी वा स्वास्नी मानिससँगको वार्तालाप भन्ने बुझिन्छ । गजलको व्युत्पत्तिगत अर्थ प्रेम र शृङ्गारमा मात्र कुण्ठित नभएर सृष्टिको समग्रतालाई आफूभित्र समाहित गर्दै जीवनका दुःख, दर्द र समाजको वास्तविक यथार्थलाई विषयवस्तु बनाएर अगाडि बढेको देखिन्छ । गजलका रचनाविधानका लागि सेर, काफिया, रदिफ, बहर जस्ता तत्त्वहरूको आवश्यकता पर्दछ । **चल्दैछ जिन्दगी**का गजलमा प्रयोग गरिएको रचनाविधानलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

काफिया गजलको अनिवार्य तत्त्व भएकाले यसको प्रयोगविना गजल लेख्न सकिदैन भन्ने मान्यता अनुरूप गजलकार रानाले **चल्दैछ जिन्दगी**का सबै गजलमा उचित तरिकाले काफियाको प्रयोग गरेका छन् । जिन्दगीका गजलमा गजलकार रानाले पूर्णशब्द काफिया, मिश्रित काफिया र एकाक्षरी, काफिया गरी तीन प्रकारका काफियाको प्रयोग गरेका छन् भने शब्दांश र मिलित काफियाको प्रयोग गरेका छैनन् । काफिया बन्नका लागि चल ध्वनि र अचल ध्वनिको आवश्यकता हुने हुँदा **चल्दै छ जिन्दगी**का गजलका सबै काफियामा चलध्वनि र अचलध्वनिको नियमलाई पूर्ण रूपमा परिपालन गरिएको छ ।

रदिफ गजलको अनिवार्य तत्त्व नभएको हुँदा यसको प्रयोग विना पनि गजल लेख्न सकिन्छ भन्ने मान्यतालाई गजलकार रानाले **चल्दैछ जिन्दगी**का उनन्साठी वटा गजल मध्ये चौधवटा गजलमा रदिफ प्रयोग नगरी गैरमुरद्दफ गजलको रचना गरेको पाइन्छ । गजलमा एकल रदिफ र बहुल रदिफको प्रयोग हुने हुँदा **चल्दैछ जिन्दगी**का गजलमा पनि गजलकार रानाले सत्रवटा गजलमा एकल रदिफको प्रयोग र अट्ठाईस वटा गजलमा बहुल रदिफको प्रयोग गरेका छन् ।

**चल्दैछ जिन्दगी** गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको संरचना र कथ्यको अध्ययन गर्ने क्रममा यस सङ्ग्रहमा सङ्कलित उनन्साठी वटा गजलहरूको विषयवस्तु, सेर सङ्ख्या, काफिया प्रयोग, रदिफ प्रयोग, अर्न्तवस्तु, लयविधान अक्षरसंख्या, र गजलमा प्रयुक्त भावको अध्ययन गरिएको छ । विषयवस्तुका रूपमा गजलको अध्ययन गर्दा मुसलसल गजल र गैरमुसलसल दुवै खालका गजलहरू आएका छन् भने सेर सङ्ख्याका रूपमा चार सेरदेखि अठार सेर सम्मका गजलहरू रहेका छन् । अक्षरको उच्चारणमा ६ देखि १६ अक्षरको लयविधान रहेको छ । काफिया प्रयोग दृष्टिले पूर्ण शब्द काफिया, मिश्रित काफिया र एकाक्षरी काफियाको प्रयोग भएको छ भने शब्दांश काफिया र मिलित काफियाको प्रयोग भएको छैन । रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजल र गैरमुरद्दफ दुवै गजलको प्रयोग गरिएको छ । सेरमा प्रयुक्त अर्न्तवस्तुका रूपमा समाज, राजनीतिक, नीति, उपदेश, वातावरण, देशप्रेम, शिक्षा, प्रेम-प्रणय, व्यङ्ग्य विद्रोह जस्ता विषयवस्तु आएका छन् भने प्रगतिवादी, मानवतावादी, निराशावादी, नियतिवादी, आशावादी, विसङ्गतिवादी र अस्तित्ववादी जीवनदृष्टिको प्रयोग गरिएको छ ।

बहर गजलको अनिवार्य तत्त्व भएकाले गजल बहरबद्ध हुनु अपरिहार्य हुन्छ । बहरले गजलको लयात्मकतामा प्रमुख भूमिका निर्वाह गरेको हुन्छ त्यसैले **चल्दैछ जिन्दगी**का गजलमा पनि बहरको प्रयोग उचित किसिमले गरिएको छ । गजल शास्त्रीय बहरमा मात्र नभई नेपाली बहरमा पनि लेख्न सकिने हुँदा **चल्दैछ जिन्दगी**का उनन्साठी वटा गजल मध्ये उन्चालीस वटा गजलमा नेपाली बहरको प्रयोग गरिएको छ भने जम्मा बीस वटा गजलमा शास्त्रीय बहरको प्रयोग गरिएको छ । बूँद रानाले अधिकांश गजलहरू नेपाली प्रचलित बहरहरूमा रचना गरेको पाइन्छ भने कतिपय गजलमा उच्चार्य अक्षरको एकरूपता नभएको समेत पाइन्छ ।

अतः **चल्दैछ जिन्दगी**का गजलमा रचनाविधानका आवश्यक तत्त्वहरू काफिया, रदिफ, सेर, मतला, मकता, तखल्लुस, बहर तत्त्वहरूको उचित संयोजन भएको छ ।

आधुनिक नेपाली गजलको पुनर्जागरण कालका प्रतिनिधि गजलकारका रूपमा स्थापित बूँद रानाका **रातो मलाई प्यारो** (२०५६) र **चल्दैछ जिन्दगी** (२०६४) गरी दुईवटा गजल सङ्ग्रह रहेका छन् । यसरी रानाको **चल्दैछ जिन्दगी** गजलसङ्ग्रह दोस्रो गजलसङ्ग्रहका रूपमा रहेको छ । गजलकार बूँद राना प्रगतिवादी गजलकारका रूपमा चर्चित भए तापनि मूलतः यिनलाई समाजवादी यथार्थवादी गजलकारका रूपमा **चल्दैछ जिन्दगी** सङ्ग्रहले चिनाएको छ । यस गजलसङ्ग्रहले शीर्षकद्वारा नै जीवनवादितालाई सङ्केत गरेको हुँदा प्रगतिवादीहरू जीवनप्रति कहिल्यै निराश बन्दैनन् भन्ने नमुनाको रूपमा यस गजलसङ्ग्रह रहेको पाइन्छ । यस गजल गजलसङ्ग्रहले जीवनवादितालाई सङ्केत गरे तापनि यसले समाजका यथार्थ विषयवस्तु, सामाजिक भेदभाव, अन्धविश्वास,

कुरीति र कुसंस्कृतिको विरोध, राजनैतिक अराजकताको विरोध, दिनानुदिन बाँच्न कठिन हुँदै गएको जीवनको चिन्ता, गरिब, असहाय, शोषित पिडित जनताप्रति सम्वेदना र प्रेमप्रणय जस्ता अर्न्तवस्तुलाई गजलमा अभिव्यक्त गरेको पाइन्छ । समतायुक्त समाजको अपेक्षा राख्ने गजलकार रानाले स्वतन्त्रता, यथार्थतावादी, मावतावादी, जीवनवादी र प्रगतिवादी पक्षमा आवाज उठाउँदै शोषणमुक्त र समतायुक्त समाजको स्थापनामा जोड दिएका छन् । क्लिष्ट विचारलाई कोमल र सरल शब्दहरूले सजाउन सिपालु रानाले जिन्दगीलाई नै सर्वोपरि ठान्दै जीवनमा आइपर्ने कष्टप्रद अवस्थामा पनि कत्ति विचलित नभई आफ्नो उद्देश्य र अस्तित्व प्राप्तिका लागि सङ्घर्षरत रहनुपर्छ भन्ने सन्देश यस सङ्ग्रहका गजलहरूमा व्यक्त गरेको पाइन्छ । नेपाली गजलको प्रगतिवादी फाँटलाई पल्लवित र पुष्पित बनाउन सफल गजलकार रानालाई यस गजलसङ्ग्रहले अझ माथि उठाएको छ ।

# सन्दर्भसूची


अधिकारी, रूपक, २०६५, **"चल्दैछ जिन्दगी** गजलसङ्ग्रहको विश्लेषण" नेपाल संस्कृत विश्वविद्यालय, बाल्मीकि विद्यापीठ, काठमाडौँमा प्रस्तुत शास्त्री संस्कृत शोधपत्र - अप्रं.) ।

अधिकारी, हेमाङ्गराज (सम्पा.), २०६१, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन ।

आचार्य, कृष्णप्रसाद, २०६२, **पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : क्षितिज प्रकाशन ।

उदासी, टीकाराम, २०५९, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, दाङ : अतिरिक्त प्रकाशन ।

आचार्य, भागवत (सम्पा.) २०६४, **नेपाली गजल विगत र वर्तमान**, काठमाडौँ : अनाममण्डली ।

ओझा, धनेन्द्र, २०६३, **बहरमाला**, काठमाडौँ : अनाममण्डली ।

एटम, नेत्र, २०६०, **भित्र कतै दुख्छ भन**, काठमाडौँ : दोभान प्रकाशन ।

उदासी, टीकाराम, २०५९, '**गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, दाङ : अतिरिक्त प्रकाशन ।

किरण, प्रभाती (सम्पा.) २०६४, **नेपाली गजल विगत र वर्तमान**, काठमाडौँ : अनाममण्डली ।

गौतम, कृष्ण, २०५१, नेपाली गजल : पृष्ठभूमि, परम्परा र मूल्याङ्कन, **गरिमा** वर्ष १२, अङ्क बैशाख ५, पृ. १४-२५ ।

गोर्खाली, रमेश, २०५४, "विकासवादी नेपाली गजल र अब्बल प्रतिभा घनश्याम परिश्रमी" गजल, काठमाडौँ : प्रवाह परिवार, पृ.१७-२० ।

त्यागी, अमर, २०५५, 'नेपाली गजल परम्परा र प्रवृत्ति', **मधुपर्क** वर्ष ३१, अङ्क ४, पृ. २४०-२४४ ।

दुवाल, मोहन, २०६२, "बूँद राना एक समसामयिक गजलकार", **जनमत साहित्यिक मासिक** वर्ष २२ अङ्क ११ पृ.२८ ।

____ ,____, २०५६, **बाँसुरीमा आँसुको गीत**, कलैया : देवकोटा स्मृति सभा ।

न्यौपाने, घनश्याम 'परिश्रमी' २०६६, **गजल सौन्दर्य मीमांसा**, भैरहवा : सन साइन आवासीय उच्च माध्यमिक विद्यालय ।

____ ,____, २०६६, **गजल सौन्दर्य भीमांसा** (दोस्रो संस्करण), काठमाडौँ : सङ्गम पब्लिकेशन ।

____ ,____, २०६०, **जून चुहेको रात**, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

____ ,____, २०६२, "बूँद रानाका गजलहरूको सङ्क्षिप्त अध्ययन", **यथार्थवादी नेपाली समालोचना**, पोखरा : गण्डकी साहित्य सङ्गम, पृ.२८०-२९२ ।

____ ,____, २०६१, "गजल : शिल्प शैली र रचना विधान", **अनुराग**-४ (गजल विशेषाङ्क) पृ. ४-३० ।

____ ,____, २०६३, "गजलमा मात्रा गिरावट : सङ्क्षिप्त चर्चा", **पलाँस** १३ (असोज कार्तिक) पृ.३-६ ।

____ ,____, २०६३, "गजल परिचय र रचना विधि", **मिर्मिरे** २५५, पृ.१५-२८ ।

नेपाल, देवी, २०६२ **छन्दपराग**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पन्थी, देवी, २०५९, **गजल सिद्धान्त र समालोचना**, विराटनगर : विविध, वाङ्मय प्रकाशन ।

पन्त, भरतराज, २०५१, 'नेपाली गजल प्रारम्भदेखि वर्तमानसम्म', **मधुपर्क,** वर्ष २७, अङ्क ६, पृ. ५-९ ।

पाण्डे, सृजना, २०६७, "**यो मौसम** गजलसङ्ग्रहको कृतिपरक अध्ययन", त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

पाण्डे, सावित्री २०६०, "साहित्यकार बूँद रानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", काठमाडौँ : त्रि.वि. स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

पौडेल, गोपाल २०६२, "बूँद रानाको गजलकारिताको अध्ययन, विश्लेषण र मूल्याङ्कन", तानसेन पाल्पा : त्रिभुवन बहुमुखी क्याम्पस, स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

पौडेल, ज्ञानुवाकार, २०४९, **खण्डहर नयाँ-नयाँ**, काठमाडौँ : साझा प्रकाशन ।

पुन, प्रतिभा, २०६५, "घनश्याम न्यौपाने 'परिश्रमी'को समालोचनाकारिता", त्रि.वि.भैरहवा बहुमुखी क्याम्पसमा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

बराल, कृष्णहरि, २०६४, **गजल सिद्धान्त र परम्परा**, काठमाडौँ : साझा प्रकाशन ।

बस्याल, कृष्णप्रसाद, २०६२, "डा.घनश्याम न्यौपने 'परिश्रमी'को गजलकारिता", त्रि.वि. त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

बास्तोला, होमशंकर, २०८१, "**जून चुहेको रात** : कृति समीक्षा", पूर्वको पशुपति, वर्ष १, अङ्क १, पृ. १८-२० ।

बास्तोला, होमशंकर, २०६१, **घाम हराएको दिन**, विराटनगर : वाणी प्रकाशन ।

ब्राजाकी, मनु, '२०५० गजलगाथा समकालीन **साहित्य** वर्ष ३, अङ्क २, पृ. ४९-५५ ।

____ ,____, २०५१, **गजल गङ्गा,** काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, पुनाराम, २०६७, "रचनाविधानका आधारमा **जून चुहेको रात**का गजलहरूको अध्ययन", त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.)

भट्टराई, घटराज, २०४२, “नेपाली गजल प्रयोग र परम्परा”, **गरिमा**, वर्ष ३, अङ्क १२, पृ. ६४ ।

राना, बूँद, २०६४, “ गजलमा गिजल गाजल”, **पल्लव** वर्ष ४ अङ्क १३, पृ. ५०-५४ ।

**____ ,____**, राना, बूँद, २०५६, **रातो मलाई प्यारो**, काठमाडौँ : राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपाल ।

**____ ,____**, २०६४, **चल्दैछ जिन्दगी**, काठमाडैँ : अनाममण्डली ।

**____ ,____**, २०६७, **छिनोफानो**, बागबजार : सोनू गुरुङ प्रकाशन ।

**____ ,____**, २०५१, **अब किन मान्थिन्,** रूपन्देही : लोकप्रकाशन

**____ ,____**, २०६३, **तिलमा-लेङ्गम**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

**____ ,____**, २०५०, **पुष्टकारी**, काठमाडौँ : ने.रा.प्र. ।

**____ ,____**, २०५८, **खै गुजी**, काठमाडौँ : साझा प्रकाशन ।

**____ ,____**, २०६०, **जुनुमाया**, काठमाडौँ : विविध, वाङ्मय प्रकाशन ।

रावल, ललिजन, २०६५, **प्रतिनिधि नेपाली गजलहरू**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

**____ ,____**, २०६५, **प्रतिनिधि नेपाली गजलह**रू, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

**____ ,____**, ललिजन, (सम्पा.) २०५७, **समकालीन नेपाली गजल**, काठमाडौँ : बगर प्रकाशन ।

**____ ,____**, (सम्पा.) २०५७, **समकालीन नेपाली गजल**, काठमाडौँ : बगर प्रकाशन ।

लामिछाने, कपिल, २०५८, **नेपाली साहित्यको सेरोफेरो** रूपन्देही : कलासदन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, २०५२ शोधविधि, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, रमा, २०३८, ‘गजलबारे केही कुरा’ **मधुपर्क** (वर्ष ४, अङ्क ६-७, पृ. १७७-१७९ ।

साउद, भरत, २०६१, ‘परिश्रम मै ज्यून चाहन्छन् गजल विशेषज्ञ परिश्रमी’, अनुराग वर्ष १, अङ्क ३ बुटवल ।

सुब्बा, विजय, २०६२, “बूँद रानाको गजलप्रवृत्ति”, **जनमत साहित्यिक मासिक** वर्ष २२, अङ्क ११ पृ.१४-१५ ।

सुवेदी, रमेश, २०६१, **मनको तरेलीमा**, दाङ : राप्ती साहित्य परिषद् ।

**____ ,____**, २०६६, **गजल समीक्षा**, काठमाडौँ : दोभान प्रकाशन ।

**____ ,____**, २०५७, विजय सुब्बाका **गीत र गजलहरू**, तेह्रथुम : स्वर अभियान ।

हरिलङ्टक, रमेश, २०६१, **जिन्दगीको कहानीमा**, बुटवल : गजल सागर नेपाल ।